जेठ – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३४, अङ्क ४ | २०८२ जेठ १६-३१ | पूर्णाङ्क ७९०



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री कालीबहादुर साम्पु लिम्बू

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | | इजलास नं. ७ | |
| संयुक्त इजलास | २ | इजलास नं. ८ | |
| इजलास नं. १ | १३ | इजलास नं. ९ | १ |
| इजलास नं. २ | १० | इजलास नं. १० | |
| इजलास नं. ३ | ११ | इजलास नं. ११ | |
| इजलास नं. ४ | | इजलास नं. १२ | |
| इजलास नं. ५ | | इजलास नं. १५ | १ |
| इजलास नं. ६ | १३ | इजलास नं. १७ | १ |
| **जम्मा** | **४९** | **जम्मा** | **३** |

**कूल जम्मा ४९ + ३ = ५२**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८२, जेठ – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.१५०</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - २** |
| १. | जबरजस्ती करणी गरी कर्तव्य ज्यान | नेपाल सरकार वि. कुसुम पौडेल | १ |
| २. | बन्दी प्रत्यक्षीकरण | कमल श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत | २ |
| **इजलास नं. १** | | | **२ – १८** |
| ३. | जबरजस्ती करणी | सम्राट माझी वि. नेपाल सरकार | २ |
| ४. | मानव बेचबिखन तथा ओसारपसार | गौरव भन्ने कृष्ण श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. गौरव भन्ने कृष्ण श्रेष्ठ | ४ |
| ५. | उत्प्रेषण / परमादेश तथा प्रतिषेधसमेत | तिर्थबहादुर बैद्य वि. मध्यपुर थिमी नगरपालिका, भक्तपुरसमेत | ५ |
| ६. | उत्प्रेषण / परमादेशसमेत | रामबहादुर के.सी. वि. नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरबार, काठमाडौंसमेत | ७ |
| ७. | फैसला बदर हक कायम | रामईश्वरप्रसाद यादवसमेत वि. देउकी महतो कोइरी | ८ |
| ८. | अंश चलन | सुदिप परियार वि. मिनु भुषालसमेत | ९ |
| ९. | जबरजस्ती चोरी | नेपाल सरकार वि. दिलकुमार श्रेष्ठ | १० |
| १०. | ठगी | सुजन विश्वकर्मा वि. नेपाल सरकार | ११ |
| ११. | अवैध हुन्डी कारोबार | किरणकुमार गुरुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. किरणकुमार गुरुङ | १२ |
| १२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. महावीर साह, महावीर साह वि. नेपाल सरकार | १४ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गंगाराम राई | १५ |
| १४. | लागु औषध (कोकिन) | Magenthiran Rajah वि. नेपाल सरकार, Alice Joseph वि. नेपाल सरकार | १६ |
| १५. | लागु औषध (हेरोइन) | नेपाल सरकार वि. हरिनाथ कोइरालासमेत | १७ |
| **इजलास नं. २** | | | **१८ – २८** |
| १६. | जबरजस्ती करणी | नेपाल सरकार वि. विक्रम भन्ने विशाल गोले | १८ |
| १७. | मूल्य अभिवृद्धि कर (आ.व. ०६६।०६७) | अर्जुनप्रसाद भट्टराई वि. दीपक अग्रवाल | १९ |

| | | | |
|---|---|---|---|
| १८. | उत्प्रेषणसमेत | अमृत श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत | २० |
| १९. | जग्गा दर्ता | रामप्रसाद आचार्यसमेत वि. दोलखा जिल्ला, सहरे गा.वि.स. वडा नं. ५ रिट्ठाबोटस्थित गणेश थान सामुदायिक वन उपभोक्ता समूहसमेत | २१ |
| २०. | मोटरसाइकल चोरी | यम बहादुर क्षेत्री वि. नेपाल सरकार | २२ |
| २१. | विनाइजाजत वन पैदावार ओसारपसार गरेको | जगत कुँवर वि. नेपाल सरकार | २३ |
| २२. | उत्प्रेषणयुक्त परमादेश | जागेश्वर प्रसाद यादवसमेत, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २४ |
| २३. | उत्प्रेषणसमेत | गणेशमान श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय धादिङसमेत | २६ |
| २४. | उत्प्रेषणसमेत | माधव रानाभाट वि. भूमिसुधार कार्यालय भक्तपुरसमेत | २७ |
| २५. | उत्प्रेषणसमेत | माधव रानाभाट वि. भूमिसुधार कार्यालय भक्तपुरसमेत | २७ |
| **इजलास नं. ३** | | | २८ – ३८ |
| २६. | राहदानी किर्ते | नेपाल सरकार वि. राम राजभण्डारीसमेत | २८ |
| २७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विकु थापा मगरसमेत | २९ |
| २८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. गौबहादुर गुरुङ | ३० |
| २९. | मोटरसाइकल चोरी | अनिल बोहरा वि. नेपाल सरकार | ३१ |
| ३०. | कर्तव्य ज्यान | जोगी जीवन भन्ने पदमलाल सिंह ठगुन्ना वि. नेपाल सरकार | ३२ |
| ३१. | करकाप | नितु पोखरेल शर्मा वि. कविता पन्थी | ३३ |
| ३२. | जबरजस्ती करणी | नेपाल सरकार वि. फिर्केवी भन्ने पूर्ण बहादुर थापा मगर | ३४ |
| ३३. | लिखत बदर | रमेश मग्रान्ती (मंग्राती), वि. रामकृष्ण मग्रान्तीसमेत, सुर्वण अमात्य वि. मिठु मंग्रातिसमेत | ३५ |

| | | | |
|---|---|---|---|
| ३४. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. दिपक मगर | ३६ |
| ३५. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. लटल भन्ने पवन कुमार साह | ३७ |
| ३६. | सवारी ज्यान | नेपाल सरकार वि. कुमार थापासमेत | ३७ |
| **इजलास नं. ६** | | | ३८ – ४९ |
| ३७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रवि पुन मगर, नेपाल सरकार वि. रवि पुन मगर, रवि पुन मगर वि. नेपाल सरकार | ३८ |
| ३८. | कर्तव्य ज्यान | सुरेन्द्र बि.क.समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. छिचीक ठकुरी, लोप्साङ्ग गुरुङ वि. नेपाल सरकार, छिचीक विष्ट ठकुरी वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर सुनारसमेत | ३९ |
| ३९. | बन्दी प्रत्यक्षीकरण | रत्नसिंह रानामगर वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४१ |
| ४०. | लागु औषध डाइजेपाम समेत | नेपाल सरकार वि. सुरेश भन्ने दिपेन्द्र दर्जी परियारसमेत | ४१ |
| ४१. | बन्दी प्रत्यक्षीकरण | मनोज भुजेल वि. महानगरीय प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसमेत | ४२ |
| ४२. | बन्दी प्रत्यक्षीकरण | बिमला मगर भुजेलसमेत वि. महानगरीय प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसमेत | ४३ |
| ४३. | उत्प्रेषणयुक्त परमादेशसमेत | जयहरिनाथ पाण्डे वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ स्थित गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर काठमाडौंसमेत | ४४ |
| ४४. | उत्प्रेषणयुक्त परमादेश | सुमित्रा महर्जन वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | ४५ |

| | | | |
|---|---|---|---|
| ४५. | जबरजस्ती करणीसम्बन्धी कसुर | कुमार बि.क. भन्ने कुमार कामी वि. नेपाल सरकार | ४५ |
| ४६. | जबरजस्ती करणी कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेम भन्ने पितबहादुर यरी | ४६ |
| ४७. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. श्वेता सिंह सुनार | ४७ |
| ४८. | जालसाजी | देवी प्रसाद अहिरसमेत वि. गोपी अहिर | ४८ |
| ४९. | बाटो निकास खुलाई कुलोपानी निकास कायम गरिपाऊँ | भगवान अधिकारी वि. चन्द्रमणि अधिकारी, चन्द्रमणि अधिकारी वि. भगवान अधिकारी | ४८ |

| | | | |
|---|---|---|---|
| **इजलास नं. ९** | | | **४९ – ५०** |
| ५०. | राहदानी दुरूपयोग | देवीप्रसाद काफ्ले वि. नेपाल सरकार, कुमार पुरी वि. नेपाल सरकार, पूर्णबहादुर मगर वि. नेपाल सरकार | ४९ |
| **इजलास नं. १५** | | | **५० – ५१** |
| ५१. | परमादेश | पूनम थापा वि. तनहुँ जिल्ला भिमाद नगरपालिकाको कार्यालयसमेत | ५० |
| **इजलास नं. १७** | | | **५१ – ५२** |
| ५२. | परमादेशसमेत | तौसीफ अन्सारीसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत | ५१ |

## संयुक्त इजलास

**१**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RC-०१४८, जबरजस्ती करणी गरी कर्तव्य ज्यान, नेपाल सरकार वि. कुसुम पौडेल*

प्रतिवादी कुसुम पौडेलले आफ्नो एउटा हातले मृतक श्रेया वि.क. को सुरुवाल खोली आफ्नो दाहिने हातको चोर औँला निजको योनिमा घुसाई ४/५ पटक भित्रबाहिर गरेको छु भनी अनुसन्धान अधिकारी तथा सुरू अदालतसमक्षको बयानमा लेखाई पूर्णरूपमा स्वीकार गरेको सन्दर्भमा निजको उक्त स्वीकारी बयान, मृतक श्रेया बि.क. को शरीरको तल्लो भागमा लगाएका कपडा घुँडामुनि झरेको, योनिमा केही रगतजस्तो पातलो तरल पदार्थ लतपतिएको र योनि केही सुन्निएको भन्ने लास जाँच मुचुल्काबाट वारदात घटित भएको स्थापित हुन आएको पाइन्छ। मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(ग) मा "गुदद्वार वा मुखमा लिङ्ग पसाएमा, गुदद्वार, मुख वा योनिमा लिङ्ग केही मात्र पसेको भएमा, लिङ्गबाहेक अन्य कुनै वस्तु योनिमा प्रवेश गराएमा पनि जबरजस्ती करणी गरेको मानिने" भन्ने कानूनी व्यवस्था रहेको मा प्रतिवादीको उक्त स्वीकारी बयान बेहोरा, अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरूबाट पुष्टि हुन आएको मिसिल संलग्न कागजातहरूबाट देखिँदा सुरू जिल्ला अदालत तथा उच्च अदालत पोखराबाट निज प्रतिवादी कुसुम पौडेलको उक्त कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(१) र २१९(२)(ग) बमोजिम सदर गर्ने गरेको फैसला मिलेकै देखिने ।

सुरू जिल्ला अदालतले फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ८(१) र ऐ. दफा ९(१) को कानूनी व्यवस्थाबमोजिम मिति २०७५।९।४ मा सजाय निर्धारण गरेको सुरू अदालतको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७६।३।२ को फैसला मिलेको छ, छैन भन्ने सम्बन्धमा विचार गर्दा मृतक श्रेया वि.क.लाई जबरजस्ती करणी गरी कर्तव्य गरी मारेको मा एकीकृत कसुर कायम भएकोतर्फ हेर्दा मृतक वर्ष ९ की नाबालिका रहेको र निजलाई जबरजस्ती करणी गरी निर्मम तरिकाले हत्या गरी जघन्य कसुर गरेकोले मुलुकी अपराध संहिता, २०७४ को दफा २१९(३)(क) बमोजिम जन्मकैदको कैद सजाय हुने र सोही ऐनको परिच्छेद १२, ज्यानसम्बन्धी कसुरमा दफा १७७(२) उपदफा (१) बमोजिम कसुर गर्ने गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने कानूनी व्यवस्था रहेको पाइन्छ, भने सोही ऐनको दफा ४१ मा "जबरजस्ती करणी गरी ज्यान मारेकोमा त्यस्तो कसुरदारलाई जीवित रहेसम्म कैद गर्नुपर्दछ" भन्ने कानूनी व्यवस्था रहेबाट यी प्रतिवादीलाई मृतक श्रेया बि.क.लाई कर्तव्य गरी ज्यान मारेकोमा दफा १७७(२) बमोजिम जन्मकैद र जबरजस्ती करणी गरी ज्यान मारेकोमा ऐ.ऐ. दफा ४१(च) को कसुर ठहरेकोले कसुरदारलाई जीवित रहेसम्म कैद सजाय हुने ठहऱ्याई भएको सुरू फैसला र मृतकका हकवालाले प्रतिवादी कुसुम पौडेलबाट क्षतिपूर्तिबापत रु. एक लाख पाउने ठहर गरी भएको सुरू फैसला सदर गर्ने गरी भएको उच्च अदालत पोखराको फैसला मिलेकै देखिने।

प्रतिवादीलाई जन्मकैदको सजाय हुने ठहरी फैसला भएको र मुलुकी अपराध संहिता, २०७४ को दफा ४१(च) बमोजिम जीवित रहेसम्म कैद गर्ने गरी गरेको सुरू कास्की जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालत पोखराको मिति २०७६।३।२ को फैसला साधक सदरका लागि मुलुकी अपराध संहिता, २०७४ को दफा १४५(२) बमोजिम पेस गरेको उक्त

फैसला मिलेकै देखिँदा सदर हुने ।
इजलास अधिकृत - डिल्लीराम प्रसाई
इति संवत् २०७९ साल वैशाख २७ गते रोज ३ शुभम्।

**२**

**स.का.मु.प्र.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-०११९, बन्दीप्रत्यक्षीकरण, कमल श्रेष्ठ वि. उच्च अदालत पाटन, हेटौंडा इजलाससमेत*

रिट निवेदक कमल श्रेष्ठसमेतउपर चितवन जिल्ला अदालतमा डाँका मुद्दा चलेको र सो डाँका मुद्दामा मिति २०६९।७।२६ को फैसलाबमोजिम आरोपित कसुरबाट सफाइ पाएको देखिन्छ र सो फैसलाउपर वादी नेपाल सरकारको तत्कालीन पुनरावेदन अदालत हेटौंडामा पुनरावेदन परी पुनरावेदन अदालत हेटौंडाले प्रत्यर्थी झिकाउन मिति २०७०।३।५ मा आदेश गरेको अवस्था तत्कालीन पुनरावेदन अदालत हेटौंडाको फैसलाबाट देखिन्छ । तथापि सो आदेशबमोजिम निवेदकले म्याद पाएको भन्ने मिसिल संलग्न कागजातबाट देखिन आउँदैन । रिट निवेदनको दाबी हेर्दा सो मिति २०७०।३।५ को आदेशबमोजिमको प्रत्यर्थीलाई सूचना जानकारी दिने म्याद आफूले नपाएको, सो पुनरावेदन अदालतको फैसला प्रक्रियामा सहभागी हुन नपाएको, सफाइको मौका नै प्राप्त नगरेको अवस्थामा कसुरदार ठहर भएको भन्ने देखिने।

तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट खडा भएको तायदाती फारामबाट कहिल्यै नसड्ने कागजातको विवरणमा क्र.सं. १० मा कमल श्रेष्ठको म्याद प्रति १ भन्नेसमेत उल्लेख भएको पाइन्छ। निवेदकउपरको प्रत्यर्थी झिकाउने सो म्यादको सम्बन्धमा यस अदालतबाट मिति २०७९।२।११ मा भएको आदेशबमोजिम प्रतिवेदन पेस हुँदा तायदाती फारामको क्र.सं. १० को म्याद नभेटिएको, सो म्याद मिति २०७७।१०।३० मा धुल्याइसकेको र क्र.सं. १६ को पुनरावेदन म्याद मिसिल संलग्न रहेको भन्ने देखिन्छ । मुलुकी ऐन, अदालती बन्दोबस्तको २१ नं.बमोजिम कारणीको नाउँको म्याद, समाहवान वा इतलायनामा कहिल्यै नसडाउने प्रकृतिको देखिन आउँदाआउँदै पनि सो म्याद धुल्याइसकेको भन्ने प्रतिवेदन रहेको पाइन्छ। प्रस्तुत निवेदनका सम्बन्धमा सम्पूर्ण मिसिल कागजात हेर्दा निवेदक कमल श्रेष्ठले तत्कालीन पुनरावेदन अदालत हेटौंडाले मिति २०७०।३।५ मा जारी गरेको निवेदकको नाउँको प्रत्यर्थी झिकाउने आदेश रीतपूर्वक प्राप्त गरेको भन्ने स्थापित हुन सकेको पाइँदैन। निज निवेदकले आफ्नो मुद्दाको नियमित प्रक्रियामा सहभागी भई सुनुवाइको मौका प्राप्त भएको यकिन अवस्था नदेखिने।

निवेदकलाई सुनुवाको मौका नै प्रदान नगरी भएको फैसलाबाट निवेदक थुनामा रहेको देखिएकोले सो थुना गैरकानूनी भई बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई निवेदक थुनामुक्त हुने ठहर्छ । साथै निवेदकउपर तत्कालीन पुनरावेदन अदालत हेटौंडामा डाँका मुद्दामा पुनरावेदन परेको समेत हुनाले सो मुद्दाको प्रत्यर्थी झिकाउने गरी फैसलाको प्रकरण १५ माझ उल्लिखित आदेशको जानकारी प्रत्यर्थी झिकाउने कार्यको प्रयोजनार्थ निवेदकलाई गराई पुनः इन्साफ गर्नु भनी उच्च अदालत पाटन, हेटौंडा इजलासका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत - डिल्लीराम प्रसाई
कम्प्युटर : विकेश गुरागाईँ
इति संवत् २०७९ साल जेष्ठ ३० गते रोज २ शुभम् ।

## इजलास नं. १

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-००११, जबरजस्ती करणी, सम्राट माझी वि. नेपाल सरकार*

जाहेरवालाको जाहेरीमा उल्लेख गरेको

बेहोरा र अदालतमा बकपत्र गर्दा खुलाएको बेहोरा हेर्दा चुरोट खाइसकेपछि म अर्धचेत जस्तो भएँ सोही बेला प्रतिवादीले जबरजस्ती करणी गरे केही बेरपछि रुँदा कराउँदा मुख थुन्यो निजलाई मैले गाली गरेपछि मलाई सोही ठाउँमा छोडी कता गयो म आफ्नो दिदीको घरमा गएँ भन्ने जाहेरी बेहोरा छ भने अदालतमा गरेको बकपत्रमा करणीपछि निजले कसैलाई नभन भनी फकाएर फुपूकोमा पठाइदियो र आफ्ने बाटो लाग्यो म विस्तारै हिँडी न्युरेनी फुपूकोमा आई बसेँ भनी उल्लेख गरेको देखिन्छ । यसबाट करणी गरेपश्चात् प्रतिवादीले मलाई सोही ठाउँमा छाडी गएको भन्ने जाहेरीको भनाइ र करणी गरेपश्चात् प्रतिवादीले मलाई फकाई फुपूको घरमा पठाई निज आफ्नो बाटो लाग्यो भन्ने अदालतमा गरेको बकपत्रको भनाइ एकापसमा विरोधाभाष देखियो । प्रतिवादीले जाहेरवालालाई जबरजस्ती चुरोट खुवाई बेहोस बनाई करणी गरेको भन्ने जाहेरवालाको भनाइतर्फ हेर्दा धुम्रपान अन्य चिजवस्तुजस्तो जबरजस्ती खुवाउन सकिने चिजवस्तु नभई आफैँले प्रयास गरेर सेवन गर्न सकिने सूर्तिजन्य पदार्थ भएकोले प्रतिवादीले जबरजस्ती चुरोट खुवाई बेहोस बनाई मलाई जबरजस्ती करणी गरेको भन्ने जाहेरवालाको भनाइ पनि विस्वासलायक नदेखिने ।

प्रतिवादीले करणी गरेपश्चात् आफू चिच्याएर भाग्न खोज्दा प्रतिवादीले मेरो मुख थुनेको भन्ने जाहेरवालाको भनाइ रहेको भए तापनि जाहेरवाला रोए कराए वा चिच्याएको सुन्ने कोही व्यक्ति रहे भएको नदेखिएको मात्र होइन, इच्छाविपरीत प्रतिवादीले जबरजस्ती करणी गरेको भए जाहेरवालाले प्रतिकार गर्दा निजको शरीरमा सङ्घर्षका कुनै चिह्न, चोट, नीलडाम आदि देखिनुपर्नेमा पीडितको शरीरमा त्यस्तो कुनै दाग चिह्न रहेकोसमेत देखिँदैन । वादी पक्षका साक्षीहरू देखिजान्ने कसैको पनि उपस्थिति देखिँदैन । वारदातको मिति, समय र स्थानमा प्रतिवादीले जाहेरवालालाई चुरोट खुवाई नसामा पारी जबरजस्ती करणी गरी फरार भई गएको भन्ने सुनी थाहा पाएका हौँ भनी घटना विवरण कागज गर्ने कलावती रम्तेल, कृष्ण ढुङ्गाना, मनोहरा पण्डितले एकै मिलानको कागज लेखाइदिएको देखिन्छ भने अदालतमा समेत सोही बेहोरा उल्लेख गरी बकपत्र गरेको देखिन्छ । मौकामा कागज गर्ने व्यक्तिहरूको भनाइबाट निजहरू घटनाका प्रत्यक्षदर्शी नभई सुनी जान्ने व्यक्ति देखिएकोले निजहरूको भनाइ प्रमाणमा ग्रहणयोग्य नदेखिने ।

वारदात मितिमा प्रतिवादी तथा जाहेरवाला एउटै कोठामा रहेको तथ्यमा साबित रही आरोपित कसुरमा इन्कार रही बयान गरेका छन् भने जाहेरवाला मिति २०७०।९।१३ गते र १४ गते म तथा सम्राटको कोठामा सँगै बसेकी थिइन् । भोलिपल्ट काठमाडौंसम्म टिकट काटी निज जाहेरवालालाई पठाएको हो भनी उक्त कोठामा सँगै बस्ने विमल माझीले सुरू अदालतमा बकपत्र गरेको देखिन्छ । मिति २०७०।९।१३ र १४ गते जाहेरवाला सम्राट माझीकै कोठामा बसेको देखेका हौँ भनी प्रतिवादीका साक्षी सिता सिलवाल, रेनका मैनालीले बकपत्र गरेको र सम्राट माझिले जाहेरवालालाई मिति २०७०।९।१५ गते टाटा सुमोको टिकट काटी काठमाडौं पठाएको हो भनी टाटा सुमोको काउन्टरमा काम गर्ने मुरारीराज खरेलले गरी गरिदिएको बकपत्रसमेतबाट प्रतिवादीको इन्कारी बयानलाई पुष्टि र समर्थन गरेको देखिन्छ । जाहेरवालाले आफूसँग विवाह गर्न खोजेको तर मैले पहिलेदेखि प्रेम सम्बन्ध हुँदै आएकी मन्जु माझीलाई मिति २०७०।९।१८ मा प्रेम विवाह गरेपश्चात् सोको रिस साँध्न जाहेरवालाले ममाथि जाहेरी दिएकी हुन् भनी आरोपित कसुरमा इन्कार रही प्रतिवादीले बयान गरेको र उक्त इन्कारी बयान निजका साक्षीहरूको बकपत्रसमेतबाट पुष्टि र समर्थित भएको देखिन आउँछ । जाहेरवाला र प्रतिवादी एकापसका चिनजानका व्यक्ति भएको र निजहरूबिच विवाहको प्रस्तावसमेत चलेको भन्ने

स्वयम् जाहेरवालाको कथनबाट देखिन्छ । मिति २०७०।९।१३ को घटनाका बारेमा जाहेरवालाले मिति २०७०।९।२३ मा मात्र जाहेरी दिएको देखिएबाट प्रतिवादीको उल्लिखित बयानलाई अन्यथा भन्न मिल्ने देखिएन । यसमा उल्लिखित प्रत्यक्षदर्शीहरूको भनाइलाई प्रमाणयोग्य मान्नुपर्ने ।

प्रतिवादी सम्राट माझीले प्रतिवादीले आरोपित कसुर गरेको नदेखिँदा जाहेरी र अभियोगपत्रकै आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहऱ्याउन न्यायोचित नहुने हुँदा यी प्रतिवादी सम्राट माझीले अभियोग दाबीबाट सफाइ पाउने भन्ने बेहोराको सुरू मकवानपुर जिल्ला अदालतको मिति २०७१।०३।११ को फैसला उल्टी भई प्रतिवादी सम्राट माझीलाई जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिम ५ (पाँच) वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम प्रतिवादीबाट पीडितलाई रु.५०,०००।- (पचास हजार) क्षतिपूर्तिसमेत भराइदिने गरी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।१२।२६ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादी सम्राट माझीले अभियोगदाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल मङ्सिर २१ गते रोज ३ शुभम् ।

## ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CR-१२५६, ०७५-CR-१४२३, मानव बेचबिखन तथा ओसारपसार, गौरव भन्ने कृष्ण श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. गौरव भन्ने कृष्ण श्रेष्ठ*

प्रतिवादी गौरव भन्ने कृष्ण श्रेष्ठले नाबालकको परिभाषा मुलुकी ऐन, अ.वं. २४ नं.अनुसार १६ वर्ष नपुगेको भन्ने हुनुपर्नेमा १८ वर्ष नपुगेकोलाई नाबालक भन्ने बुँदा लगाएको न्यायसङ्गत छैन । ११ कक्षा पढेको भनेको निज पीडित (ग) ले बहिनी १५ वर्षकी छन् भनेको कुराबाट समेत १६ वर्ष पुगेको देखिएकोलाई नाबालक भनी परिभाषा गरी मलाई सजाय गरेको फैसला न्यायसङ्गत छैन । ११ कक्षा अध्ययन गर्ने व्यक्तिलाई कसरी फकाए, जबरजस्ती गरेको भए पनौतीदेखि रुपनि सम्म पीडित(ग) कसरी गइन ? कस्लाई काहाँ लगेर बेच्न खोजेको होख ? भन्नेतर्फ बुझ्दै नबुझी फैसला भएको छ । खास गरी ऐनको दफा ४ को २(ख) को कसुर गरेको देखाएको त्यहाँ परिभाषा गरेअनुसार जबरजस्ती कुनै केही गरेको छैन । पीडित (ग) कै बयानअनुसार जाउ भनी गएको देखिएकोमा सुरू अदालत र पु.वे.अ. पाटनबाट भएका दुवै फैसलाहरू उल्टी गरी मलाई सफाइ दिलाइपाउँ भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा प्रतिवादी गौरव भन्ने कृष्ण श्रेष्ठ अभियोग दाबीको कसुर गरेकोमा इन्कार रही बयान गरेको भए तापनि पीडित 'ग'लाई भगाई सप्तरी लिएर गएको तथ्यलाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । निजको अभिभावकको सहमति लिएर गएको भनी भन्न सकेको पनि पाइएन । पीडित 'ग' को बकपत्र एवं मिसिल संलग्न प्रमाण कागजबाट पीडित 'ग' १८ वर्षभन्दा कम उमेरको भएको देखिएको, विद्यालयबाट निजको जन्म मिति २०५४।०७।२८ भनी प्रमाणित गरिएको पत्र रहेको र प्रतिवादी गौरव भन्ने कृष्ण श्रेष्ठले लिएको पुनरावेदन जिकिरमा समेत १८ वर्षभन्दा कम उमेर रहेको तथ्य स्वीकार गरेको पाइन्छ । निजले जिकिर लिएको मुलुकी ऐन,अ.वं.२४ नं. को व्यवस्था कागज गराउने प्रयोजनका लागि भएको व्यवस्था हो । यो सामान्य ऐनको व्यवस्था मात्र हो । विशेष ऐनमा भएको व्यवस्थामा सोही व्यवस्था लागु हुने हुँदा निज पीडित १८ वर्षभन्दा कम उमेरको नाबालक नै मान्नुपर्ने ।

प्रतिवादीले पीडितलाई निजको संरक्षकको मन्जुरीबिना निजहरूको संरक्षकत्वबाट छुटाई लगेकोसम्म पुष्टि भए पनि मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)

(ख) मा उल्लिखित बेहोराअनुरूपको कसुरको कार्य पूरा भइसकेको कुरा वादी पक्षबाट पुष्टि गर्न सकेको देखिएन । प्रतिवादीले पीडितलाई निजको संरक्षकको मन्जुरीबिना संरक्षकत्वबाट छुटाई एक ठाउँबाट अर्को ठाउँमा लैजाने कार्य पूरा गरी मानव ओसार पसारको कार्य गरेको नभई निज प्रतिवादीको उक्त कार्य मानव ओसारपसार गर्ने उद्योगको कसुर गरेको पुष्टि हुने ।

प्रतिवादी गौरव भन्ने कृष्ण श्रेष्ठलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(छ) बमोजिम सात वर्ष कैद गर्ने गरेको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको मिति २०७०/२/१ को फैसला मिलेको नदेखिँदा उक्त फैसला केही उल्टी भई प्रतिवादी गौरव भन्ने कृष्ण श्रेष्ठलाई मानव बेचबिखन तथा ओसार पसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ज) अनुसार सोही दफाको १५(१)(छ) बमोजिम हुने सजायको आधा तीन वर्ष छ महिना कैद हुने गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : राजकुमार दाहाल
कम्प्युटर :- रमला पराजुली
इति संवत् २०७८ साल मङ्सिर २१ गते रोज ३ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-०१२३, उत्प्रेषण / परमादेश तथा प्रतिषेधसमेत, तिर्थबहादुर बैद्य वि. मध्यपुर थिमी नगरपालिका, भक्तपुरसमेत*

प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को दफा ६ ले प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहेको पुरातात्त्विक वस्तुहरूको विवरण दिनेसम्बन्धी व्यवस्था गरी मोफसलका सबै ठाउँका प्रमुख जिल्ला अधिकारीले आफ्नो इलाकामा रहे भएको पुरातात्विक वस्तुहरूको पत्ता लगाई सो वस्तुको संरक्षणकानिमित्त मुख्य पुरातत्व अधिकृतलाई सबै विवरण खोली लेखी पठाउनु पर्छ भन्ने व्यवस्था गरेको छ । उपर्युक्त कानूनी कर्तव्य तोकिएबमोजिम मध्यपुर थिमी नगरपालिका, जिल्ला प्रशासन कार्यालय, भक्तपुर, स्मारक संरक्षण तथा दरबार हेरचाह अड्डा, भक्तपुर, पुरातत्व विभाग जिल्ला प्रशासन कार्यालय भक्तपुर र पुरातत्व विभागसमेतमा उक्त धारा तथा पाटीको संरक्षण सम्बर्धन र पुनः निर्माण गर्ने अधिकार र दायित्व रहेको पाइने ।

उक्त धारा तथा पाटीको संरक्षण सम्बर्धन र पुनः निर्माण गर्नुपर्ने निकायहरूबाट सो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा सो गरेको पाइएन । यसरी जिम्मेवारी पूरा गर्नुपर्ने निकायले जिम्मेवारी पूरा नगरेको मात्र नभई उक्त धारा तथा पाटीको पुनर्निर्माण पूरानो रूपमा नगर्ने आसयको लिखित जवाफ फिराएको देखिन्छ । मध्यपुर थिमी नगरपालिकासमेतको लिखितजवाफमा उक्त पाटी तथा धारा २०१६ सालमा र २०४९ सालमा २ पटक जीर्णोद्धार भइसकेको बेलामा नै आधुनिक निर्माण सामाग्री प्रयोग भई पुरानो स्वरूप परिवर्तन भइसकेको देखिँदा देखिँदै प्राचिन स्मारक संरक्षण ऐन, २०१३बमोजिम पुन: निर्माण गर्नु गराउनु भनी परमादेशको आदेश जारी हुन नसक्ने भन्ने रहेको देखिन्छ । यसबाट निवेदकले निवेदनमा उल्लेख गरेबमोजिम उक्त भत्किएको धारा तथा पाटी पुनर्निर्माण गर्दा पूरानो मौलिकताको स्वरूपको संरक्षण नगरी पुनर्निर्माण गर्न मुख्य सरोकारवाला ठिमी नगरपालिकासमेत लागेको सो नगरपालिकाको लिखित जवाफबाट समेत स्पष्ट हुने ।

पुरातात्त्विक महत्त्वको पाटी तथा धारा सडक विस्तारको नाममा सार्वजनिक निकाय, वा अधिकारीबाट भत्काउन गरेको निर्णय वा अन्तिम आदेश त्रुटिपूर्ण भएको छ । उक्त निर्णय वा आदेशबाट त्यस क्षेत्रमा रहेका सरोकारवाला व्यक्तिहरूको हक

अधिकारमा समेत असर पारेको देखिन्छ। पुरातात्त्विक महत्त्वको पाटी तथा धारा भत्काउन गरेको निर्णय वा अन्तिम आदेशउपर पुनरावेदन लाग्ने व्यवस्थासमेत देखिँदैन । अन्य उपचारको व्यवस्था पनि नभएको तथा त्यस्तो उपचारको व्यवस्था भए पनि अपर्याप्त र प्रभावहीन भएको अवस्थामा अदालतले उत्प्रेषणको आदेश जारी गरी त्यस्ता त्रुटिपूर्ण निर्णय बदर गर्न सक्ने नै हुन्छ। निवेदनमा उठाइएको हिटि दुने फाल्चा पिने पाटि पुरातात्विक महत्त्वको देखिएकोले पुरातात्विक महत्त्वको पाटी तथा धारा भत्काई पुर्निर्माण गर्दा प्राचिन स्मारकको स्थान परिवर्तन गरी, पाटी अगाडि र ढुङ्गेधारा पाटी पछाडी पाटीको बिचमा बनेको ढोकाबाट गई पानी पिउने अवस्थाको प्राचीन स्वरूपलाई बिगारी हाल पाटी पछाडी र ढुङ्गेधारा अगाडी निर्माण गरेको कार्य प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को मुल मर्म र भावनाविपरीत भएकोले नेपालको संविधानको धारा १३३(२) बमोजिम उत्प्रेषणको आदेश जारी हुने ।

कुनै सार्वजनिक निकाय वा पदाधिकारीले आफ्नो कानूनबमोजिमको कर्तव्य पूरा गर्न इन्कार गरेको अवस्थामा त्यस्तो निकाय वा पदाधिकारीलाई कानूनबमोजिम कर्तव्य निर्वाह गर्ने गराउने प्रयोजनका लागि परमादेश जारी हुने हो। उक्त हिटि दुने फाल्चा पिने धारा तथा पाटी पुरातात्विक महत्त्वको देखिएको र प्राचिन स्मारकको मर्मत तथा जिर्णोद्धार गर्दा स्मारकको मौलिकता, संवेदनशीलता, राष्ट्रिय कला र संस्कृतिको संरक्षण गरी अनुसन्धानमूलक ढंगबाट स्मारकको मर्मत तथा जिर्णोद्धार गर्नु गराउनु पर्नेमा उक्त धारा तथा पाटीको संरक्षण सम्बर्धन र पुनः निर्माण गर्नुपर्ने निकायहरूबाट सो जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गर्नुपर्नेमा सो गरेको पाइएन। यस अवस्थामा परमादेशको रिट आकर्षित हुने देखिने।

निवेदनमा उठाइएको हिटि दुने फाल्चा पिने पाटी पुरातात्विक महत्त्वको देखिएकोले पुरातात्विक महत्त्वको पाटी तथा धारा भत्काई पुनर्निर्माण गर्दा प्राचिन स्मारकको स्थान परिवर्तन गरी, पाटी अगाडि र ढुङ्गेधारा पाटी पछाडि पाटीको बिचमा बनेको ढोकाबाट गई पानी पिउने अवस्थाको प्राचीन स्वरूपलाई बिगारी हाल पाटी पछाडि र ढुङ्गेधारा अगाडि निर्माण गरेको कार्य प्राचिन स्मारक संरक्षण ऐन, २०१३ को मुल मर्म र भावनाविपरीत भएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। उक्त पुरातात्त्विक महत्त्वको हिटि दुने फाल्चा पिने धारा तथा पाटीको संरक्षणका लागि निम्नबमोजिमका कार्य गरी पुनःनिर्माण गर्नु गराउनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी गरिदिएको छ, सोको जानकारी विपक्षीहरूलाई दिनू।

- उक्त पुरातात्विक महत्त्वको हिटि दुने फाल्चा पिने पाटि भत्काई पुनर्निर्माण गर्दा सडक विस्तारको कार्यमा अवरोध नहुने गरी पुनःनिर्माण गर्ने व्यवस्था मिलाउनू।
- उक्त पाटी तथा धारा पुनः निर्माण गर्दा प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले निर्देशित विधि र प्रक्रियाबमोजिम पुरातात्विक एवं ऐतिहासिक सम्पदाको संरक्षण हुने गरी निर्माण गर्नू, गर्ने व्यवस्था मिलाउनू।
- उक्त पाटी तथा धारा पुनः निर्माण गर्दा मूल अर्थात् मौलिक स्वरूप यथावत् कायम हुने गरी त्यसमा परिवर्तन गर्न नपाउनेगरी पुनःनिर्माण गर्ने व्यवस्था मिलाउनू।
- उक्त हिटि दुने फाल्चा पिने धारा तथा पाटी पुरातात्विक महत्त्वको देखिएकोले पुनः निर्माण गर्दा आधुनिक निर्माण सामग्रीको प्रयोग नगरी निर्माण गर्नु गराउनू।
- उक्त हिटि दुने फाल्चा पिने धारा तथा पाटी पुरातात्त्विक महत्त्वको देखिएको र प्राचीन स्मारकको मर्मत तथा जीर्णोद्धार गर्दा स्मारकको मौलिकता, संवेदनशीलता,

राष्ट्रिय कला र संस्कृतिको संरक्षण हुने गरी अनुसन्धानमूलक ढंगबाट स्मारकको मर्मत तथा जीर्णोद्धार गर्नु गराउनू।

इजलास अधिकृत :-राजकुमार दाहाल
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल मङ्सिर २० गते रोज २ शुभम्।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-WO-१२११, उत्प्रेषण / परमादेशसमेत, रामबहादुर के.सी. वि. नेपाल कृषि अनुसन्धान परिषद् सिंहदरबार, काठमाडौंसमेत*

निवेदक रामबहादुर के.सी. कृषि अनुसन्धान परिषद्अन्तर्गत वरिष्ठ वैज्ञानिक एस-४, बाली तथा बागबानी अनुसन्धान निर्देशक पदमा कार्यरत कर्मचारी रहेकोमा विवाद रहेन । निजको शैक्षिक प्रमाणपत्र, चारित्रिक प्रमाणपत्रहरू तथा निजको सिटरोलमा निजको जन्ममिति २०१८।९।१५ उल्लेख भएको देखिन्छ भने जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट मिति २०३६।४।८ मा जारी भएको निज निवेदकको नागरिकतामा निजको उमेर १८ वर्ष भन्ने उल्लेख भएको देखिने।

प्रस्तुत निवेदनमा निज निवेदक रामबहादुर के.सी.ले मिति २०३६।४।८ मा नागरिकता लिँदाको समयमा पूरा जन्ममिति लेख्ने प्रचलन नभई वर्षको आधारमा नागरिकता लेख्ने प्रचलन रहेको निज निवेदकको नागरिकताको प्रतिलिपिबाट देखिनुका साथै यस्तै विवाद रहेको अर्जुनबहादुर थापा विरुद्ध नेपाल कृषि अनुसन्धान परिषद्समेत भएको (०७५-WO-०९५८) मुद्दामा पनि निज निवेदकले नागरिकता लिँदाको मिति २०३३।१।२४ मा नागरिकतामा स्पष्ट जन्ममिति उल्लेख नभई वर्ष उल्लेख भएको देखिँदा तत्कालीन समयमा नागरिकता लिँदा स्पष्ट जन्ममिति लेख्ने प्रचलन नभई वर्ष लेख्ने प्रचलन रहेको थियो भन्ने प्रस्ट देखिने।

मिति २०५८।१०।२३ गते बसेको "परिषद्" को १८ औँ बैठकले उमेरको हद सम्बन्धमा उमेर किटान भएको शैक्षिक योग्यता, चारित्रिक प्रमाण पत्र वा नागरिकताको प्रमाण पत्र वा सेवा प्रवेश गर्दा कर्मचारी आफैँले भरेको वैयक्तिक विवरण फारम (सिटरोल) मध्ये जुन जन्ममिति कायम गर्दा पहिले अवकाश पाउँछ, त्यसैको आधारमा कार्यरत कर्मचारीहरूलाई अवकाश दिने भनी निर्णयबमोजिम मिति २०७८।१।१९ मा अनिवार्य अवकाश सम्बन्धमा पत्र दिएको देखिन्छ । उक्त पत्रको तपसिल खण्डमा रामबहादुर के.सीको सिटरोलमा उल्लेख भएको जन्ममिति २०१८।९।१५, नेपाली नागरिकता प्रमाण पत्रमा उल्लेख भएको जन्ममिति २०१८।४।०८, शैक्षिक योग्यता प्रमाण पत्रमा उल्लेख भएको जन्ममिति २०१८।९।१५ र अनिवार्य अवकाश हुने मिति २०७८।४।८ उल्लेख भएको छ । उक्त निर्णयलाई विचार गरी हेर्दा, यदि कुनै व्यक्तिको जन्ममिति फरक फरक ठाउँमा फरक फरक पर्न गएको भए जुन मिति कायम गर्दा पहिले अवकाश मिति आउँछ त्यसैलाई नै मान्नुपर्ने हुन्छ। तर प्रस्तुत मुद्दाको सन्दर्भमा निवेदक रामबहादुर के.सीले फरक फरक जन्ममिति कायम गरेको नभई निजले पेस गरेको हरेक शैक्षिक प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र तथा सिटरोलमा समेत एकै मिति उल्लेख भएको हुँदा निजको हकमा उक्त मिति २०५८।१०।२३ को निर्णयमा उल्लिखित आधार उपयुक्त नदेखिने।

शैक्षिक प्रमाण पत्र, चारित्रिक प्रमाण पत्र, सिटरोल, राहादानीसमेतमा एउटै मिति उल्लेख भई कागजात पेस भएकोमा केबल नागरिकतामा जन्ममितिको सट्टा वर्ष उल्लेख हुनुले नागरिकता जारी भएको मितिलाई नै जन्म मिति कायम गर्न मिल्ने नदेखिँदा निवेदकले मिति २०३६।४।८ मा लिएको नागरिकताको आधारमा मात्र निजलाई मिति २०७८।४।८ देखि लागु हुने गरिदिएको अवकाश पत्र

कानूनसम्मत नदेखिने।

निवेदक राम बहादुर के.सी.को सेवा अवधि घट्ने गरी अवकाश मिति २०७८।४।८ कायम गरेको मिति २०७८।१।१९ को पत्र, मिति २०७८।४।८ देखि लागु हुने गरी अनिवार्य अवकाश दिने भनी नेपाल कृषि अनुसन्धान परिषद् कार्यकारी निर्देशकस्तरबाट मिति २०७७।२।३० मा भएको निर्णय एवं सो निर्णयको आधारमा अनिवार्य अवकाश दिइएको प.सं.२०७७।७८, च.नं.३७४१ मिति २०७८।३।७ को पत्र सहित मिति २०७८।४।८ मा सेवाबाट अनिवार्य अवकाश दिने सम्बन्धमा भएका काम कारबाहीहरू निवेदक राम बहादुर के.सी.को हकमा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ। अब निवेदकको शैक्षिक योग्यता, चारित्रिक प्रमाणपत्रहरूमा उल्लेख भएको जन्ममिति २०१८।९।१५ लाई आधार मानी निवेदकको अनिवार्य अवकाशको मिति गणना गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल पुस ३० गते रोज ६ शुभम्।

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७१-CI-१०१६, फैसला बदर हक कायम, रामईश्वरप्रसाद यादवसमेत वि. देउकी महतो कोइरी*

सटही अहिरीन जीवित रहेकै अवस्थामा उक्त कि.नं. ३३९ र १५७ का जग्गाहरू मिति २०३१।२।२७ मा र.नं. ५५७६ बाट प्रत्यर्थी/वादी देउकी महतो कोइरीलाई मालपोत कार्यालय मकवानपुरमा राजीनामा लिखत पारित गरिदिएको देखियो। यसरी प्रत्यर्थीले प्रस्तुत जग्गाहरूमा २०३१ सालमा नै सटही अहिरनीबाट राजीनामा लिई हक प्राप्त गरेको देखिन आएको छ। अपुताली पर्नेले जीवित छँदै राजीनामा गरी उक्त कित्ता जग्गाहरू हक छाडिसकेको तर सो राजीनामा अनुसार राजीनामा लिने प्रत्यर्थी/वादीले दाखिल खारेज नामसारी दर्तासम्म गराएको पाइएन । अपुताली पर्नेले आफू जीवित छँदै हक छाडिदिइसकेको सम्पत्तिमा निजको मृत्युपछि हकदारले दाबी गरी अपुताली हक कायम गराउन सक्दैनन्। मृत्यु भई अपुताली पर्दा अपुताली पर्नेको नाममा बाँकी रहेको सम्पत्तिमा मात्र हकवालाले अपुताली हक कायम गराई लिन पाउने हुन्छ । अपुताली पर्नेको हक नै नरहेको सम्पत्तिमा निजको हकवालाले दाबी गर्न नपाउने।

अपुताली पर्ने सटही अहिरीनले आफू जीवित हुँदै मिति २०३१/२/२७ मा प्रत्यर्थी/वादीलाई राजीनामा पारित गरिदिएका कि.नं. ३३९ र १५७ का जग्गाहरू प्रत्यर्थी/वादीले दा.खा. नामसारी गराउन छुटेको हुँदा साबिक दर्ताको आधारमा उक्त जग्गाहरूमा समेत अपुताली हक कायम हुने गरी श्री सर्वोच्च अदालतबाट फैसला भएको देखियो। जसबाट अपुताली पर्ने सटही अहिरीनबाट नै उक्त जग्गाहरू राजीनामा हकछाडी लिने प्रत्यर्थी/वादी देउकी महतो कोइरीको हकमा असर पर्न गएको देखियो। अदालतबाट भएको फैसलाबाट कुनै तेस्रो पक्षको हकमा आघात पर्न गएको अवस्थामा तेस्रो पक्षले त्यस्तो फैसला बदर गराई आफ्नो हक स्थापित गराउन सक्ने नै हुन्छ । यस्तो अवस्थामा पहिला फैसला भई एउटा तथ्य स्थापित भइसकेको भनी तेस्रो पक्षको कानूनअनुसारको हकलाई समाप्त गर्न मिल्दैन। त्यसैले सर्वोच्च अदालतबाट समेत फैसला भई पुनरावेदकहरूको अपुताली हक कायम हुने ठहरी फैसला भइसकेकोले प्रत्यर्थी/वादीले सटही अहिरीन जीवित छँदै राजीनामा गरी लिएको जग्गामा निजको हक नरहेको भनी भन्न मिल्ने देखिएन। तसर्थ प्रत्यर्थी/वादी देउकी महतो कोइरीले मिति २०३१/२/२७ मा र.नं. ५५७६ मालपोत कार्यालय मकवानपुरबाट राजीनामा पारित गरी लिएको उल्लिखित कि.नं. ३३९ र १५७ को जग्गाहरूको समेतको सम्बन्धमा यी पुनरावेदक/प्रतिवादीहरू वादी भई चलेको नामसारी निर्णय बदर,

दर्ता बदर, अपुताली हक कायम मुद्दामा बारा जिल्ला अदालतबाट भएको मिति २०५८।५।२५ को फैसला, सो सदर गर्ने गरेको पुनरावेदन अदालत, हेटौँडाको मिति २०५९।४।१६ को फैसला र उक्त फैसलाहरू उल्टी हुने ठहराएको श्री सर्वोच्च अदालतको मिति २०६६।२।११ को फैसलासमेत उक्त कि.नं. ३३९ र १५७ को हकमा सम्म बदर गरी सो कित्ता जग्गाहरूमा प्रत्यर्थी/प्रतिवादी देउकी महतो कोइरीको हक कायम हुने गरी पुनरावेदन अदालत हेटौँडाबाट भएको फैसला मिलेको नै देखिँदा अन्यथा भन्न नमिल्ने।

वादी दाबी नपुग्ने ठहऱ्याई बारा जिल्ला अदालतबाट मिति २०६९/१०/७ मा भएको फैसला उल्टी गरी रामआधार प्रसाद अहिरसमेत प्रतिवादी द्वारिकाप्रसाद अहिर भई चलेको नामसारी निर्णय बदर, दर्ता बदर, अपुताली हक कायम मुद्दामा बारा जिल्ला अदालतबाट भएको मिति २०५८।५।२५ को फैसला, सो सदर गर्ने गरेको पुनरावेदन अदालत हेटौँडाको मिति २०५९।४।१६ को फैसला र उक्त फैसलाहरू उल्टी हुने ठहराएको श्री सर्वोच्च अदालतको मिति २०६६।२।११ को फैसलासमेत उक्त कि.नं. ३३९ र १५७ को हकमा सम्म बदर गरी सो कित्ता जग्गाहरूमा प्रत्यर्थी/प्रतिवादी देउकी महतो कोइरीको हक कायम हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७१/६/२६ मा भएको फैसला मिलेको नै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- यदुराज शर्मा
कम्प्युटर : रमला पराजुली
इति संवत् २०७८ साल असोज १७ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CI-१४८७, अंश चलन, सुदिप परियार वि. मिनु भुषालसमेत*

वादी प्रतिवादी एकै वंशजका हुन् वा होइनन् भनी यकिन गर्न ललितपुर जिल्ला अदालतबाट DNA परीक्षण गर्न पठाएकोमा DNA परीक्षण गर्ने वरिष्ठ वैज्ञानिक अधिकृत दिनेश कुमार झाले परीक्षण गरिएका रवि भुषाल र सुदिप परियारको DNA मा दुईवटा गुणको मात्र भिन्नता पाइएकोमा थप DNA परीक्षणबाट तीनीहरूबिच १३ वटा DNA मा भिन्नता पाइएकोले एउटै पितृत्व वंशका हुन् भनी विश्वसनीय नतिजामा पुग्न सकिएन। नियमितबाहेक थप परीक्षण गराउनु आवश्यक छ भनी अदालतमा बकपत्र गर्दा लेखाइदिएको पाइन्छ । पुनरावेदन अदालतको आदेशानुसार पुनः एक जनाभन्दा बढी विशेषज्ञबाट DNA परीक्षण गर्ने गरी पठाएकोमा DNA परीक्षण गर्ने प्रमुख वैज्ञानिक अधिकृत दिनेश कुमार झा, वरिष्ठ वैज्ञानिक अधिकृत निराजन थापा क्षेत्री र सहायक वैज्ञानिक अधिकृत बसन्तराज पोखरेलसमेतले एउटै DNA परीक्षण गरिएका रवि भुषाल र सुदिप परियार एउटै पितृत्व वंशका हुन् भनी विश्वसनीय नतिजामा पुग्न सकिएन। उक्त नतिजा एउटा वंशजबाट अर्को वंशजमा सर्ने क्रममा Mutation भएर नमिलेको हो वा निजहरू फरक पितृत्व वंशजका भएकोले हो भन्ने कुरा हाल प्रयोगशालामा उपलब्ध परीक्षण प्रविधिबाट यकिन गर्न सम्भव नभएको, यकिन रायको लागि थप परीक्षण सुविधासहितको प्रविधिबाट परीक्षण गर्नुपर्ने देखिन्छ भनी पुनरावेदन अदालत पाटनमा बकपत्र गर्दा लेखाइदिएको देखियो। यसरी पुनरावेदक/वादी सुदिप परियार र प्रत्यर्थी/प्रतिवादीमध्येका रवि भुषालको DNA परीक्षण गर्दासमेत ठोस रूपमा निजहरू एउटै वंश नाताभित्रको रहेको भन्ने पुष्टि नहुने ।

पुनरावेदक/वादी र प्रत्यर्थी/प्रतिवादीहरू पाँच पुस्तादेखि अलग अलग स्थानमा बस्दै आएको भन्ने पुनरावेदक/वादी पक्षकै भनाइबाट देखिएको छ। पुनरावेदक र प्रत्यर्थी एउटै वंशका अंशियार भएको भए पाँच पुस्तादेखि अलग अलग बस्दा पनि किन अंश भाग नलिई बसेका हुन् भन्ने सम्बन्धमा पुनरावेदक/वादीबाट केही खुल्न आएको छैन। पाँच पुस्तासम्म

अलग स्थानमा रहेको भनिएका व्यक्तिले अहिले आई अंशियार हुँ भनी दाबी गर्दा यकिन र स्पष्ट प्रमाणको आवश्यक पर्नेमा त्यस्तो प्रमाणको अभावमा केवल मौखिक भनाइलाई आधार लिई अंशियार नाताभित्रको भनी भन्न सकिँदैन । कुनै विषयमा दाबी लिने पक्षले सो दाबी पुष्टि हुन सक्ने आधार र प्रमाणहरू पेस गर्न सक्नुपर्ने र त्यस्ता आधार प्रमाणहरूलाई न्यायिक परीक्षणको रोहमा परीक्षण गर्दा सो दाबी पुष्टि हुन सक्ने हुनुपर्दछ । दाबी लिएकै भरमा कुनै तथ्यलाई स्थापित गर्न सकिँदैन । प्रस्तुत विवादमा, माथि उल्लेख भएअनुसार पुनरावेदक/वादीले आफू र प्रत्यर्थी/प्रतिवादीहरू एउटै वंश नाताको अंशियार रहेको भनी दाबी गरेपनि निजले सो सम्बन्धमा कुनै प्रमाण पेस गर्न सकेको पाइएन । निजले फिराद साथ पेस गरेको नागरिकताको प्रमाण पत्रको प्रतिलिपिमा बुबाको नाम मानबहादुर दमाई भनी उल्लेख भएकोमा सोही आधारमा मात्र वंश नाता यकिन हुन सक्ने देखिएन । पुनरावेदक/वादीले उल्लेख गरेको पुस्तेवारीमा प्रत्यर्थी/प्रतिवादी पक्षबाट प्रश्न उठाइएकोमा पुनरावेदक/वादीले आफूले उल्लेख गरेको पुस्तेवारी विवरण नै सही रहेको भनी प्रमाण पेस गर्न नसकेको, साक्षी सर्जमिनका व्यक्तिहरूबाट पनि निजहरू एउटै नाता सम्बन्धका व्यक्ति रहेको भनी खुल्न नआएको र DNA परीक्षणबाट पनि पुनरावेदक/वादी र प्रत्यर्थी/प्रतिवादीहरू एउटै वंशको हो भनी यकिन हुन नसकेकोले पुनरावेदक/वादी र प्रत्यर्थी/प्रतिवादीहरू एउटै वंश नाताभित्रको अंशियारहरू रहेको भनी भन्न सकिएन । यसरी पुनरावेदक/वादीको दाबी पुष्टि हुन नसकेकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू जिल्ला अदालतले गरेको फैसलालाई सदर गरी पुनरावेदन अदालत पाटनबाट भएको फैसला मिलेको नै देखिने ।

वादी दाबी नपुग्ने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१/१०/२९ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७३/७/१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- यदुराज शर्मा

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल असोज १९ गते रोज ३ शुभम् ।

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-१२५२, जबरजस्ती चोरी, नेपाल सरकार वि. दिलकुमार श्रेष्ठ*

मिनबहादुर भन्ने दिल कुमार श्रेष्ठ मिति २०७०।२।२० गते राति मेरो घरको पछाडिको झ्यालबाट चढी मेरो कोठामा आई धारिलो खुकुरी देखाइ कानमा लगाई राखेको मूल्य रु.५२,०००।– बराबरको १ तोलाको सुनको १ जोर वेरुवा रिङ कानबाट लुछी चोरी गरेका हुँदा आवश्यक कारबाही गरिपाउँ भन्ने कान्छीमाया तामाङ्गको जाहेरी परेको देखिन्छ । प्रतिवादी मिलन भन्ने दिलकुमार श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष साबिती बयान गरेको अदालतमा आई बयान गर्दा कसुरमा इन्कार रहेका देखिन्छन् । जाहेरी बेहोरालाई पुष्टि गर्ने अन्य सबुदसमेत वादी पक्षबाट पेस दाखिला हुन सकेको नपाइने ।

प्रतिवादीले वारदातको समयमा आफू वारदातस्थलमा नगएको घरमा परिवारसँग नै रहेको भनी बयान गरेको अवस्थामा वारदातको दिन प्रतिवादी वारदातस्थलमा गएको देख्ने चस्मदित साक्षी रहेको देखिएन । चोरी भएको भनिएको सामान बरामद भएको देखिएन । घटनास्थलबाट खुकुरी बरामद भएको देखिन्छ । प्रतिवादी मिलन भन्ने दिलकुमार श्रेष्ठले अधिकार प्राप्त अधिकारीसमक्ष बरामदित खुकुरी आफ्नो भनी स्वीकार गरेको भए तापनि अदालतमा आई उक्त बरामदित खुकुरी आफ्नो नभएको भनी बयान गरेको देखिन्छ । यस अवस्थामा उक्त बरामदित खुकुरी प्रतिवादीकै हो भनी अन्य स्वतन्त्र प्रमाणबाट प्रमाणित भएको पाइन्न । प्रमाण ऐन, २०३१ को दफा

२५ दाबी प्रमाणित गर्ने भार वादीमा रहेकोमा वादी पक्षबाट प्रतिवादीउपरको कसुर वस्तुनिष्ठ तवरबाट प्रमाणित गर्न नसकेको।

चोरी भएको भनिएको बिगो यी प्रतिवादीबाट बरामद नभएको र घटनास्थलमा बरामद भएको खुकुरी प्रतिवादीको हो भनी प्रमाणित भएको नदेखिएको समेत अवस्थामा केवल जाहेरीको आधारमा मात्र चोरी जस्तो अपराधमा कसुरदार ठहऱ्याउनु न्यायोचित नहुँदा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिर एबम् विद्वान उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसक्ने।

चोरी भएको भनिएको सामान यी प्रतिवादीबाट बरामद नभएको समेतका आधार र कारणबाट प्रतिवादी मिलन भन्ने दिलकुमार श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने गरी सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट मिति २०७०।१०।७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- राजकुमार दाहाल
कम्प्युटर :- रमला पराजुली
इति संवत् २०७८ साल मङ्सिर २१ गते रोज ३ शुभम्।

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१७९५, ठगी, सुजन विश्वकर्मा वि. नेपाल सरकार*

जाहेरवालाहरूको निवेदनपत्र हेर्दा, लगातार ३ महिना काम गर्दा पनि तलब भत्ता नपाएपछि बुझ्दै जाँदा कार्यालय व्यवस्थापनदेखि युनिफर्मसमेत र अन्य भौतिक सामाग्री घर भाडा सबै दिन बाँकी रहेको बुझियो निजको लापरबाही कार्य हो भन्ने महसुस गरी निजलाई हाम्रो तलब भत्ता असुली गर्न सिकिस्त पार्दा मिति २०७१।७।१६ मा मंसिर ५ गतेसम्ममा सबैको तलबभत्ता चुक्ता गर्छु नगरे घरघरानको चल अचल सम्पत्तिमा दाबी गरी असुलउपर गरी लिनु भन्ने मन्जुरीका साथ सर्तनामाको कागज लेखी हामी दुबै तर्फले दोहोरो सही गरी उक्त कागज लिनुदिनु गरी हालसम्म विश्वास गरी पर्खिदै आएका थियौँ मंसिर ४ गतेसम्म फोन सम्पर्कमा काठमाडौं छु आउँछु मिलाउँछु, भन्ने झुट्टा आश्वासनसम्म त थियो त्यस उप्रान्त फोन गर्दा फोनसमेत स्विचअफ भन्न थाल्यो भन्नेसमेत उल्लेख गरेको देखिन्छ। यी पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर हेर्दा, मैले काठमाडौंमा केन्द्रीय कार्यालय रहेको भृकुटी ट्रस्ट नेपाल नामक संस्थासँग समन्वय गरी सो संस्थाका तत्कालीन कार्यकारी प्रमुख भुपेन्द्र ढुङ्गेलसँग सहमिती लिई शिक्षा र स्वास्थ्यको क्षेत्रमा काम गर्ने प्रयोजनको लागि शाखा कार्यालयको संयोजन गरेको र सोबमोजिम जाहेरवालाहरूलाई नियुक्तिपत्र सम्म दिएको हो। केन्द्रबाट कार्यक्रम र बजेटसमेत नआएको हुँदा निजहरूलाई काममा लगाएको होइन र केन्द्रबाट रकम लिई आफूले खाई कर्मचारीको तलब नदिएको होइन। बरू आफूले राखेका कर्मचारीको वेतन दिनुपर्छ भन्ने असल नियतका साथ सर्तनामाको कागज गरी निजहरूलाई रकम भुक्तानी दिने प्रयत्न गर्दा असफल भएपश्चात् आफूसमेत बेरोजगार भई विदेश गएको हुँ। केन्द्रसँग सम्पर्क गरी शाखा कार्यालयको समन्वय गरेको आफैले दर्ता गरी संस्था सञ्चालन नगरेको, केन्द्रबाट रकम लिई कर्मचारीलाई नदिई फरार भएको नभई शाखा कार्यालयमा केन्द्रबाट रकम नआए तापनि एक जिम्मेवार व्यक्तिका हैसियतले तिर्नु बुझाउनुपर्ने रकमका सम्बन्धमा कागज गरिदिएको र विदेशमा भएको कारण अदालतमा उपस्थित हुन नसकेको हुँ भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। यसबाट निज प्रतिवादीले असल नियतले केन्द्रीय कार्यालयसँग समन्वय गरी जिल्लामा शिक्षा स्वास्थ्यको क्षेत्रमा काम गर्ने प्रयोजनार्थ कार्य गरेको देखिने।

निज प्रतिवादीले जाहेरवालाहरूको तलबभत्ता नदिने नियत राखेको र ठगी गर्ने उद्देश्य लिएको भए निजहरूसँग उक्त सर्तनामाको कागज गर्ने अवस्था हुने थिएन । साथै घरभाडा फर्निचर स्टेसनरीका सामानहरूसमेत यी पुनरावेदक प्रतिवादीले लगी भागेको वा खाई मासेको नदेखिँदा ठगी गरेको भन्ने अवस्था देखिन आएन । सोही मुलुकी ऐन, ठगीको महलको ३ नं. मा "ठगिनेले ठगी गर्नेलाई पक्री भाखा तमसुक गराइराखेको रहेछ भने साहू असामीसरह हुन्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिने ।

यसरी पारिश्रमिक पाउने गरी नियुक्ति पाएका जाहेरवालाहरूले यी पुनरावेदक प्रतिवादीसँग असुलउपर गरी लिनुपर्ने रकमका सम्बन्धमा प्रतिवादी र जाहेरवालाहरूका बिचमा लिने दिने भनी सर्तनामाको कागज गरेको भन्ने मिसिल संलग्न निजहरूको निवेदनबाट नै देखिएकोले उक्त सर्तनामाअनुसार कारोबार हुने र यदि नभए उजुरी परेका बखत उसै मुद्दाको रोहबाट हेरी इन्साफ हुने नै हुँदा अभियोग मागदाबीबमोजिम यी पुनरावेदक प्रतिवादीले ठगीको कसुर नगरेको भन्ने नै देखिने ।

पुनरावेदक प्रतिवादी सुजन विश्वकर्माले केन्द्रीय कार्यालयसँग समन्वय गरी जिल्लामा भृकुटी ट्रस्ट नेपाल, शाखा कार्यालय, संखुवासभा नामक संस्था खोलेको भन्ने देखिन आयो । संस्था दर्ता ऐन, २०३४ मा शाखा कार्यालय दर्ता गर्नुपर्ने भन्ने व्यवस्था उक्त ऐनमा कही कतै उल्लेख भए गरेको देखिन आएन । संस्था दर्ता गर्नुपर्ने भन्ने विषय संस्था दर्ता ऐन अन्तरगतको विषय भएकोले संस्था दर्ता नगरी सञ्चालन गरेको सम्बन्धमा मुलुकी ऐन, ठगीको महलको ४ नं. अन्तरगतको कसुर कायम गरी सोहीबमोजिम सजाय गर्न न्यायोचित हुने देखिएन । यस अवस्थामा तत्कालीन पुनरावेदन अदालत धनकुटाबाट यी पुनरावेदक प्रतिवादीले भृकुटी ट्रष्ट नेपाल नामक संस्था दर्ता नगरी खोली कर्मचारीसमेत राखी सञ्चालन गरेकोले ठगीको महलको ४ नं.बमोजिम ४ महिना कैदको सजाय गरेको फैसला मिलेको नदेखिने ।

वादी दाबीबमोजिम प्रतिवादी सुजन विश्वकर्माले मुलुकी ऐन, ठगीको महलको १ नं. र ४ नं.बमोजिमको कसुर गरेको पुष्टि हुन नआएकोले तत्कालीन पुनरावेदन अदालत धनकुटाबाट प्रतिवादी सुजन विश्वकर्माले संस्था नै दर्ता नगरी "भृकुटी ट्रस्ट नेपाल" सञ्चालन गरेको हुँदा निजलाई मुलुकी ऐन, ठगीको महलको ४ नं. बमोजिम चार महिना कैद हुने मिति २०७३।४।३१ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई निज पुनरावेदन प्रतिवादी सुजन विश्वकर्माले अभियोग मागदाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस १९ गते रोज २ शुभम् ।

**११**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-१४११, ०७६-CR-१४१२, अवैध हुन्डी कारोबार, किरणकुमार गुरुङ वि. नेपाल सरकार, नेपाल सरकार वि. किरणकुमार गुरुङ*

बरामदित रकममध्ये दिल सुन्दरबाट रु.१० लाख, बाबुलालबाट रु.२० लाख, रिमा तुलाधरबाट रु.१७ लाख ४० हजार तथा सुरेश मगरबाट रु.१९ लाख ५० हजार गरी जम्मा रु.६६,९०,०००।- ऋण लिएको, रेमिटबाट उठाएको रु.४,५७,९१०।- हो अरु रकम विभिन्न बैंकहरूबाट विभिन्न मितिमा झिकी वितरण गरी बाँकी रहेको रकम हो भनी यी प्रतिवादीले जिकिर लिएको देखिन्छ भने दिल सुन्दर र बाबुलालबाट लिएको रकमको तमसुकको प्रतिलिपि पेस गरेको देखिन्छ । उक्त कम्पनीले कर्जाका रकमहरूलाई नगद डे बुकमा आम्दानी बाँधेको समेत देखिन्छ । यसरी हेर्दा, बरामद भएको रकममध्ये रु.१६,८७,५९०।- के कुन आधार कारणबाट कानूनबमोजिमको रकम देखिएको

हो र अन्य रकम के कुन आधारमा विदेशी विनिमयको अवैध कारोबार हो भन्नेसमेत खुल्न आएको देखिएन। यी प्रतिवादीले विदेशी विनिमय कारोबार गरेको पुष्टि हुने गरी विदेशी मुद्रा बरामद हुन आएको अवस्थासमेत देखिएन। विदेशी विनिमय अवैध रूपमा कारोबार गरी रकम सङ्कलन गरेको हो भनी अभियोजन पक्षले कायम गरेको बिगोको रकमलाई विश्वास गर्नका लागि आधार र कारणहरू स्पस्ट रूपमा खुलाउन सकेको देखिँदैन। यस अवस्थामा वस्तुनिष्ठ आधार र कारण खुलाइ बरामद हुन आएको रकममध्येबाट बिगो कायम गरेको अवस्था मिसिल संलग्न सङ्कलित सबुद प्रमाणबाट पुष्टि हुन आएको देखिएन । विश्वसनीय आधार र कारण बिना प्रतिवादीले विदेशी विनिमयको अवैध कारोबारबाट बरामद हुन आएको रकममध्येबाट रु.७१,४७,९१०।- सङ्कलन भएको हो भनी अनुमानको आधारमा उक्त बिगो कायम गर्न नमिल्ने ।

प्रतिवादीले मौकामा गरेको बयानमा विदेशबाट कहिलेकाहीँ पिनकोडबिनाको रकम आफन्तलाई भुक्तानी गरेको, विदेशमा बस्ने आफन्तले आफूलाई फोन गरी निजका आफन्त व्यक्तिलाई रकम दिन भनेबमोजिम भुक्तानी दिने गरेको हो भन्ने कुरा स्वीकार गरेको अवस्था देखिन्छ। यद्यपि त्यस्तो रकम के-कति थियो ? बरामद हुन आएको नगद रकमबाट त्यसबापत के कति भुक्तानीको लागि दिनुपर्ने थियो अनुसन्धानबाट केही खुलाएको नपाइने।

प्रतिवादीउपर अवैध रूपमा विदेशी मुद्राको कारोबार गरेको ठहर गरी विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) अनुसार प्रतिवादीबाट बरामद भएको रकममध्येको दाबीको बिगो जफत गरी सोबमोजिम जरिबाना गर्न मागदाबी लिइएको देखिन्छ। उक्त ऐनको दफा १७ मा दण्ड सजाय अन्तर्गत (१) मा "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा सो अन्तरगत जारी भएको आदेश वा निर्देशिका वा परिपत्र वा सूचना वा बैङ्कले तोकिदिएको कुनै प्रक्रियाविपरीत कुनै व्यक्तिले कुनै काम गरेमा सो काम गरेबापत भएको कसुरसँग सम्बन्धित विदेशी विनिमय जफत गरी त्यस्तो व्यक्तिलाई बिगोबमोजिमको जरिबाना देखि बिगोको तीन गणुासम्म थप जरिबाना हुने छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीउपर लिइएको मागदाबीको बिगोको हकमा वादी पक्षबाट बस्तुनिष्ठ तर्कसङ्गत आधार कारणहरू उल्लेख नगरी केवल रकम बरामद भएको भन्नेमात्र आधारमा बिगो कायम गरेको देखिँदा वादी पक्षको बिगो कायम हुन नसक्ने भनी माथी नै ठहर भइसकेको अवस्थामा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) अनुसार प्रतिवादीबाट बरामद भएको रकममध्येको दाबीको बिगो जफत गरी सोबमोजिम जरिबाना गर्न मिल्ने अवस्था रहेन। अब, सोही ऐनको दफा १७(२) मा भएको कानूनी व्यवस्था हेर्दा ऐ. ऐनको १७(१) बमोजिम बिगो कायम गर्दा बिगोको रकम खुल्न वा खुलाउन नसकिने अवस्था आइपरेमा कसुरको मात्रा हेरी दुई लाख रूपियाँसम्म जरिबाना हुने छ भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रस्तुत मुद्दामा निज प्रतिवादीले सञ्चालन गरेको निलगिरी रेमिट प्रा.लि. बाट बरामद भएको नेपाली रूपियाँको अङ्क प्रतिवादीले मौकामा साथै अदालतको बयानमा स्वीकारेको देखिन्छ । विदेशी मुद्राको बैकिङ्ग कारोबारबिना नै कहिलेकाहीँ पिनकोडबिना फोन र आदेशको आधारमा नेपालमा बस्ने आफन्तलाई नेपाली रूपियाँ भुक्तानी गरेको भनी मौकामा स्वीकार गरेको देखिन्छ। यसरी अवैध विदेशी विनिमयको कारोबार भएको र हुने गरेको तथ्यसमेतलाई विचार गर्दा यी प्रतिवादीलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(२) को कानूनी व्यवस्थाबमोजिम सजाय गर्नुपर्ने नै देखिन आयो । तसर्थ यी प्रतिवादी किरणकुमार गुरुङलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(२) अनुसार रु.१,००,०००।– (एक लाख) जरिबाना हुने गरी भएको सुरू फैसलालाई सदर कायम

गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट भएको फैसला अन्यथा मान्न नसकिने।

प्रतिवादी किरणकुमार गुरुङले अभियोग माग दाबीको कसुर गरेको ठहर भई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(१) अनुसार प्रतिवादीबाट बरामद भएको रकममध्येको दाबीको बिगो जफत गरी सोबमोजिम जरिबाना गर्न नमिल्ने भएकोले निज प्रतिवादीलाई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १७(२) अनुसार रु.१,००,०००।- जरिबाना हुने, अभियोग मागदाबीअनुसार सोही ऐनको दफा १७(१) बमोजिम सजायसमेत गरिपाँउ भन्ने वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसक्ने भनी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर कायम गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७५।१०।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- नबिन आचार्य
कम्प्युटर :- रमला पराजुली
इति संवत् २०७८ साल पुस १९ गते रोज २ शुभम् ।

**१२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-१७४२, ०७५-CR-००४७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. महावीर साह, महावीर साह वि. नेपाल सरकार*

प्रतिवादी महाविर साहले अनुसन्धान अधिकृतका साथै वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष जाहेरवालाहरू खालिद रेजा, सेख नुरे आलम, मो. सद्दाम हुसेन, सहावुल अन्सारी र मोहम्मद मुजाहिर नटसमेतलाई मैले साउदी अरब नभई मलेसियाको लागी जनही रु.८०,०००।- (असी हजार रूपियाँ) का दरले लिएको हो, उक्त कागजमा भएको ल्याप्चे सही मेरो हो, उक्त रकम म्यानपावरमा दिएको हो र म्यानपावरको नाम फेमस म्यानपावर हो, वैदेशिक रोजगारको लागि मलेशिया पठाई ९ (नौँ) महिना काम गरी भनेको कम्पनी तथा तलब हुँदाहुँदै ३।४ लाख कमाई गरी पासपोर्ट कम्पनी मै छाडी भागी नेपाल आएपछि नयाँ पासपोर्ट बनाई मलाई करकापमा पारी रु.१,४०,०००।- (एकलाख चालीस हजार रूपियाँ) रकम राखी साउदी अरब पठाइदिने भनी कागज गराई उजुरी दर्ता गराएको हो, मैले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमतिपत्र लिएको छैन भनी बयान गरेको देखिन्छ। जहाँसम्म जबरजस्ती कागज गराएको भनी जिकिर लिएको र यी प्रतिवादीका साक्षीले समेत उक्त कुरा लेखाएको देखिए तापनि सो लिखतउपर कहीँकतै उजुर गरी उक्त कागजलाई बदर गराएको समेत देखिदैन साथै उक्त लिखतमा गाउँ समाजका भद्र भलादमी प्रतिष्ठित व्यक्तिहरू एक ठाउँमा बसी छलफल गरी निर्णय गरियो भनी उल्लेख गरिएको छ भने सो लिखतमा भएको सहीछापसमेत निज प्रतिवादीको आफ्नै भएको भनी स्वीकार गरेको देखिन्छ। लिखत कागजमा भएका साक्षीहरू शेख जमसैद र अब्दुल वकिल तथा जाहेरवालाहरू खालिद रेजा, सेख नुरे आलम, मो. सद्दाम हुसेन, सहावुल अन्सारी र मोहम्मद मुजाहिर नटसमेतले अनुसन्धान अधिकृतसमक्ष यी प्रतिवादीलाई वैदेशिक रोजगारीमा जाने प्रयोजनको लागी नै रकम बुझाएको हो भनी कागजसमेत गरिदिएकाबाट उक्त लिखतको कानूनी अस्तित्व कायम रहेको देखिन आयो। यसरी आफैँ सहीछाप गरी भएको लिखतलाई अन्यथा प्रमाणित गराउन नसकेको अवस्थामा जबरजस्ती कागज गराएको भनी लिएको पुनरावेदन जिकिरलाई विश्वास गर्न सकिने अवस्था नरहने।

जाहेरवाला खालिद रेजाले आफ्नो बेहोरा खुलाई जाहेरी दिएको देखिए तापनि वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बकपत्र गर्दा मैले वैदेशिक रोजगारको लागि मलेसिया मुलुक पठाइदिन्छु भनी फेमस मेनपावरका चिरीजीवी बस्याल भन्ने मानिसलाई रु.८०,०००।- (असी हजार रूपियाँ) दिएको हो र

निजले सिद्धबाबा ओभरसिजबाट मलेसिया पठाएका हुन्, तर भनेबमोजिमको काम नपाएका कारण करिब ७।८ महिनापछि नेपाल फर्कीआएको हो। यी प्रतिवादी महाविर साहले फेमस मेनपावर चिनाइदिएको मात्र हो, अरू लेनदेन यिनिसँग भएको होइन भनी बकपत्र गरेको देखिन्छ। कुनै लिखतमा व्यक्त भएका भनाइलाई प्रमाणमा ग्रहण गर्नका लागि निजले अदालतसमक्ष उक्त लिखतको बेहोरालाई पुष्टि गर्नुपर्ने देखिन आउँछ । निज जाहेरवाला खालिद रेजा आफू वैदेशिक रोजगार ठगीमा परेको हो भने अदालतसमक्ष आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी बकपत्र गर्नुपर्नेमा जाहेरी बेहोराको प्रतिकूल बकपत्र गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा १८बमोजिम जाहेरी दिने व्यक्ति अर्थात् जाहेरवाला स्वयम् साक्षीका रूपमा अदालतमा उपस्थित भई आफूले जाहेरी दरखास्तमा लेखाएको कुरालाई अदालतमा बकपत्र गरी समर्थन गरेको स्थितिमा मात्र जाहेरी दरखास्तलाई प्रमाणमा लिन मिल्ने भनी व्याख्या गरेको पाइन्छ। यसप्रकार जाहेरी दरखास्तले त्यतिबेलामात्र प्रमाणको रूप धारण गर्छ जतिबेला जाहेरवालाले आफ्नो जाहेरी बेहोरालाई समर्थन हुने गरी अदालतसमक्ष उपस्थित भई बकपत्र गर्दछ। निज जाहेरवाला खालिद रेजाले आफ्नो जाहेरी दरखास्तको बेहोरा प्रतिकुल अदालतसमक्ष बकपत्र गरेको अवस्थामा निजको हकमा जाहेरी दरखास्तलाई मात्र प्रमाणको रूपमा ग्रहण गरी अभियोग दाबीबमोजिम जरिवाना गर्न मिल्ने देखिएन। तसर्थ, निजको हकमा प्रतिवादीबाट बिगो र हर्जाना भराइदिनुपर्ने अवस्था नदेखिएकाले वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला अन्यथा भन्न सकिएन । नेपाल सरकारको पुनरावेदन जिकिरका साथै उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँगसमेत सहमत हुन नसकिने।

वादी दाबीबमोजिम प्रतिवादी महाविर साहले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० को कसुर गरेको देखिँदा निजलाई ऐ. ऐनको दफा ४३बमोजिम १।६।० (एक वर्ष छ महिना) कैद र रु.१,५०,०००।- (एक लाख पचास हजार रूपियाँ) जरिवाना हुने तथा जाहेरवालाहरू सेख नुरे आलम, मो. सद्दाम हुसेन, सहावुल अन्सारी र मोहम्मद मुजाहिर नटले अभियोग मागदाबीबमोजिमको बिगो र सोको ५०% हर्जानासमेत प्रतिवादीबाट भराइपाउने र खालिद रेजाले न्यायाधिकरणमा बकपत्र गर्दा प्रतिवादीसँग लेनदेन भएको छैन भनी बकपत्र गरेको देखिँदा निजको हकमा प्रतिवादीबाट बिगो र हर्जाना भराइदिनुपर्ने अवस्था देखिएन भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७३।१२।६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- नबिन आचार्य

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल पुस १९ गते रोज २ शुभम् ।

## १३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-RC-००६३, कर्तव्य ज्यान, नेपाल सरकार वि. गंगाराम राई*

किटानी जाहेरी दरखास्त, जाहेरी बेहोरालाई समर्थित हुने गरी भएको जाहेरवालाको बकपत्र, आफूले प्रहार गरेको खुकुरीको चोटका कारण काका रुद्रबहादुर राईको मृत्यु भएको हो भनी कसुरमा साबित रही गरेको प्रतिवादीको बयान, निजको साबितीलाई समर्थित हुने गरी भएको मृतकको Autopsy Report घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्कासमेतका आधार प्रमाणबाट प्रतिवादीले आफ्नै काकालाई टाउकोमा खुकुरीको पछाडिपट्टिको फलामले प्रहार गरी सोही चोटकै कारणबाट मृतकको मृत्यु भएको तथ्यमा विवाद नरहने।

प्रतिवादी गंगाराम राईले आफ्नै काकालाई टाउकोमा खुकुरीको पछाडिपट्टिको फलामले प्रहार गरी उपचारको लागि लाँदै गर्दा बाटोमा सोही चोटकै कारणबाट मृतकको मृत्यु भएको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा, मुलुकी अपराध संहिता, २०७४

को ज्यानसम्बन्धी कसुरको दफा १७७ मा ज्यान मार्ने नियतले कुनै काम गर्न नहुने शीर्षकको उपदफा (१) मा कसैले कसैको नियतपूर्वक ज्यान मार्न वा ज्यान मार्ने कुनै काम गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था रहेको र सोको स्पष्टीकरणमा यस दफाको प्रयोजनका लागि कसैले कसैलाई निजको ज्यान मर्नसक्ने गरी नियतपूर्वक गम्भीर शारीरिक चोट वा क्षति पुऱ्याएकोमा तत्कालै ज्यान नमरी सोही चोटको परिणाम स्वरूप पछि ज्यान मरेमा पनि ज्यान मारेको मानिने छ भन्ने व्यवस्था रहेको देखिन्छ। सोही दफाको उपदफा (२) मा उपदफा(१) बमोजिमको कसुर गर्ने वा गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने व्यवस्था रहेको देखिन्छ। प्रतिवादी गंगाराम राईले रुद्रबहादुर राईलाई टाउको समेतमा प्रहार गरी सख्त घाइते बनाएको र उपचारको लागि स्वास्थ्य केन्द्र चैनपुरमा लैजाँदा बाटोमा नै सोही चोटकै कारणबाट मृतकको मृत्यु भएको पुष्टि भएकोले प्रस्तुत दफा आकर्षित हुने भई निज गंगाराम राईलाई अभियोग दाबीबमोजिम जन्मकैदको सजाय हुने नै देखिने।

प्रस्तुत मुद्दाको सन्दर्भमा तथ्यावलोकन गर्दा प्रस्तुत मुद्दाका प्रतिवादीले मृतकलाई मार्नुपर्ने मनसाय र कारण एवं आसय पनि देखिन आएन। मृतक प्रतिवादीको आफ्नै काका नाताको रहेको र प्रतिवादीले नै मृतक काकाको संरक्षण गरेको देखिन्छ। मृतक र प्रतिवादीका बिचमा सामान्य दुध दुहुने विषयमा विवाद भई मृतकले लट्ठिले प्रतिवादीको टाउकामा हानेपश्चात् प्रतिवादी लडेको र उठेपछि फेरी हिर्काउन लागेकोले रिस थाम्न नसकी खुकुरीको धारपट्टिबाट नभई बिँडपट्टिबाट प्रहार गरेको देखिन्छ। प्रतिवादीले अनुसन्धान तथा अदालतमा समेत कसुर स्वीकार गरी न्यायिक प्रकृयालाई सहयोग पुऱ्याएको र मिसिल संलग्न प्रमाणबाट त्यस्तो साबिती साँचो देखिएको समेत अवस्था विचार गरी फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क (१) बमोजिम १५ (पन्ध्र) वर्ष कैद सजाय गर्ने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४५ बमोजिम उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट व्यक्त गरेको रायसमेत मनासिब नै देखिएकोले सदर हुने ।

इजलास अधिकृत :- राजकुमार दाहाल
कम्प्युटर :- रमला पराजुली
इति संवत् २०७८ साल माघ २३ गते रोज १ शुभम्।

**१४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-०६१०, ०७६-CR-१२९१, लागु औषध (कोकिन), Magenthiran Rajah वि. नेपाल सरकार, Alice Joseph वि. नेपाल सरकार*

प्रतिवादीहरूले आफूले लागु पदार्थ सेवन गर्ने र कारोबार गर्ने व्यक्तिसमेत नभएको भनी कसुरमा इन्कार रही आफूले ल्याएको ब्यागमा लागु औषध रहेको भन्ने थाहा नभएको भने तापनि निजहरूको साथबाट कोकिन लागु औषध बरामद भएको स्वीकार गरेको देखिन्छ। कानूनले लागु औषधको कसुरलाई Possessory Crime को रूपमा परिभाषित गरेको छ। यस मुद्दामा प्रमाणको भार प्रतिवादीमा निहित रहने हुन्छ। मलेसियन नागरिक भई कोकिन १ किलो ५०० ग्राम साथमा लिई नेपालमा आई काठमाडौं ठमेल स्थित कोठा नं.४०७ मा बसी त्यहाँबाट हङकङमा जाने योजनामा रहेको देखिन्छ। कोकिन जस्तो समाजमा गम्भीर असर पुग्ने लागु औषध विदेशबाट ल्याई नेपालमा बसी त्यहाँबाट पुनः विदेश जाने तयारीमा रहेका प्रतिवादीहरूलाई साथिले पठाएको ब्याग लैजान मात्र लागेको, आफूले ल्याएको ब्यागमा लागु औषध रहेको आफूहरूलाई थाहा नभएको भनेतापनि निजहरूको साथबाट १ किलो ५०० ग्राम कोकिन लागु औषध बरामद भएको तथ्यमा विवाद नरहने।

प्रतिवादीहरू Alice Joseph र Magenthiran Rajah ले प्रस्तुत मुद्दामा आफू बसेको होटलको कोठाबाट १ किलो ५०० ग्राम कोकिनसहितको झोला लिने दिने विषयमा कुराकानी

गरिरहेको अवस्थामा पक्राउ परेका हौँ भनी कसुरमा इन्कार रहे पनि तथ्यलाई भने स्वीकार गरेको र निजहरूले उक्त लागु औषध अन्य कसैको हो भनी प्रमाणित गराउन सकेको पनि देखिएन। लागु औषधको परिमाण ठुलो रहेको मलेसियन नागरिक भई कोकिन १ किलो ५०० ग्राम साथमा लिई नेपालमा आई होटलमा बसी त्यहाँबाट पुनः विदेश जाने तयारीमा रहेको देखिएको अवस्थामा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरी भएको फैसला अन्यथा देखिएन । पुनरावेदकहरूले पेस गरेका नजिरसमेत प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन। प्रतिवादीहरू Alice Joseph र Magenthiran Rajah ले लागु औषधको कारोबार नगरेको हुँदा अभियोग दाबीबाट सफाइ पाउँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर तथ्यसङ्गत नदेखिने।

प्रतिवादीहरू Alice Joseph र Magenthiran Rajah लाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ) (ङ) (च) बमोजिमको कसुर अपराधमा सोही ऐनको दफा १४ को उपदफा १ को खण्ड (छ)(३) बमोजिम जनही १७ (सत्र) वर्ष कैद र रु.७,००,०००।- (सात लाख रूपियाँ) जरिवानासमेत हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर हुने गरी उच्च अदालत पाटनबाट मिति २०७६।३।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- राजकुमार दाहाल

कम्प्युटर :- रमला पराजुली

इति संवत् २०७८ साल माघ २३ गते रोज १ शुभम्।

**१५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-CR-१८६८, लागु औषध (हेरोइन), नेपाल सरकार वि. हरिनाथ कोइरालासमेत*

प्रतिवादी हरिनाथ कोइरालाले म लागु औषध ब्राउन सुगर सेवन गर्ने मानिस हुँ ब्राउन सुगर बेचबिखन गर्ने मानिस होइन भनी अदालतमा बयान गरेको भए तापनि बरामद भएको लागु औषध आफूले सेवन गर्न तथा बिक्री गर्न लगेको हो भनी अनुसन्धानमा बयान गरेको र उक्त बयानलाई निजले अन्यथा प्रमाणित गर्न सकेको देखिएन। निज प्रतिवादीबाट ठुलो परिमाणमा लागु औषध बरामद भएको समेतबाट उक्त लागु औषध सेवनका लागि मात्र ल्याएका हुन् भनी मान्नसक्ने देखिएन । यसबाट प्रतिवादी हरिनाथ कोइरालाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को ४(घ)(ङ)(च)अनुरूपको कार्य गरेको पुष्टी भएको देखिँदा निज प्रतिवादी हरिनाथ कोइरालालाई सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिमको सजाय हुने नै देखिने।

बरामदित लागु औषधको बारेमा आफूलाई केही थाहा नभएको भनी प्रतिवादी डिल्लीराम भट्टराईले बयान गरेको र निजबाट कुनै पनि लागु औषध बरामद भएको समेत देखिँदैन। प्रतिवादी हरिनाथ कोइरालासँग पटक पटक फोन सम्पर्क भएको कल डिटेलबाट देखिएको सम्बन्धमा आमाबाबुको पसलबाट हरिनाथ कोइरालाले सामान लगेर नतिरेकोले पटक पटक फोन गरेको भनी प्रतिवादी डिल्लीराम भट्टराईले खुलाएको देखिन्छ । प्रतिवादी डिल्लीराम भट्टराईलाई चिन्दिन भनी प्रतिवेदक प्र.ना.नि. किशोर श्रेष्ठले बकपत्रसमेत गरेको देखिन्छ । प्रतिवादी हरिनाथ कोइरालाले अनुसन्धानको क्रममा प्रतिवादी डिल्लीराम भट्टराईलाई पोल गरेको तर अदालतमा भने निजले पोल गरेको समेत नदेखिने।

लागु औषध खरिद गर्न भनी प्रतिवादी ट्याक्सी चलाउने बाहुन बाजे भन्ने डिल्लीराम भट्टराईसमेतको रकम लिई भारतको पानीटंकी बजारमा गै लागु औषध ब्राउन सुगर खरिद गरी ल्याएको भनी सहप्रतिवादी हरिनाथ कोइरालाले साबिती पोल गरेको र निजहरूबिचमा पटक पटक फोन सम्पर्क भएको कल डिटेलबाट देखिएकोले प्रतिवादी डिल्लीराम भट्टराई लागु औषधको कारोबारमा संलग्न भएको पुष्टि भएको

अवस्थामा निजलाई अभियोग दाबीबाट सफाइ दिने र प्रतिवादी हरिनाथ कोइरालालाई पटके कसुरदार कायम नगर्ने गरी भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी डिल्लीराम भट्टराईले बरामदित लागु औषधको बारेमा आफूलाई केही थाहा नभएको भनी बयान गरेको देखिन्छ । निजबाट कुनै पनि लागु औषध बरामद भएको समेत देखिँदैन । सह प्रतिवादीसगँको फोन सम्पर्कका सम्बन्धमा पसलको सामानको पैसा उठाउन फोन गरेको भनी खुलाएका छन् । निजको आमाबाबुको पसलको रकम उठाउन छोराले सम्पर्क गर्न नसक्ने भन्ने हुँदैन । उक्त फोन सम्पर्क लागु औषधको कारोबारकै लागि भएको हो भन्ने अन्य कुनै सबुद गुजार्न सकेको पनि नदेखिने ।

प्रतिवादी हरिनाथ कोइरालाउपर प्र.ना.नि. किशोर श्रेष्ठको प्रतिवेदनले वादी नेपाल सरकार भएको लागु औषध (हेरोइन) मुद्दामा प्रतिवादी हरिनाथ कोइरालालाई अभियोग दाबी पुग्न नसक्ने ठहरी सफाइ पाउने गरी झापा जिल्ला अदालतबाट भएको फैसला उच्च अदालत बिराटनगर, इलाम इजलासबाट समेत सदर भएको अवस्थामा निज प्रतिवादी हरिनाथ कोइरालालाई पटके कायम गरी सजाय गर्न नमिल्ने ।

प्रतिवादी हरिनाथ कोइरालाले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ)(च) अनुरूपको कार्य गरेको पुष्टि भएको देखिँदा निजलाई सोही ऐनको दफा १४(१)(छ)(२) बमोजिम १०(दश) वर्ष कैद र रु.७५,०००।– जरिवाना हुने, पटकेतर्फ दाबी नपुग्ने र प्रतिवादी बाहुन बाजे भन्ने डिल्लीराम भट्टराईले अभियोग दाबीबाट सफाइ पाउँने ठहराएको सुरू झापा जिल्ला अदालतको फैसला सदर हुने गरी उच्च अदालत बिराटनगर, इलाम इजलासबाट मिति २०७६।९।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- राजकुमार दाहाल
कम्प्युटर :- रमला पराजुली
इति संवत् २०७८ साल माघ २३ गते रोज १ शुभम् ।

## इजलास नं. २

### १६

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-०२६५, जबरजस्ती करणी, नेपाल सरकार वि. विक्रम भन्ने विशाल गोले*

प्रतिवादीउपरको किटानी जाहेरी, पीडितको मौकाको किटानी बयान, पीडितको स्वास्थ्य परीक्षण, पीडित गर्भवती भई बच्चासमेत जन्मी बच्चाको मृत्यु भएको भन्ने तथ्य प्रमाण, प्रतिवादीको अनुसन्धान अधिकारीसमक्ष भएको साबिती बयानसमेतबाट पीडितउपर प्रतिवादीले जबरजस्ती करणी गरेको पुष्टि भइरहेको छ । पछि अदालतमा आएर प्रतिवादीले पीडितलाई जबरजस्ती करणी गरेकै होइन भनी पीडित, प्रतिवादी, जाहेरवालासमेतका व्यक्तिले गरेको बयान बकपत्र तथ्य प्रमाणले विश्वासयुक्त देखिन आउँदैन । अन्य स्वतन्त्र प्रमाणको कसिबाट खम्बिर हुन नसकेका केवल प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिने उद्देश्यले अभिप्रेरित साक्षीका यस्ता बनावटी भनाइलाई आधार लिई प्रतिवादीलाई कसुरबाट उन्मुक्ति दिन मिल्ने हुँदैन । तसर्थ, प्रतिवादीले पीडितउपर जबरजस्ती करणीको कसुर गरेको देखिने ।

साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(३) नं. मा चौध वर्ष वा सोभन्दा बढी सोह्र वर्षभन्दा कम उमेरको बालिकालाई जबरजस्ती करणी गर्नेलाई छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुने प्रावधान भएको पाइन्छ । प्रतिवादी २८ वर्ष उमेरको, पेसा, व्यवसाय गरी बसेको व्यक्ति रहेको भन्ने देखिन्छ । निज पहिले पनि कुनै कसुरमा अदालतबाट कसुरदार ठहर भएको व्यक्ति रहेको भनी खुल्न आएको छैन । निज प्रतिवादीलाई प्रस्तुत कसुर गरेबापतको सजाय भुक्तान गरी पुनः समाजमा पुनर्स्थापित भई सामान्य नागरिकको रूपमा जीवन यापन गर्ने यथेष्ट समय रहे, भएको देखिन्छ । मुलतः सजायको प्रयोजन

कसुरदारलाई अपराधप्रति जिम्मेवार बनाउँदै निजलाई सुधार हुने मौका प्रदान गर्नु पनि हो । यस दृष्टिबाट, पीडितलाई जबरजस्ती करणी गर्ने प्रतिवादी बिक्रम भन्ने विशाल गोलेलाई उल्लिखित ३(३) नं.बमोजिम छ वर्षदेखि दश वर्षसम्म कैद सजाय हुनेमा निज प्रतिवादीलाई न्यूनतम छ वर्ष कैद सजाय गर्दा नै उपयुक्त हुने देखिने ।

प्रतिवादी विशाल गोलेको नाउँमा झापा जिल्ला, बुधबारे, २ख, कि.नं. ४५३५, १६०२, ३९३६ समेतका ६३०० वर्गमिटरभन्दा बढी जग्गा जमिन रहेको मिसिल संलग्न जग्गाधनी प्रमाण पुर्जाको प्रमाणित प्रतिलिपिबाट देखिन आएको छ । यसबाट प्रतिवादीकै सम्पत्तिबाट पीडितलाई क्षतिपूर्ति उपलब्ध हुन सक्ने देखिन आउँछ । पीडित कलिलो उमेरको बालिका रहेको, निज पीडितको शिक्षादिक्षाको चरण प्रारम्भिक अवस्थामा नै रहेको देखिएको अवस्था छ । पीडितउपर भएको जबरजस्ती करणीको कसुरबाट निजलाई पुग्न गएको हानी तथा यातनाको पूर्ण परिपूरण हुन सक्ने नदेखिए तापनि निज पीडितको जीवनयापनमा थप सहजता प्रदान गरिदिनका खातिर क्षतिपूर्तिको सम्बन्धमा उक्त १० नं. मा उल्लिखित कुरालाई समेत विचार गरी हेर्दा प्रतिवादी विक्रम भन्ने विशाल गोलेबाट पीडितलाई क्षतिपूर्तिबापत रू.४,००,०००।– प्रदान गरिदिन उपयुक्त हुने ।

पीडित परिवर्तित नाम ०४-०३-क-१ तथा प्रतिवादी विक्रम भन्ने विशाल गोलेले मौकामा गरिदिएको बयान, पीडितको स्वास्थ्य परीक्षणसमेतबाट प्रतिवादी जबरजस्ती करणीसम्बन्धी कसुरमा कसुरदार रहेको देखिँदा, प्रतिवादीलाई कसुरदार ठहर गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।०२।१४ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी विक्रम भन्ने विशाल गोलेलाई अभियोग दाबीबमोजिम सुरू झापा जिल्ला अदालतबाट मिति २०७३।०७।२४ मा साबिक मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(३) नं. को कसुरमा सोही महलको ३(३) नं. बमोजिम ६ (छ) वर्ष कैद सजाय हुने र सोही महलको १० नं. बमोजिम निज प्रतिवादीबाट पीडितले रु.४,००,०००।– (चार लाख रूपियाँ) क्षतिपूर्तिबापत भराइपाउने ठहर्‍याई भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल जेष्ठ १३ गते रोज ६ शुभम् ।

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-RB-०००६, मूल्य अभिवृद्धि कर (आ.व. ०६६।०६७), अर्जुनप्रसाद भट्टराई वि. दीपक अग्रवाल*

प्रत्यर्थी करदाता दीप इम्पेक्स इन्टरनेसनलको आ.व.२०६६।०६७ को मूल्य अभिवृद्धि कर सम्बन्धमा आन्तरिक राजस्व कार्यालय वीरगन्जबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ख) बमोजिम कर निर्धारण गरी ऐ. ऐनको दफा २९(१क) बमोजिम जरिवानासमेत गरी जम्मा रु.५,२८,२२७।- को मिति २०६८।१२।१२ मा प्रारम्भिक तथा मिति २०६८।१२।२७ मा अन्तिम कर निर्धारण आदेश भएको देखिने ।

सोउपर करदाताले आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिएकोमा विभागबाट ढुवानी खर्चलाई करयोग्य मूल्यमा समावेश गरी कर असुलउपर गर्नुपर्नेमा नगरेको भनी आन्तरिक राजस्व कार्यालयले गरेको कर निर्धारण कानूनसम्मत रहेको देखिँदा करदाताको निवेदन खारेज हुने भनी मिति २०६९।०५।१५ मा निर्णय गरेको पाइने ।

ढुवानी व्यवसाय भन्नाले साधारण अर्थमा एक निश्चि बिविन्दुबाट अर्को बिन्दुसम्म सामान सहज र सुरक्षित तरिकाले पुर्‍याउने व्यवसायलाई

जनाउँछ। कुनै व्यक्ति वा संस्थाको सरसामान ढुवानी गर्नलाई कानूनबमोजिम दर्ता गरी व्यवसायिक रूपमा कार्य गर्न स्थापना भएको संस्था वा व्यवसायीले पुर्‍याउने सेवाबाट सेवा प्रदायकले सामान ढुवानी गर्न लगाउने संस्थासँग निश्चित रकम लिन सक्ने गरी सम्झौता गरेको हुन्छ। सामानहरू ढुवानी गर्ने सेवा प्रदायक ढुवानीकर्ताले दिइएको जिम्मेवारीअनुसार तोकिएका विभिन्न ठाउँ ठाउँमा सामानहरू ढुवानी गर्नुपर्ने हुन्छ। सामान ढुवानी गरेबापत त्यस्तो सेवा प्रदायकले निश्चित सेवा शुल्क लिन सक्ने नै देखिन्छ।

ढुवानीसँग सम्बन्धित सेवा प्रदायकलाई ढुवानी गरेबापत लाग्ने सेवा शुल्क भुक्तानी गरेको सबुत प्रमाण तथा भरपाई प्रत्यर्थी करदाताले पेस दाखिल गरेको मिसिल संलग्न ढुवानी खर्चसम्बन्धी कागजातको फाँटवारीबाट देखिन्छ। सामानहरू ढुवानी गर्नको लागि ढुवानी प्रदायक र प्रत्यर्थी करदाताका बिचमा भएको कारोबारका विवरणहरू खुल्ने कागजातहरू पेस दाखिल भइरहेको अवस्थामा सो प्रमाणहरूलाई अधुरो र त्रुटिपूर्ण कर विवरण पेस गरेको भनी अनुमानको आधारमा भन्न नमिल्ने ।

प्रत्यर्थी करदाता दीप इम्पेक्स इन्टरनेसनललाई आपूर्तिसँग सम्बन्धित ढुवानी रु.३२,५०,६२०।८४ को १३% ले हुने मूल्य अभिवृद्धि कर रु.४,२२,५८१।- र सोको जरिवाना रु.१,०५,६४६।- गरी जम्मा रु.५,२८,२२७।- अन्तिम कर निर्धारण गरेको आन्तरिक राजस्व कार्यालय वीरगन्जको मिति २०६८।१२।२७ को निर्णय र सोलाई सदर गरेको आन्तरिक राजस्व विभाग काठमाडौंको मिति २०६९।०५।१५ को निर्णय बदर हुने ठहर गरेको राजस्व न्यायाधिकरण काठमाडौंको मिति २०७०।१०।०७ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत
कम्प्युटर : विकेश गुरागाई
इति संवत् २०७९ साल कार्तिक २८ गते रोज २ शुभम्।

- यसै लगाउको ०७४-RB-०००७, मूल्य अभिवृद्धि कर (आ.व. ०६६।०६७), अर्जुनप्रसाद भट्टराई वि. दीप इम्पेक्स इन्टरनेसनल भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

१८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७४-WO-०५१६, उत्प्रेषणसमेत, अमृत श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसमेत*

निवेदक अमृत श्रेष्ठ र प्रत्यर्थी भरतप्रसाद अर्यालको राजपत्राङ्कित प्रथम श्रेणीको पदको बढुवामा प्राप्ताङ्क बराबर भएको, हालको पदमा अर्थात् राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बढुवा हुँदा दुवैको मिति २०६२।०८।२४ देखि नियुक्ति भएको र सोभन्दा मुनिको पदमा अर्थात् राजपत्राङ्कित तृतीय श्रेणीको पदमा समेत दुवैको मिति २०५२।१।२८ को पत्रबाट नियुक्ति पाएको भन्ने देखिएको अवस्थामा निजामती सेवा नियमावलीको नियम ७७ को खण्ड (क) र (ख) मा उल्लिखित आधारबाट ज्येष्ठता नछुट्टिएकोले सोही नियमको खण्ड (ग) बमोजिम लोकसेवा आयोगको सिफारिसको योग्यताक्रमको आधारमा ज्येष्ठता छुट्याउनुपर्ने देखियो। एकपटक अस्थायी सेवाको अवधि जोडिसकेको र सोको सुविधासमेत प्राप्त गरिसकेको स्थितिमा उक्त नियमावलीको नियम ७७ को खण्ड (क), (ख) र (ग) को प्रयोजनका लागि त्यस्तो अस्थायी सेवाको अवधिबाट ज्येष्ठता निर्धारण गर्नपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिएन। उक्त नियमावलीको नियम ७७(क) अनुसार हाल बहाल रहेको नेपाल इन्जिनियरिङ सेवा, सिभिल समुह, जनरल उपसमूहको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा लोकसेवा आयोगले गरेको सिफारिसमा निवेदक अमृत श्रेष्ठको नाम योग्यताक्रमको ४ नं. मा र प्रत्यर्थी भरतप्रसाद अर्यालको नाम योग्यताक्रमको ५ नं. मा रहेको भन्ने लोकसेवा आयोगको बढुवा सूचनाबाट

देखिन आएकोले निजामती सेवा नियमावली, २०५० को नियम ७७ को खण्ड (ग) बमोजिम निवेदक अमृत श्रेष्ठलाई नै ज्येष्ठता कायम गरी विवादित विज्ञापनमा निवेदक उसै बखत बढुवा हुनुपर्ने नै देखिन आयो । कानूनमा नै स्पष्ट र द्विविधारहित रूपमा ज्येष्ठता निर्धारण गर्ने आधार तय गरिसकेको अवस्थामा सो व्यवस्थालाई अनदेखा गरी विवादित विज्ञापनमा निवेदक उसै बखत बढुवा हुनपर्नेमा सो नगरिएको देखिन आएकोले सो विवादित विज्ञापनको मिति २०७४।१०।८ देखि यी निवेदक अमृत श्रेष्ठको ज्येष्ठता कायम हुने गरी नियुक्ति संशोधन गरी निवेदकलाई दिनुपर्ने मनासिब र न्यायोचित देखिने।

निवेदकले जुन पदमा बढुवा नियुक्ति हुनुपर्ने भनी दाबी लिएका छन् सो पदमा निवेदकको बढुवा नियुक्ति पाइसकेको भन्ने निजले प्राप्त गरेको बढुवा नियुक्तिपत्रबाट देखिएकोले विवादित बढुवा समितिको निर्णय, नियुक्ति उत्प्रेषणको आदेशले बदर गरिरहन परेन । ज्येष्ठताको विषयमा हेर्दा निजामती सेवा नियमावली, २०५० को नियम ७७ ले नै स्पष्ट र बोधगम्य रूपमा ज्येष्ठता निर्धारण गर्ने आधार तय गरिसकेकोमा सो व्यवस्थालाई अन्देखा गरी विवादित विज्ञापनमा निवेदक अमृत श्रेष्ठ उसै बखत बढुवा हुनुपर्नेमा सो नगरिएको देखिन आएको ले निवेदक अमृत श्रेष्ठलाई मिति २०७४।१०।८ देखि राजपत्राङ्कित प्रथम श्रेणीको पदमा निवेदकको ज्येष्ठता गणना गरी निवेदकले मिति २०७८।०१।१५ मा प्राप्त गरेको बढुवा नियुक्तिमा संशोधन गर्नु भनी प्रत्यर्थीहरू १, २, ३, ४ र ५ को नाउँमा परमादेश जारी हुने ।

इजलास अधिकृतः- सबिन कुमार थिङ तामाङ

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०८० साल आषाढ २८ गते रोज ५ शुभम् ।

## १९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७१-CI-१०१०, जग्गा दर्ता, रामप्रसाद आचार्यसमेत वि. दोलखा जिल्ला, सहरे गा.वि.स. वडा नं. ५ रिट्ठाबोटस्थित गणेश थान सामुदायिक वन उपभोक्ता समूहसमेत*

विवादित कि.नं. ९२० र १०८३ जग्गाको जोताहा र जिरह महलमा जङ्गल जनिएको भन्ने फिल्डबुक उतार, विवादित जग्गा वन क्षेत्रकै भएको भन्ने सम्बन्धित सहरे गाउँ विकास समितिको सिफारिसपत्र, राष्ट्रिय वनको प्राकृतिक घना जङ्गल हो भन्ने वन कार्यालयको पत्र, उक्त जग्गाको अवस्थिति र सार्वजनिक प्रयोगको रूपसमेतलाई विचार गर्दा मालपोत कार्यालय दोलखाले विवादित जग्गा सरकारी राष्ट्रिय वन क्षेत्रको देखिएको भनी नेपाल सरकार, गणेश थान सामुदायिक वन उपभोक्ता समूह, सहरे, रिट्ठाबोटे दोलखाको नाउँमा दर्ता गरी पुर्जा दिने भनी मिति २०६९।०६।०९ मा गरेको पाइयो । उक्त निर्णयलाई अन्यथा भन्ने मिल्ने अवस्था नहुँदा उक्त निर्णय सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०५।२९ मा भएको फैसला मिलेकै देखिने।

विवादित जग्गामा वन बुटेन रहेको भन्ने दोलखा जिल्ला अदालतबाट मिति २०४८।०८।२१ मा भएको नक्सा मुचुल्काको न.नं. ७ मा उल्लेख छ। विवादित जग्गा वन क्षेत्रकै भएको भन्ने सम्बन्धित सहरे गाउँ विकास समितिले सिफारिस गरेको देखिन्छ । उक्त जग्गा प्राकृतिक घना जङ्गल भन्ने वन कार्यालय दोलखाको पत्रबाट देखिएको छ । विवादित जग्गामा रहेको उक्त वनलाई स्थानीय समुदायले सार्वजनिक प्रयोग र संरक्षण गरेको स्थिति विद्यमान छ । यसरी विवादित जग्गा यी पुनरावेदक वादीहरूको भोगचलनमा रहेको भन्ने नदेखिई वन बुटेन भएको वन क्षेत्रमा रहेको उक्त जग्गाको अवस्थितिबाट देखिन्छ । साथै यी पुनरावेदक वादीहरूले दाबीको साबिक दर्तावाला शर्मानन्द आचार्यका नामको टापुबारी । २ मुरी उल्लेख भएको लगतबाट सोही सहरे- ५ का कि.नं. ९८५, ९८६, ९८७, ९९९, १०००, १०८२ समेतका जग्गा नापीकै समयमा दर्ता गरिसकेको भन्ने मिसिलबाट

देखिएको छ । लामो समयपछि पुनः सोही लगतबाट विवादित जग्गा दर्ता गरिपाउँ भन्ने पुनरावेदकको दाबी पुग्न सक्ने भरपर्दो आधार देखिन आएन । मालपोत कार्यालय दोलखाले विवादित कि.नं. ९२० र १०८३ को जग्गालाई सरकारी राष्ट्रिय वन क्षेत्रको देखिएको भनी नेपाल सरकार, गणेश थान सामुदायिक वन उपभोक्ता, सहरे रिट्ठाबोटे, दोलखाको नाउँमा दर्ता गरी, जग्गाधनी प्रमाण पुर्जा दिने गरी मिति २०६९।०६।०९ मा गरेको निर्णय सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।०५।२९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७९ साल फाल्गुन २ गते रोज ३ शुभम् ।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-CR-१३०४, मोटरसाइकल चोरी, यम बहादुर क्षेत्री वि. नेपाल सरकार*

चोरी भएको जाहेरवालाको मोटरसाइकल सह-प्रतिवादी मुन्नाप्रसाद सिंहको सगुन मोटरसाइकल वर्कसपबाट बरामद भएको भन्ने प्रस्तुत मुद्दाको बरामदी मुचुल्काबाट देखिएको अवस्था छ । सहप्रतिवादीहरू सदिप कार्की र नविन तामाङ्गले मौकामा तथा अदालतसमक्ष बयान गर्दा आरोपित कसुरमा साबित भई बरामदित मोटरसाइकल प्रतिवादी यम बहादुर क्षेत्रीसमेत भई चोरी गरेका हौँ भनी यी पुनरावेदक प्रतिवादीसमेतलाई पोल गरेको स्थिति छ । यस अवस्थामा यी पुनरावेदक प्रतिवादी यम बहादुर क्षेत्रीसमेत भई जाहेरवालाको ना.४४प७०१ नं. को मोटरसाइकल चोरी गरेको पुष्टि हुन आएकोले निज प्रतिवादी यम बहादुर क्षेत्री उल्लिखित कानूनी प्रावधानबमोजिम चोरीको कसुरमा कसुरदार रहेको देखिने ।

कसुरदारलाई हुने सजाय निर्धारण गर्दा कानूनले तोकेको सजायको दायराभित्र रही सजायको उद्देश्य तथा कसुरको गम्भीरतासमेतलाई विचार गर्नुपर्ने हुन्छ। प्रस्तुत मुद्दामा उल्लिखित दफा २४२ को उपदफा (२) ले तोकेको सजायको सिमाअन्तर्गत नै रही उच्च अदालत पाटन, हेटौंडा इजलासबाट यी पुनरावेदक प्रतिवादीलाई ३ वर्ष कैद र रु.३०,०००।– जरिवाना सजाय हुने ठहर गरी फैसला भएको पाइन्छ । न्यायमै विचलन भएको अवस्थाको विद्यमानता रहेकोमाबाहेक सामान्यतः वारदातको परिवेश, समग्र घटनाको प्रकृति र सन्दर्भ तथा प्रतिवादीको अवस्थासमेतलाई विचार गरी कानूनले तोकेको सीमामा रही तल्लो तहको अदालतबाट ठहर भएको सजायलाई माथिल्लो तहको अदालतबाट परिवर्तन गरिरहनु उपयुक्त पनि हुँदैन । यस दृष्टिबाट, उल्लिखित कानूनको सीमाभित्र रही यी पुनरावेदक प्रतिवादीउपर सजाय निर्धारण गरेको उच्च अदालत पाटन, हेटौंडा इजलासको फैसला मनासिब रहेकोले अन्यथा गरिरहनपर्ने नदेखिँदा प्रस्तुत मुद्दामा प्रत्यर्थी झिकाइरहनपर्ने नदेखिने।

पुनरावेदक प्रतिवादी यम बहादुर क्षेत्रीले अभियोग दाबीबमोजिम जाहेरवालाको ना.४४प७०१ नं. को मोटरसाइकल चोरी गरेको प्रमाणबाट पुष्टि भएको देखिँदा, सुरू चितवन जिल्ला अदालतको मिति २०७७।०६।२२ को फैसला केही उल्टी गरी निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी अपराध संहिता, २०७४ को दफा २४२(२) बमोजिम ३ वर्ष कैद र रु.३०,०००।– जरिवानासम्म हुने ठहऱ्याई उच्च अदालत पाटन, हेटौंडा इजलासबाट मिति २०७८।०८।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : वसन्त प्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल आश्विन ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७८-CR-१३०३, मोटरसाइकल चोरी, यम बहादुर क्षेत्री वि. नेपाल सरकार भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

२१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-०६८६, विनाइजाजत वन पैदावार ओसारपसार गरेको, जगत कुँवर वि. नेपाल सरकार*

मिति २०७१।०४।२७ मा लु.१ज७५० नं. को भोल्का जिपमा लोड भएका साल जातका चिरान ५५ थान काठ सहित हरिनारायण चौधरी र गाडी चालक जगत कुंवरलाई वन कर्मचारीहरूले बरामद गरेको भन्ने बरामदी मुचुल्का रहेको देखिन्छ। प्रतिवादी होम बहादुर चौधरी मौकादेखि नै फरार रहेकोले निजको हकमा प्रस्तुत मुद्दा सुरू अदालतबाटै तामेलीमा रहको पाइन्छ । यी पुनरावेदक प्रतिवादी जगत कुँवरले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा, हरिनारायण चौधरीले काठको बिल छ, भाडा दिन्छु भनेकोले बरामदित काठ निजकै घरबाट लोड गरी ल्याएको भनी बेहोरा लेखाएको देखिन्छ। निजले अदालतसमक्ष बयान गर्दा पनि प्रतिवादी रामधनी थारूबाहेकलाई चिन्दछु, प्रतिवादी होम बहादुर चौधरीले बोलाएर लु.१ज७५० को भोल्का जिप लिएर गएको थिएँ, मैले अवैध काठ भनी जानीजानी लोड गरी ल्याएको हैन, होम बहादुर चौधरीले प्रमाण छ भनेकोले ल्याएको हुँ भनी बेहोरा उल्लेख गरिदिएको पाइने।

अर्का प्रतिवादी हरिनारायण चौधरीले मौकामा बयान गर्दा म काठको मिस्त्री हो, मेरो घरमा रामधनी थारुले साल काठ ल्याएको र झ्याल ढोका तयारी गरी होम बहादुर चौधरीले मुर्गिया बजारसम्म पुऱ्याइदेउ भनेकोले लु.१ज७५० नं. को भोल्गा जिपमा लैजाँदै गर्दा पक्राउ परेको भनी उल्लेख गरेको देखिन्छ । निजले अदालतसमक्ष गरेको बयानमा पनि होम बहादुर चौधरीले जगत कुँवरलाई बोलाएको र जगत कुँवरले लु.१ज७५० नं. को गाडी लिई आएको, काठ रामधनी थारूले कहाँबाट कसरी ल्याएका हुन् मलाई थाहा भएन, २० रूपियाँ फिटमा झ्याल ढोका बनाउन भनेकाले म मिस्त्री भएको ले बनाएको हो, तयार भएका झ्याल, ढोका होम बहादुर चौधरीले गाडीमा लोड गर भनेकाले निजसमेत भई लोड गरी त्यहाँबाट गाडीमा बसी आएको, रामधनी थारू, होम बहादुर चौधरीले हामी मोटरसाइकलमा आउँछौं, प्रमाण कागज हामीसँग छ भनेका थिए भनी बेहोरा लेखाइदिएको पाइने।

बरामदित काठ होम बहादुर चौधरी र रामधनी थारुले काठको मिस्त्रीको काम गर्ने हरिनारायण चौधरीको घरमा झ्याल ढोका बनाउन भनी ल्याई छोडेका र होम बहादुर चौधरीको घरमा लान भनी हरिनारायण चौधरीले बनाएका झ्याल, ढोका गाडीमा राखी मुर्गियातर्फ जाँदै गर्दा काठसमेत बरामद गरिएको भनी प्रतिवादी हरिनारायण चौधरीको साक्षी बम बहादुर चौधरीले बकपत्र गरेको पाइन्छ । प्रतिवादी जगत कुँवरका साक्षी चन्द्र थापाले जगत कुँवरले कसुर नगरी बरामदित काठ होम बहादुर चौधरीले भाडा दिन्छु, काठको बिल भरपाई छ भनेकोले भाडामा बोकी ल्याएका हुन् भनी बकपत्र गरेको पाइन्छ । काठको मिस्त्री रहेका सहप्रतिवादी हरिनारायण चौधरीको घरमा सहप्रतिवादी रामधनी थारूले बरामदित काठ ल्याएको भन्ने देखिन्छ । प्रतिवादी हरिनारायण चौधरीले उक्त गोलीकाठ चिरान गरी झ्यालढोका बनाउनको लागि तयारी बनाएको भन्ने देखिन्छ । तत्पश्चात् सो चिरान काठ बजारसम्म पुऱ्याई दिन भाडाको जिप चलाउने यी पुनरावेदक प्रतिवादी जगत कुँवरको जिप बोलाएको भन्ने तथ्य छ । मौकामा फरार रहेका प्रतिवादी रामधनी थारूले सुरू अदालतमा हाजिर भई बयान गर्दा सहप्रतिवादीहरूलाई चिन्दिनँ, बरामदित काठको बारेमा मलाई केही थाहा छैन भनी बेहोरा लेखाइदिएको पाइए तापनि निजको इन्कारी बयान कुनै पनि प्रमाण कागजबाट समर्थित भएको देखिँदैन। उल्लिखित बयान बकपत्रबाट, प्रतिवादी जगत कुँवरले प्रतिवादी रामधनी थारुले प्रतिवादी हरिनारायण चौधरीको घरमा राखेको काठबाट चिरान गरी बनेको झ्याल ढोका प्रतिवादी होम बहादुर चौधरीले भाडा दिन्छु भनी भनेको आधारमा निजको घरमा लैजानसम्म लागेको भन्ने देखिने।

राष्ट्रिय वन क्षेत्रबाट वन पैदावार हटाउने,

ओसार पसार गर्ने वा बिक्री वितरण गर्ने यी पुनरावेदकको मनसाय रहेको वा निजलाई बरामदित काठ अवैध रहेको जानकारी भएको भनी पुष्टि हुन सकेको छैन। निजलाई बरामदित काठ अवैध रहेको कुरा थाहा थियो भनी विश्वास गर्नुपर्ने कुनै पनि वस्तुनिष्ठ कारण खुल्न सकेको पनि देखिँदैन। प्रस्तुत मुद्दामा प्रतिवादी रामधनी थारु कसुरदार ठहर भएको अवस्था छ, तथापि सहप्रतिवादी कसुरदार देखिँदैमा यी पुनरावेदक जगत कुँवरसमेत गाडी चालक रहेकै कारण स्वतः कसुरदार कायम हुने पनि होइन। यी पुनरावेदक कसुरदार हुन निजउपरको कसुर पनि प्रमाणबाट पुष्टि हुनुपर्ने हुन्छ। प्रत्येक अभियुक्तलाई निजहरूको भूमिकाको गाम्भीर्यसमेतलाई विचार गरी भिन्नता गर्न सकिने हदसम्म फरक छुट्टाई अपराधको जिम्मेवारी वहन गराउनु पर्ने वा निर्दोषलाई आरोपबाट सफाइ प्रदान गर्नुपर्ने।

बरामदित लु.१ज ७५० नं. को जिप जफततर्फ हेर्दा, साबिक वन ऐन, २०४९ को दफा ६६ ले अवैध वन पैदावार ओसारपसार गर्ने कार्यमा संलग्न सवारी साधन जफत हुने कानूनी व्यवस्था गरेको पाइन्छ। बरामदित जिपको सञ्चालक अर्थात् चालक यी पुनरावेदक रहेको भन्ने छ। उक्त जिपको वास्तविक सवारी धनी (नामदर्ता) विष्णु बहादुर थापा र ववित‍ा अर्याल रहेको देखिन्छ। निज सवारी धनीहरूलाई प्रस्तुत मुद्दामा प्रतिवादी नै बनाएको देखिँदैन। निज सवारी धनीहरूलाई मुद्दाको कारबाही क्रममा बुझेको तथा सुनुवाइको मौका दिएको भन्ने खुल्न आएको पनि देखिँदैन। अवैध कार्यमा संलग्न सवारी साधन जफत गर्नु भनेको त्यस्तो कार्यउपर सवारी धनीलाई जिम्मेवार बनाउनु भन्ने हुन्छ। बरामदित सवारी साधनको वास्तविक धनी यस वारदातमा कुनै पनि कोणबाट संलग्न रहेको भनी खुलेको अवस्था छैन। उक्त जिपले अवैध काठ ओसार्ने कार्य गर्दैछ भन्ने कुरा निज सवारी धनीलाई कुनै पनि किसिमबाट जानकारी थियो भनी वादी पक्षले पुष्टि गर्न सकेको पनि देखिँदैन। सवारी धनीले उक्त जिप यी पुनरावेदकलाई सञ्चालन गर्न दिएको भन्ने सम्म खुलेको देखिन्छ। तथापि, उक्त जिप मार्फत बरामदित काठ ओसारपसार गर्ने कार्यमा निज सवारी धनीको अनुमति रहेको देखिएको अवस्था छैन। अर्कोतर्फ, उक्त सवारी साधन सञ्चालन गर्ने यी पुनरावेदक (गाडी चालक) जगत कुँवरले आरोपित कसुरबाट सफाइ पाउने देखिएको छ। यस अवस्थामा बरामदित सवारी साधन जफत हुनु सम्पत्तिसम्बन्धी विधिशास्त्रीय मान्यता विपरीत भई न्यायसम्मत नहुने।

पुनरावेदक प्रतिवादी जगत कुँवरउपरको अभियोग दाबी शंकारहित तवरले पुष्टि हुन सकेको नदेखिँदा, सुरू रुपन्देही जिल्ला अदालतको फैसला आंशिक बदर गरी यी पुनरावेदक प्रतिवादीलाई अभियोग माग दाबीबमोजिम वन ऐन, २०४९ को दफा ४९(घ) को कसुरमा ऐ. ऐनको दफा ५०(१)(घ)(४) बमोजिम ४ महिना कैद र रू.२७,४८४।८० जरिवाना हुने र ऐ. ऐनको दफा ६६ बमोजिम उक्त बरामदित जिप जफत हुनेसमेत ठहर गरेको उच्च अदालत तुलसीपुर, बुटवल इजलासको मिति २०७३।०९।१९ को फैसला यी पुनरावेदक प्रतिवादी जगत कुंवरको हकमा मिलेको नदेखिँदा उल्टी भई निजले आरोपित कसुरबाट सफाइ पाउने तथा बरामदित लु.१ज७५० नं. को जिप जफततर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर गरी सुरू रुपन्देही जिल्ला अदालतबाट मिति २०७२।०३।०९ मा भएको फैसला सदर हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
कम्प्युटर : राधिका घोरासाइने
इति संवत् २०७९ साल आश्विन ७ गते रोज ६ शुभम्।

**२२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७२-WO-०१७६, उत्प्रेषणयुक्त परमादेश, जागेश्वर प्रसाद यादवसमेत, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत*

निवेदकहरू विभिन्न मितिमा स्वास्थ्य मन्त्रालय अन्तर्गत कार्यालयमा स्थायी नियुक्ति पाई

विभिन्न मितिमा स्तरवृद्धि भएका र नेपाल सरकार (मा.मन्त्रिस्तर) को मिति २०७१।११।१३ को निर्णयानुसार विशेष पदस्थापन भएका भन्ने मिसिल संलग्न कागजबाट देखिन्छ । उक्त स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट जारी निवेदकहरूलाई छुट्टा-छुट्टै दिइएको विशेप पदस्थापना भएको पत्रको बेहोरा हेर्दा, "नेपाल सरकार (मन्त्रीस्तरको) मिति २०७१।११।१३ को निर्णयानुसार नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९(ख) अनुसार तपाईंलाई देहायबमोजिम पदस्थापन गरिएको छ। नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ बमोजिम आफूलाई तोकिएको काम कर्तव्य र अधिकार सम्पादन गर्नु हुन जानकारी गराइन्छ" भन्ने उल्लेख गरेको देखिन्छ। उल्लिखित बिशेष पदस्थापनमा निवेदकहरू विभिन्न मितिमा सि.अ.हे.व. अधिकृत पद, छैठौँ तहमा पदस्थापन भएको देखिने।

नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयबाट स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत उप-स्वास्थ्य चौकीको स्तरोन्नती विषयमा प्रस्ताव पेस भई मिति २०७१।०९।२४ मा नेपाल सरकार, मन्त्रिपरिषदबाट निर्णय भएको देखिन्छ । सामान्य प्रशासन मन्त्रालयबाट पेस भएको प्रस्तावको संक्षिप्त बेहोरामा प्रस्ताव नं. ४ मा निर्णय हुनुपर्ने बेहोरामाः "स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयअन्तर्गत २२०५ स्वास्थ्य चौकीहरूको संलग्न अनुसूची १बमोजिमको संगठन संरचना, अनुसूची २बमोजिमको दरवन्दी तेरीज र अनुसूची ३बमोजिमको स्वास्थ्य चौकीहरू रहने स्थानको विवरण स्वीकृति गर्ने" उल्लेख गरेको र सोबमोजिम अनुसूची १ मा प्रस्तावित सङ्गठन संरचनामा हिमाल र पहाडका स्वास्थ्य चौकीको लागि हे.अ.-१ (श्रेणीगत तहमा सबैभन्दा माथी) त्यसपछि सि.अ.हे.व./अ.हे.व.-२, सि.अ.न.मी./अ.न.मी.-२ र श्रेणीविहीन कर्मचारी-१ रहने गरी प्रस्ताव गरेको देखिन्छ भने उपत्यका र तराइका स्वास्थ्य चौकीको लागि हे.अ.-१ (श्रेणीगत तहमा सबैभन्दा माथि) त्यसपछि सि.अ.हे.व./अ.हे.व.-३, सि.अ.न.मी./अ.न.मी.-२ र श्रेणीविहीन कर्मचारी-१ रहने गरी प्रस्ताव गरेको देखिन्छ। त्यस्तै अनुसूची २ मा हे.अ.पदमा श्रेणी/तह ५,६र ७ रहने र सि.अ.हे.व./अ.हे.व.४,५,६ तथा सि.अ.न.मी./अ.न.मी. ४,५,६ रहने गरी प्रस्तावित दरबन्दि गरेको देखिने।

हेल्थ असिस्टेन्ट भन्दा तहगत संरचनामा सि.अ.हे.व. अधिकृत तह-६ को तह/श्रेणी अगाडि देखिन्छ । मन्त्रिपरिषदबाट मिति २०७१।९।२४ मा भएको सङ्गठन संरचनाको उक्त निर्णयले हेल्थ असिस्टेन्ट पाचौँ तहलाई स्वास्थ्य चौकीको प्रमुख बनाउने र छैठौँ तह सि.अ.हे.व.लाई सहायक भई काम गर्नुपर्ने परिस्थिति सिर्जना हुन जाने देखियो । यस्तो निर्णयबाट कर्मचारीमा वितृष्णा बढ्न जाने तथा कामप्रति लगाव हुननसक्ने तथा पदसोपान अनुकुलसमेत नहुने हुँदा कार्यसम्पादनमा असर पर्न गई समग्र सङ्गठनमा नै असर पर्नेसक्ने देखिन्छ। नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।९।२४ को स्वास्थ्य चौकीको प्रस्तावित सङ्गठन संरचना खडा गर्ने निर्णय स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ अन्तर्गतको अनुसूची-३ को व्यवस्थासँग मेलखान आएको देखिदैन। उक्त मिति २०७१।९।२४ को नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णय कार्यान्वयनमा आएको करिब १० अवधि व्यतीत भएको देखिने।

सरकारी सेवा र अन्य सेवाका कर्मचारीलाई सङ्घ, प्रदेश र स्थानीय तहको सेवामा समायोजन गर्ने सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ जारी भई कर्मचारी समायोजन भई तहसमेत मिलान भएको देखिँदा रिट निवेदकहरूको कर्मचारी समायोजन ऐन बाट नै सम्बोधन भई सकेको अवस्था देखियो। यसै विषयसँग सम्बन्धित निवेदक मन्जु दाहालसमेत र विपक्षी नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय भएको ०७५-WO- ०४३९ को उत्प्रेषण परमादेश रिट निवेदनमा यस अदालतबाट मिति २०७८।०९।२१ मा नेपाल सरकाको मिति २०७१।९।२४ को निर्णय बदर

नहुने तर रिट निवेदकहरूको योग्यता तथा क्षमतालाई दृष्टिगत गरी उचित व्यवस्थापन गर्नु भनी परमादेश जारी हुने भनी आदेश भइसकेको र सोही रिट निवेदमा उल्लिखित आधारबाट निवेदकहरूको हकमा समेत स्वतः आकर्षित भई कार्यायन्वयन हुने नै हुन्छ। साथै प्रस्तुत रिट निवेदन दर्ता भएपछि कर्मचारी समायोजन ऐन, २०७५अनुसार पनि कतिपय कर्मचारीहरू खटिइसकेको अवस्था परिवर्तन भइसकेको सन्दर्भमा समेत विचार गर्दा प्रस्तुत रिट निवेदनको औचित्य रहेको नदेखिँदा खारेज हुने ।

इजलास अधिकृत - लिलाधर सुवेदी

इति संवत् २०७९ साल चैत्र २३ गते रोज ५ शुभम् ।

**२३**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७८-WO-०२२५, उत्प्रेषणसमेत, गणेशमान श्रेष्ठ वि. जिल्ला प्रशासन कार्यालय धादिङसमेत*

निवेदकले निजका नाममा दर्ता रहेको धादिङ जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ८/ ग कि.नं. ८९९ को क्षेत्रफल ०-४-३-१, कि.नं. ९३३ को क्षेत्रफल ०-४-२-३ ३/४ र कि.नं. ११८१ को क्षेत्रफल १-४-३-० रहेको भनी जिकिर लिएको पाइन्छ । सो जग्गाहरू उक्त बुढीगण्डकी जलविद्युत आयोजनाको जलासययुक्त क्षेत्रमा परेको भन्ने कुरा विपक्षीले समेत स्वीकार गरेकै देखिँदा सो विषयमा कुनै विवाद रहेन। मुआब्जा निर्धारण समितिले उक्त जलविद्युत आयोजनाको जलासय क्षेत्रमा पर्ने जग्गाको अधिग्रहणको लागि गरेको यिनै कित्ता जग्गासमेतको मूल्याङ्कनबमोजिमको मुआब्जा रकम निवेदकले मिति २०७७।०३।११ मा बुझिसकेको देखिन्छ । तर उक्त कित्ता जग्गाहरूको पूरै क्षेत्रफलको मुआब्जा प्राप्त नभएको भन्ने नै मूल प्रश्न रहेको सन्दर्भमा मिसिल संलग्न मुआब्जा निर्धारण समितिको मिति २०७६।०८।१५ को निर्णय हेर्दा यी निवेदकको समेत जग्गा रहेको धादिङ जिल्ला सल्यानटार गा.वि.स. वडा नं. ८/ग को मुख्य बजार (क) को सडकका दायाँ बायाँका जग्गाको प्रति आना रु.७,००,०००।- मुआब्जा निर्धारण भएको देखिन्छ। तर मुआब्जा दिँदा लगत कट्टा नभएको सडकसँग जोडिएको कित्ताहरूको हकमा फिल्डमा रहेको सडकको अवस्थालाई आधार मानी बाटोको क्षेत्रफल कटाएर मात्र बाँकी जग्गाको मुआब्जा दिने भनी निर्णय भएको देखिन्छ। निवेदकले थप मुआब्जा माग गरेको जग्गाको सम्बन्धमा फिल्डमा यी विवादित जग्गा बाटोसमेतमा पर्ने पेस हुन आएको नक्सा प्रिन्टबाट देखिन्छ । मुआब्जा निर्धारण गर्दा बाटोलाई आधार मानी जग्गाको मूल्याङ्कन गरेकोमा बाटोमा परेकोबाहेकको जग्गाको मुआब्जा हिसाब गरी यी निवेदकलाई मुआब्जा समितिले रकम बुझाएको अवस्था देखिने।

ब्यक्तिगत जग्गा अधिग्रहण एवं मुआब्जा वितरणसमेतका सन्दर्भमा जग्गा प्राप्ती ऐन, २०३४ को दफा १८(३) को कानूनी व्यवस्था हेर्दा, ऐ. उपदफा (२) बमोजिम परेका उजुरी तेरो मेरो र हकभोगसम्बन्धीबाहेक अरू विषयको भए नेपाल सरकार गृह मन्त्रालयले साधारणतया पन्ध्र दिनभित्र किनारा लगाउन पर्ने छ भनी व्यवस्था रहेको पाइन्छ। मुआब्जाको विषयलाई लिएर यी निवेदकले विपक्षी मुआब्जा निर्धारण समिति, बुढीगण्डकी जलविद्युत आयोजनामा मिति २०७७।१०।२३ मा निवेदन दिएकामा मुआब्जा निर्धारण समितिको मिति २०७६।०८।१५ को निर्णयमा लगत कट्टा नभएको सडकसँग जोडिएको कित्ताहरूको हकमा फिल्डमा रहेको सडकको अवस्थालाई आधार मानी बाटोको क्षेत्रफल कटाएर बाँकी जग्गाको मुआब्जा वितरण गर्ने भन्ने रहेकोले छुट मुआब्जा दिन नसक्ने भनी मिति २०७७।१२।२३ गते सो निवेदन टुंगो लागिसकेको कुरा रिट निवेदन बेहोरा र विपक्षीहरूको लिखित जवाफबाट समेत देखिन्छ । सो व्यवस्थाबमोजिम मुआब्जा समितिको निर्णयमा चित्त नबुझे वैकल्पिक कानूनी उपचारको बाटो रहेको स्थितिमा निवेदकले

सो बाटो अवलम्बन गरेको देखिँदैन । निवेदकले साधारण अधिकार क्षेत्र अन्तर्गत पुनरावेदन नगरी यस अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत प्रस्तुत रिट निवेदन दायर गरेको देखिने ।

निवेदकले जलासययुक्त बुढीगण्डकी जलविद्युत आयोजनाभित्र परेको जग्गाको मुआब्जा रकममा चित्त नबुझे सोउपर वैकल्पिक उपचारको बाटो हुँदाहुँदै सो उपचारतर्फ नगई निवेदकको नाउँमा रहेको जग्गामध्ये लगत कट्टा भएको तथा फिल्डमा नरहेको जग्गा कटाई बाँकी जग्गाको मात्र मुआब्जा प्रदान गरिएको भन्ने लिखित जवाफ बेहोराबाट प्रस्ट भइरहेको अवस्थामा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः - नारायण पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम् ।

**२४**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०४५१, उत्प्रेषणसमेत, माधव रानाभाट वि. भूमिसुधार कार्यालय भक्तपुरसमेत*

दाता गणेशबहादुर भट्टराईले भूमिसुधार कार्यालय भक्तपुरमा मिति २०६०।०१।२४ मा दिएको निवेदनबमोजिमको जग्गा बाँडफाँडसम्बन्धी विवाद विचाराधीन हुँदाहुँदै मिति २०६४।०६।२४ मा रिट निवेदक गुञ्जनसिं थापालाई जग्गा बिक्री गरेको देखिँदा मूलभूत रूपमा उक्त ऐनको मनसायबमोजिम निज दाताले सो जग्गामा घर बनाउने उद्देश्य लिएको पाइएन । त्यसै गरी रिट निवेदकले दाता गणेशबहादुर भट्टराइबाट खरिद गरिलिएको सो जग्गा का लागि मिति २०६५।०८।१७ मा माधव रानाभाटलाई अधिकृत वारेसनामा दिइसकेको देखिँदा घर बनाउने उद्देश्यअनुरूपको आचरण निजले देखाएको पाइँदैन । साथै जग्गाको क्षेत्रफल पनि ज्यादै न्यून रहेको र मिसिल संलग्न नक्शा ट्रेसका आधारमा जग्गाको आकार प्रकृति हेर्दासमेत विवादित जग्गा रहे भएको स्थानमा घर बनाउन मिल्नेसमेत नदेखिएकोले जग्गाधनीले घर नै बनाउने उद्देश्य लिएको भन्ने निवेदन माग स्वाभाविक देखिँदैन । त्यसै गरी निवेदकले काठमाडौं उपत्यकामा जग्गा नरहेकोले आफूले जग्गा बाँडफाँडमा प्राथमिकता पाउनुपर्ने भनी दाबी लिएका भए तापनि निजकी श्रीमती चुनुदेवी थापाका नाउँमा काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९ मा कि.नं. २५४ र २५५ को घरजग्गा रहेको भन्ने मिसिल संलग्न चुनुदेवी थापाका नाउँको जग्गाधनी दर्ता स्रेस्ताको छायाँप्रतिबाट देखिन्छ । उक्त विवादित जग्गामा मोही गंगाप्रसाद अर्यालले २०५७ सालदेखि नै घर टहरा बनाई बसेको भन्ने मध्यपुर ठिमी नगरपालिकाको च.नं. २५ मिति २०६४।०४।१५ को सिफारिसपत्रबाट देखिन्छ । उल्लिखित विवेचित आधार कारणबाट सो विवादित जग्गा बाँडफाँड गर्दा मोहीले पाउने र जग्गाधनीले भागशान्ती रकम पाउने गरी भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरबाट मिति २०७५।०६।२८ मा भएको निर्णय न्यायको रोहबाट समेत मनासिब नै देखिने ।

उल्लिखित जग्गाको आकृति प्रकृति तथा निवेदकको उक्त जग्गामा घर नै बनाउने मनसाय व्यवहारबाट समेत पनि देखिन नआएकोले उक्त कि.नं.११६ को जग्गा मोहीको भागमा राखी जग्गाधनीलाई सोको मूल्याङ्कन बराबरको रकम लिने पाउने गरी भूमिसूधार तथा मालपोत कार्यालय भक्तपुरबाट भएको मिति २०७५।०६।२८ को निर्णयमा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत - नारायण पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम् ।

**२५**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७५-WO-०४५२, उत्प्रेषणसमेत,*

*माधव रानाभाट वि. भूमिसुधार कार्यालय भक्तपुरसमेत*

रिट निवेदक मिनबहादुर रानाभाटले भूमिसुधार कार्यालय भक्तपुरमा मिति २०६०।०१।१८ मा दिएको निवेदनबमोजिमको जग्गा बाँडफाँडसम्बन्धी विवाद विचाराधीन हुँदाहुँदै सो जग्गा बिक्रीका लागि मिति २०६५।०८।१७ मा माधव रानाभाटलाई अधिकृत वारेसनामा मुकरर गरेको देखिँदा रिट निवेदकले घर बनाउने उद्देश्यअनुरूपको आचरण देखाएको पाइँदैन। साथै जग्गाको क्षेत्रफल पनि ज्यादै न्यून रहेकोले विवादित जग्गामा जग्गाधनीले घर नै बनाउने उद्देश्य लिएको भन्ने निवेदन माग स्वाभाविक देखिँदैन। यसका साथै विवादित जग्गाको पूर्वतर्फको साबिक कि.नं. ३०० कित्ताकाट भई कायम भएको कि.नं. ३१३ को जग्गा विपक्षी गंगाप्रसाद अर्यालको नाममा रहेको निजले लिखित जवाफसाथ पेस गरेको जग्गाधनी दर्ता प्रमाण पुर्जाको छायाँप्रति तथा पेस गरेको नक्सा ट्रेससमेतबाट देखिन्छ। तसर्थ सो जग्गाका मोहीसमेत रहेका निज गंगाप्रसाद अर्याललाई अर्को कित्ता जग्गामा आवतजावत गर्नसमेत विवादित कि.नं. १८६ को जग्गा आवश्यक पर्ने नै देखिन आउँछ। उल्लिखित विवेचित आधार कारणबाट सो विवादित जग्गा बाँडफाँड गर्दा मोहीले पाउने र जग्गाधनीले भागशान्ती रकम पाउने गरी भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरबाट मिति २०७५।०६।२८ मा भएको निर्णय न्यायको रोहबाट समेत मनासिब नै देखिने।

उल्लिखित जग्गाको क्षेत्रफल, आकृति, प्रकृति तथा निवेदकको उक्त जग्गामा घर नै बनाउने मनसाय रहेको उक्त व्यवहारबाट समेत पनि देखिन नआएकोले उक्त कि.नं. १८६ को जग्गा मोहीको भागमा राखी, जग्गाधनीलाई सोको मूल्याङ्कन बराबरको रकम लिने पाउने गरी भूमिसूधार तथा मालपोत कार्यालय भक्तपुरबाट भएको मिति २०७५।०६।२८ को निर्णयमा कानूनी त्रुटि रहेको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत - नारायण पौडेल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८० साल जेठ ३१ गते रोज ४ शुभम्।

## इजलास नं.३

### २६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** *०७३-CR-०८८२, राहदानी किर्ते, नेपाल सरकार वि. राम राजभण्डारीसमेत*

राहदानी ऐन, २०२४ को दफा ५ बमोजिम कसैले झुठा बयान वा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्न प्रयत्न गरेमा वा दफा ३ को विपरीत विदेशको भ्रमण गरेमा वा भ्रमण गर्ने प्रयत्न गरेमा वा नेपाल सरकारले दिएको आदेश वा निर्देशनको पालना नगरेमा वा जुन उद्देश्यको लागि राहदानी जारी गरिएको हो सोबाहेक अन्य उद्देश्यको लागि राहदानी प्रयोग गरेमा वा आफ्नो नाउँको राहदानी अरुलाई प्रयोग गर्न दिएमा वा अर्काको राहदानी प्रयोग गरेमा वा यस ऐनअन्तर्गत बनेको नियम बर्खिलाप अन्य कुनै काम कारबाही गरेमा कसुर कायम भई सजाय हुने व्यवस्था रहेको देखिन्छ। प्रतिवादीहरूले सोबमोजिमको कुनै कार्य गरेको वा बरामदित राहदानी प्रयोग गरी विदेश गएको भन्ने देखिन आएन। एउटा भइरहेको राहदानीमा रहेको एक जनाको फोटोको ठाउँमा अर्को व्यक्तिको फोटो टाँसी सरकारी कागजात किर्ते गरेको प्रकृतिको कसुरसम्म भएको कुरा अभियोगपत्र दाबी बेहोराबाट देखिन्छ। किर्तेतर्फ दाबी गरी सजायका लागि अभियोग मागदाबी गरी छुट्टै मुद्दा चलाइएको बेहोरा अभियोग पत्रमा नै उल्लेख भएको देखिँदा सो सम्बन्धमा किर्ते मुद्दाबाट नै निरूपण हुने देखिन्छ। किर्ते तर्फ यस मुद्दामा अभियोग दाबी नै नभएको कुरामा अदालतले कसुर ठहर गर्न मिल्ने नदेखिँदा किर्ते कार्य भएतर्फ थप

विचार गरिरहन नपर्ने ।

अत: एउटा व्यक्तिको नामको राहदानीमा अर्को व्यक्तिको फोटो टाँसी सरकारी कागज किर्ते कार्य गरेको भन्ने विषयमा प्रस्तुत मुद्दामा अभियोग दाबी लिएको नदेखिएको र बरामद भएको राहदानी प्रयोग गरी विदेश गएको वा राहदानी ऐन, २०२४ को दफा ५ प्रतिकूल कार्य गरेको भन्नेसम्मको अवस्था प्रमाणित हुन आएको नदेखिएको हुँदा प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२/७/१७ को फैसला मनासिब नै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- हरिप्रसाद आचार्य

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०७९ साल चैत २८ गते रोज ३ शुभम् ।

**२७**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-१२२७, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विकु थापा मगरसमेत*

प्रतिवादी वालाकृष्ण सापकोटाको हकमा वादी नेपाल सरकारले गरेको पुनरावेदन जिकिरका सम्वन्धमा विचार गर्दा, न्यु फोकस विजनेश हाउस प्रा. लि. तथा न्यु फोकस एब्रोड स्टडी प्रा.लि.को विज्ञापन राष्ट्रिय दैनिक पत्रिका आदर्श समाजमा प्रकासित भएको देखी सो प्रा.लि.मा बुझ्न जाँदा सो प्रा.लि. मा काम गर्ने बालाकृष्ण सापकोटाले धेरै मानिसलाई युरोपियन देशमा पठाएका छौँ, तपाइहरूलाई स्पेन देशमा रोजगारीमा पठाउँछौँ भनी प्रलोभनमा पारेपछि हामीलाई भारत देशबाट प्रा.लि.का डाइरेक्टर विक्रम सिंह ठकुरी मार्फत कानूनी चाँजो पाँजो मिलाएर लाने हो भनी डकुमेन्ट चार्ज भनी रु.१,२५,०००।- र पासपोर्ट बुझिलिई अब तपाइँहरू भारतमा रहेको बिक्रम सिंह ठकुरीलाई भेट्नुहोस् भनेपछि दिल्लीमा गई निजलाई भेट गरी कुराकानी गरेकोमा तपाइहरूले केही चिन्ता लिनु पर्दैन आजै तपाइँहरू भिषा फरवार्ड सर्भिस सेन्टरमा जानुहोस् भनेकाले हामीले सो सेन्टरमा दरखास्त गरेका थियौँ, यसरी दरखास्त दिई नेपाल फर्की आएपछि सो प्रा.लि. को कार्यालयमा गई वुझ्दा बालाकृष्ण सापकोटाले अब तपाइहरूको भिषा आई सक्यो प्लेन टिकटका लागि पाँच लाख जम्मा गर्नुस् भनी भिषा लागेको पासपोर्टको फोटो कपि देखाई विश्वासमा पारेकोले मिति २०७३।४।६ गते पाँच लाख दिएका थियौँ, त्यसको भरपाई माग गर्दा सो रकम बिकु थापा मगरलाई पठाउँछौँ त्यसपछि रकम पठाएको स्लीपलाई समेत आधार बनाई वैदेशिक रोजगारको कागजसमेत गरिदिन्छु भनी विश्वासमा पारी भोलिपल्ट विकु थापा मगरलाई आई. एम.ई. गरेको रकमसमेत उल्लेख गरी जम्मा रकम रु.६,२७,०००।- को कागज गरिदिएको हो भनी जाहेरवालाहरूले वालाकृष्ण सापकोटा विरुद्ध जाहेरी दिएपछि निजको हकमा समेत अनुसन्धान भएको देखिन्छ । जाहेरवालाहरूले निज वालाकृष्ण सापकोटाले गरिदिएको मिति २०७३।४।७ को लिखतसमेत जाहेरीसाथ पेस गरेको देखिन्छ । सोही लिखतका आधारमा निज वालाकृष्ण सापकोटालाई न्यायाधिकरणबाट कैद र जरिवानासमेत भएको देखिन्छ । जाहेरवालाहरूले बकपत्र गर्दा प्रतिवादीमध्येका न्यू फोकस एब्रोड स्टडिका मेनेजर बालाकृष्ण सापकोटालाई रु. छलाख सत्ताइस हजार दिएकोमा निजले लिएको उक्त रु. छलाख सत्ताइस हजार रुपियाँको साँवा र ब्याजसमेत फिर्ता लिइसकेको भनी उल्लेख गरेको पाइन्छ । साथै, वादी पक्षले निज बालाकृष्ण सापकोटाले गरिदिएको लिखततर्फको बिगोका हकमा अभियोगपत्रमा दाबीसमेत नलिएको सन्दर्भमा वैदेशिक रोजगार न्यायाधिकरणले निजको हकमा कैद तथा जरिवाना गरी जाहेरवालाको बिगोको हदसम्म निजबाट नभराउने गरी भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी बिकु थापा मगरका हकमा वादी नेपाल सरकारले गरेको पुनरावेदन जिकिरका सम्बन्धमा विचार गर्दा, निज बिकु थापा मगर विरुद्ध पीडितको किटानी जाहेरी परेको भए तापनि प्रतिबादी वालाकृष्ण

सापकोटाले गरिदिएको लिखतमा निजको नामसम्म पनि उल्लेख भएको देखिँदैन । प्रतिबादी बिक्रम सिंह ठकुरी भन्ने भरत ठकुरीले अनुसन्धान अधिकृतसमक्ष बयानको क्रममा गरेको पोलबाहेक निज विरुद्ध जाहेरी समर्थन हुने अन्य कुनै वस्तुनिष्ठ तथा ठोस प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइँदैन । जाहेरवालाहरूलाई अन्य प्रतिबादीहरूले गरिदिएको लिखतमा निज कारणी रहेको वा जाहेरवालाहरूसँग निजले रकम बुझेको अन्य कुनै प्रमाण बादी पक्षबाट पेस हुन आएको पनि देखिँदैन । जाहेरवालाले बकपत्र गर्दासमेत प्रतिवादी बिक्रम सिंह ठकुरी भन्ने भरत ठकुरीलाई रु.१६ लाख रुपैया र प्रतिवादी बालाकृष्ण सापकोटालाई रु. छलाख सत्ताइस हजार दिएको भनी उल्लेख गरेकोमा यी प्रतिवादी विकु थापा मगरले रकम लिएको भनी उल्लेख गर्न सकेको देखिँदैन । यस अवस्थामा कुनै ठोस प्रमाणबिना केवल सहप्रतिवादीको पोल र जाहेरीकै आधारमा मात्र निजलाई कसुरदार कायम गर्नु न्यायोचित नदेखिएकोले वैदेशिक रोजगार न्यायाधिकरणबाट निजलाई सफाइ दिने गरी भएको फैसलालाई अन्यथा भन्न नसकिने ।

प्रतिवादीहरू बालाकृष्ण सापकोटा र बिक्रम सिंह ठकुरी भन्ने भरत ठकुरीलाई जनही १ वर्ष छ महिना कैद तथा १ लाख ५० हजार रूपियाँ जरिबाना हुने ठहऱ्याई जाहेरवालाहरूको दाबीबमोजिमको बिगो तथा हर्जना प्रतिवादी विक्रम सिंह ठकुरी भन्ने भरत ठकुरीबाट भराइपाउने र अर्का प्रतिवादी विकु थापा मगरले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७५।१।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- भेषराज कोइराला

कम्प्युटर:- मन्दिरा रानाभाट

इति संवत् २०८० साल जेष्ठ २ गते रोज ३ शुभम् ।

**२८**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-०००४, कर्तव्य ज्यान, नेपाल सरकार वि. गौबहादुर गुरुङ*

प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दासमेत मानसिक रोगसम्बन्धी औषधी सेवन गरी रहेको भनेको पाइएबाट सो बेहोरा अन्यथा देखिएन । निजको बयान हेर्दा नै दाइ भाइहरूलाई खाने कुरा दिएको आफूलाई नदिएकोले रिस उठी हाँसियाको प्रहार गरेको भन्ने भनाइ समान्य समझको होस ठेगान भएको व्यक्ति भन्ने बेहोरा देखिँदैन । ठिक वेठिक छुट्याउन नसक्ने मानसिक अवस्था भएकै कारणले खानेकुरा नदिएको भन्ने सामान्य कारणबाट हँसिया जस्तो धारिलो जोखिम हतियार प्रयोग भएको देखिन्छ । यसरी अस्पतालको परीक्षण प्रतिवेदनबाट समेत मानसिक अवस्था ठिक नरहेको देखिएकोमा निज प्रतिवादीले आफूले गरेको कामको प्रकृति र परिणाम थाहा पाईपाई नै मृतकलाई हसियाँले प्रहार गरेको होला भनी मान्न सकिएन । यसरी निजले गरेको कामको प्रकृति र परिणाम थाहा नपाई गरेको कार्यबाट मृतकको मृत्यु हुन गएको देखिएकोमा मुलुकी ऐन, दण्डसजायको महलको १ नं. बमोजिम निज प्रतिवादीलाई कुनै सजाय हुन नसक्ने कानूनी व्यवस्थाअनुसार उच्च अदालत पोखराबाट भएको फैसला अन्यथा देखिएन । यस अदालतबाट आङडण्डी शेर्पाको जाहेरीले वादी श्री ५ को सरकार वि. प्रतिवादी सर्वजित खड्का (नेकाप २०४५ नि नं ३५३१ पृ ७२८) भएको कर्तव्य ज्यान मुद्दामा "अस्पतालको जाँच प्रतिवेदनबाट प्रतिवादीको होस ठेगाना नभई मानसिक सन्तुलन ठिक नभएको भन्ने उल्लेख गरेको, निज प्रतिवादीका बाबु प्रहरीमा कागज गर्दा छोरा बौलाएको भन्ने कागज गरिदिएको र सोही बेहोरा अधिकांश सरजमिनका मानिसहरूले समेत लेखी अदालतमा आई बकपत्रसमेत गरिदिएबाट निज प्रतिवादीको होस ठेगान नभई मानसिक सन्तुलन ठिक नभएको प्रमाणित हुन आएकोले दण्ड सजायको १ नं.बमोजिम निजलाई कुनै प्रकारको सजायँ नहुने" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको छ । यसमा समेत निज प्रतिवादी गौ बहादुर गुरुङ्गको मानसिक अवस्था ठिक

नभएको भनी मौकामा बुझिएका मानिस तथा स्वास्थ्य परीक्षण गर्ने डा.को बकपत्रसमेतबाट निजको मानसिक अवस्था ठिक नभएको भन्ने पुष्टि भएको पाइने।

प्रतिवादी गौ बहादुर गुरुङले धारिलो हतियार हसियाँ प्रहार गरेको कारण लागेको घाँचोटबाट मृतक रुममाया गुरुङको मृत्यु भएकोमा विवाद नभए पनि मृतकका श्रीमान उमान सिंह गुरुङलगायत मौकामा बुझिएका अन्य व्यक्तिहरूमध्ये कसैको भनाइबाट पनि मृतकसँग यी प्रतिवादीको पूर्व रिसइवी रहेको नदेखिएको, एक्कासी हसियाँ प्रहार गरेको देखिएको, दमौली अस्पताल तनहुँ र सेतीगंगा सामुदायिक अस्पताल तनहुँमा यी प्रतिवादीको स्वास्थ्य परीक्षण गराउँदा मानसिक अवस्था ठिक नरहेको भन्ने प्रतिवेदन प्राप्त भएको समेतबाट मुलुकी ऐन, दण्डसजायको महलको १ नं.बमोजिम कुनै प्रकारको सजाय हुन नसक्ने भनी उच्च अदालत पोखराबाट मिति २०७४।१।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल असार ६ गते रोज ४ शुभम् ।

**२९**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७५-CR-०३१६, मोटरसाइकल चोरी, अनिल बोहरा वि. नेपाल सरकार*

बरामद भएको मोटरसाइकल यी अनिल बोहरासमेतका प्रतिवादीहरूले चोरी गरेको भन्ने बेहोराको इन्द्रसिंह कार्कीले किटानी जाहेरी दरखास्त दर्ता गरेको देखिन्छ। उक्त दिन म.२प. १२०८ नं. को अपाची मोटरसाइकल र अर्को भारतीय नं. DL७५AT ८०८६ ग्ल्यामर मोटरसाइकल चोरी भएकोमा विवाद देखिएन। तत्काले तयार भएको बरामदी तथा खानतलासी मुचुल्कामा यी प्रतिवादीसमेत रोहबरमा बसी सहीछाप गरेको अवस्था छ। प्रतिवादी अनिल बोहरासमेतका प्रतिवादीहरूले सुरु जिल्ला अदालतमा बयान गर्दा बरामदी मोटरसाइकल आफूहरूले चलाएको तथ्यलाई स्वीकार गरेका छन। प्रतिवादी अनिल बोहोराले मौका तथा अदालतमा बयान गर्दा राति सुतिरहेको बेलामा करिब ३.३० बजे तिर गोविन्द पन्त नाम गरेको मेरो साथी आई निजको अर्कोसँगै रहेको साथीको ठुलो ममीले कन्चनपुर गर्जमनियामा रहेको आफ्नै घरमा सल्फास नामको विषादी सेवन गरी बिरामी भएकोले निजलाई महेन्द्रनगर उपचारको लागि ल्याउनु पर्‍यो भनेकोले मसमेत भई गएका हौँ। निजहरूले चलाई ल्याएको सेतो अपाची मोटरसाइकल मैले चलाई गर्जमनीसम्म गएका हौँ। रविन्द्र साउदले आमालाई अत्तरिया अस्पताल लगिसकेको रहेछ अब तिमीहरू नास्ता खाएर जाउ भनी पठाएकोले उक्त मोटरसाइकल सोही स्थानमा छाडी हामी घर फर्केका हौँ भनी आफूले चोरी गरेको र चोरीको मोटर साइकल भनी जानी जानी चलाएकोमा समेत इन्कार रहेको पाइने।

मौकामा पक्राउ परेको सहप्रतिवादीहरूले पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मात्र आफूहरू सल्लाह गरी नै चोरीको मोटरसाइकल ल्याएको भनी यी पुनरावेदक प्रतिवादीलाई समेत पोल गरेका छन भनी अदालतमा बयान गर्दा आफूहरूले मोटरसाइकल चोरी गरी ल्याएकोमा इन्कार रहेका छन। सोबाहेक यी पुनरावेदक प्रतिवादीले मोटरसाइकल चोरी गरी लगेको भन्ने कुनै प्रमाण वादी पक्षबाट पेस हुन सकेको पाइएन। उक्त चोरीको वारदातमा निजको प्रत्यक्ष संलग्नतासमेत नदेखिएको निजको चोरी गर्ने मनसाय नभएको तथा चोरी गर्ने योजनामा समेत सामेल नभएको साथै मोटरसाइकल चलाउनु र चोरी गर्ने कार्य एउटै नभएकोले निज प्रतिवादी अनिल बोहरालाई अभियोग दाबीबमोजिमको मोटरसाइकल चोरीको कसुरदार ठहर गरी सुरू कञ्चनपुर जिल्ला अदालतबाट भएको फैसलालाई सदर गर्ने गरी भएको उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको फैसला प्रतिवादी अनिल वोहोराको हकमा मिलेको देखिएन। तसर्थ मौका तथा सुरू जिल्ला अदालतमा प्रतिवादी अनिल

वोहोराले गरेको बयानसमेतका आधार प्रमाणहरूबाट यी प्रतिवादीले बरामदी जाहेरवालाको मोटरसाइकल चोरी गरेको तथ्य पुष्टि प्रमाणित नभएको नदेखिने।

शंका र अनुमानको आधारमा मात्र प्रतिवादीलाई कसुरदार ठहर गर्न फौजदारी न्यायको सिद्धान्तले मिल्ने नदेखिँदा पुनरावेदक प्रतिवादी अनिल बोहोरालाई अभियोग दाबीबमोजिम मोटरसाइकल चोरीको कसुरदार ठहर गेको सुरू अदालतको फैसला सदर गरी सजाय व्यवस्थापनतर्फ वारदात मितिमा निजको उमेर १५ वर्ष १० महिना ९ दिन रहेकोले १६ वर्ष नपुगेकोले नाबालक भन्ने देखिँदा बाल बालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम १ महिना कैद र रु२०६४५०।– जरिवाना हुने भनी पुनरावेदन अदालत महेन्द्रनगर, दिपायल इजलासबाट मिति २०७४।१०।२३ मा भएको फैसला मिलेको नदेखिँदा यी पुनरावेदक प्रतिवादीका हकमा सम्मको उच्च अदालत महेन्द्रनगर, दिपायल इजलासको मिति २०७४।१०।२३ को फैसला उल्टी भई पुनरावेदक प्रतिवादी अनिल बोहोराले अभियोग दाबीबाट सफाइ पाउने ।

इजलास अधिकृत :- शारदा फुयाल

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल असार ६ गते रोज ४ शुभम् ।

**३०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-०८९१, कर्तव्य ज्यान, जोगी जीवन भन्ने पदमलाल सिंह ठगुन्ना वि. नेपाल सरकार*

अनिता धामीको कागजबाट पनि गाउँमा दुईजना गुण्डा आएको कुरा भगतसिंहले गरेको तथ्य समर्थित भएको छ । केवल १४ वर्षको नाबालक भएको र प्रतिवादीहरूले मार्नेसम्मको धम्की दिएको कारणबाट भगतसिंह धामी डराई, आतङ्कित भई तत्काल सबै वास्तविकता प्रस्टसँग भन्न नसकेको र पछि प्रहरीसमक्ष कागज गर्दा भने यथार्थ विवरण उल्लेख गरेको देखिन्छ । गाउँमा कुनै गुन्डा आएको भन्ने पनि देखिँदैन । स्वयम् प्रतिवादीहरूबाट गुण्डा आएको भन्ने कुराको परिकल्पना वा भ्रम सिर्जना गरिएको भन्ने देखिन्छ । निज भगतसिंहले अदालतमा बकपत्र गर्दा प्रतिवादी जीवन भन्ने पदमलाल सिंह ठगुन्नासँग प्रहरीमा कागज गरेका दिनदेखि वोलचाल बन्द भएको हो, त्यसभन्दा अघि वोलचाल राम्रै थियो भनी उल्लेख गरेको देखिन्छ । प्रतिवादीहरूले भगतसिंहको परिवारका सदस्यहरूसँग इवी रहेको कारणबाट पोल गरेको भनी जिकिर गरेको भए पनि रिसइवीसम्बन्धी कुनै वस्तुगत कारण उल्लेख गरेको देखिएन । भगतसिंह धामीले  राखेर षड्यन्त्रमूलक तवरबाट प्रतिवादीहरूलाई झुठ्ठा कुरा उल्लेख गरी फसाउनु पर्ने कारण पनि देखिँदैन । यस अवस्थामा निज प्रत्यक्षदर्शी साक्षी भगतसिंह धामीको भनाइलाई प्रमाणमा ग्रहण गर्नु न्यायोचित नै देखिन्छ । न्याय निरुपण गर्दा अदालतले साक्षी प्रमाणको सङ्ख्याभन्दा त्यसको विश्वसनीयता तथा भरयोग्यतातर्फ विवेकपूर्ण दृष्टि दिइनुपर्दछ । यदि सीमित वा एउटै प्रमाण पनि प्रत्यक्ष र भरपर्दो रहेको छ भने कसुर ठहर गर्नका लागि पर्याप्त प्रमाण मानिन सक्तछ । यो मुद्दाको तथ्य र परिस्थितिको सापेक्षतामा मूल्याङ्कन गरिने कुरा हो । यस दृष्टिले भगतसिंह धामीको कथनलाई हेर्दा निजको भनाइलाई भरपर्दो प्रमाण मान्नमा कुनै संशय मान्नुपर्ने कारण नदेखिने।

प्रतिवादीहरू आरोपित कसुर गरेको कुरामा इन्कार रहेको पाइयो । तथापि निजहरूको बयान बेहोराबाट आफूले कसुर नगरेको तर अर्का (सहअभियुक्त) ले कसुर गरे-नगरेको भनी थाहा नभएको भनी उल्लेख गरेको देखिन्छ । साथसाथै भारतको वैंङ्गलोर जान हिँडेको भन्ने जिकिर लिने प्रतिवादीले सहअभियुक्तका सम्बन्धमा थाहा छैन भनी उल्लेख गर्नुको स्वाभाविकता देखिँदैन । घटना वारदातको तत्काल पछिदेखि प्रतिवादीहरू गाउँबाट भागेको देखिएको छ । खर्च नभएकाले बैंङ्गलोर जान नसकी फर्किएको भन्ने प्रतिवादीको कथन पनि विश्वसनीय

देखिँदैन । घरबाट भारततर्फ जानका लागि हिडेको मानिस केही समयपछि खर्च नभएर बिच बाटोबाट नै फर्किएको भन्नु युक्तियुक्त देखिँदैन । यसलाई केवल संयोगको बिषय भनी सम्झन मिल्ने देखिँदैन । यसका अतिरिक्त, प्रतिवादीबाट बरामद ज्याकेटमा रगत लागेको देखिएको छ, बुझिएका कतिपय व्यक्तिले प्रतिवादीद्वयउपर शंका गरी कागज गरेको देखिन्छ । उल्लिखित समग्र परिस्थितिजन्य कुराहरूले प्रत्यक्षदर्शी साक्षी भगतसिंह धामीको बकपत्रलाई मालाकार रूपमा समर्थन गरेको पाइने ।

निर्मला टमटालाई मार्नुपर्नेसम्मको मनसाय वा इविलाग नरहेको भन्ने पुनरावेदकहरूको जिकिर रहेको पाइयो । हत्याको कसुर प्रमाणित हुनको लागि सो कार्य (Actus reus) दोषी मनसायबाट (Mensrea) गरिएको देखिनुपर्दछ भन्ने फौजदारी न्यायको मान्यता रहेको छ । कतिपय सन्दर्भमा यस प्रकारको मनसाय पहिलेदेखि (लामो समयदेखि) रहेको पनि हुन सक्तछ । तर सँधै र सबै अवस्थामा पहिलेदेखिको, लामो अवधिसम्म राखिएको दोषी मनसाय नै रहेको देखिनुपर्दछ भन्ने अवश्य होइन । यो घटनाको अवस्था र परिस्थितिमा निर्भर रहने कुरा हो । प्रस्तुत मुद्दाको सन्दर्भमा हेर्दा, मृतकलाई एक्लै घट्टमा गएको मौका पारी तत्काल प्रतिवादीहरूमा कुनै प्रकारको दोषपूर्ण इच्छा वा मनोवृत्ति पैदा भई कुनै प्रकारको कसुरजन्य कार्य गर्दाको परिणामस्वरूप पीडित पक्षले गरेको प्रतिकार वा अन्य कुनै कारणबाट तत्काल दोषी मनसाय पैदा भई कसुरजन्य कार्य हुन पुगेको भनी मान्न सकिने आधारहरू विद्यमान रहेको देखिन्छ । तसर्थ, पुनरावेदकहरूले मनसाय तत्व प्रमाणित नभएको भनी लिएको जिकिर मनासिव नदेखिने ।

प्रतिवादीहरूको सामूहिक कर्तव्यबाट निर्मला टमटाको मृत्यु भएको तथ्य प्रमाणबाट शंकारहित तवरबाट पुष्टि भएको हुँदा निज प्रतिवादीहरू पुने भन्ने पुरनसिंह धामी र जोगी र जीवन भन्ने पदमलाल सिंह ठगुन्नालाई अभियोग मागदाबीबमोजिमको कसुरमा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको सुरू दार्चुला जिल्ला अदालत र उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासको मिति २०७४/२/३१ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत :- विनोदप्रसाद घिमिरे

कम्प्युटर :- मन्दिरा रानाभाट

इति संवत् २०८० साल वैशाख १९ गते रोज ३ शुभम् ।

## ३१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१९५८, करकाप, नितु पोखरेल शर्मा वि. कविता पन्थी*

२०६७।१०।१० को मिति राखी मिति २०७०।६।१८ मा खडा गरिएको लिखत कागजमा बिपक्षीसमेतले जबरजस्तीसँग मेरो ल्याप्चे सहीछाप लगाई करकापबाट तयार गरिएउपर बदरको लागि वादी नितु पोखरेल शर्माले मिति २०७०।७।२१ मा करकापमा र सोही मितिको लिखतलाई दाबी लिई प्रस्तुत मुद्दाका प्रत्यर्थी कविता पन्थीले मिति २०७०।९।१६ मा लेनदेनमा सुरू काठमाडौं जिल्ला अदालतमा अलग अलग फिराद दायर गरेको देखियो । करकाप भएको भनी दाबी लिएको लिखत र लेनदेन भएको भनी दाबी लिएको लिखत अलग अलग नभै एउटै भएको र सोही लिखतमा दुवै वादी प्रतिवादी भई करकाप र लेनदेन मुद्दा परी विवाद रहेको पाइने ।

विवादित मिति २०६७।१०।१० को कपाली तमसुकको लिखत हेर्दा ऋणी यी वादी नितु शर्मा र धनी प्रतिवादी कविता पन्थीबिच रू. ४९,५०,०००।- (उनान्चास लाख पचास हजार) लिनु दिनु गरी लिखत भएको भन्ने देखिन्छ । लिखतमा लिखत साक्षीको रूपमा रहेका दुई जनामध्ये एक जना ऋणीको एकाघरका बुबा लोकनाथ पोखरेल र अर्का व्यक्ति का.जि., का.म.न.पा. वडा नं. ३ बस्ने संजोग राई रहेको पाइयो । लिखत साक्षीमध्ये लोकनाथ पोखरेलको नाम लेखिएको साक्षीको महलमा निजको सहीछाप भएको देखिँदैन

भने निज लोकनाथले अदालतमा बकपत्र गर्दा लेनदेन कारोबार भएको छैन, वादी नितु पोखरेलको सानो ठुलो आर्थिक कारोबार गर्न सक्ने हैसियत छैन, उक्त मितिमा लेनदेन भएको भए वादीका श्रीमानसमेत साथैमा रहने अवस्था थियो, उक्त लिखत करकापबाट गराएको भन्ने बेहोरा लेखाएको पाइयो । अर्का लिखत साक्षी संजोग राईको बकपत्र भएको पाइँदैन । संजोग राईलाई लिखतको आधिकारिकताका सम्बन्धमा यकिन गर्न लिखतमा उल्लिखित निजको वतनमा अदालतबाट म्याद जारी भए पनि निजको वतन का.जि.,का.म.न.पा. वडा नं. ३ मा मानिस घरद्वार फेला नपरेको भन्ने तामेली प्रतिवेदन रहेको देखिन्छ । यसबाट लिखत साक्षी संजोग राईलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन नसकिएको र अर्का साक्षी लोकनाथ पोखरेलको लिखतमा सहीछापसमेत नभएको अवस्थाको पाइयो । साथै निज लोकनाथले लेनदेन कारोबार नभएको भन्ने भनाइले पनि लिखत विवादित अवस्थाको देखिने ।

प्रत्यर्थी प्रतिवादीसमेतले धाकधम्की दिएको र जबरजस्ती करकापमा पारि मिति २०७०।६।१८ मा लिखत कागजमा सहीछापसमेत गराएउपर यी वादी नितु पोखरेलले जिल्ला प्रशासन कार्यालय, काठमाडौं मिति २०७०।६।२० मा र लैङ्गिक सशक्तिकरण तथा समन्वय ईकाइ, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा मिति २०७०।७।७ मा उजुरी निवेदन दर्ता गराएको देखिन्छ । पुनरावेक वादी नितु पोखरेलले आफूउपर जबरजस्ती लिखत कागज गराए र डर त्रास दिएउपर यथासमयमा सम्बन्धित निकायमा सो विषयमा उजुरी निवेदनसमेत दर्ता गरेको देखियो । बिनाकारण ती निकायमा निवेदन दिनुपर्नेसम्मको वादीको अन्य कारणसमेत नदेखिने ।

वादी दाबीबमोजिम लिखत करकाप नठहर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७१।९।३० को फैसला सदर गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।५।२४ को फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । वादी दाबीबमोजिम प्रत्यर्थी प्रतिवादीले करकाप गरेको ठहरेकोले मुलुकी ऐन, दण्ड सजायको महलको १२ नं. बमोजिम प्रत्यर्थी प्रतिवादी कविता पन्थीलाई रू.१,०००।- (एक हजार) जरिवाना हुने ।

इजलास अधिकृत:- शम्भुप्रसाद रेग्मी

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०८० साल असोज २३ गते रोज ३ शुभम् ।

## ३२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७४-CR-०४६९, जबरजस्ती करणी, नेपाल सरकार वि. फिर्केवी भन्ने पूर्ण बहादुर थापा मगर*

मिति २०७०।११।२८ गतेका दिन बेलुका ५ बजेको समयमा परिवर्तित नाम धादिङ १(थ)लाई प्रतिवादी फिर्केवी भन्ने पूर्ण बहादुर थापा मगरले धारामा पानी थाप्न गएको अवस्थामा फकाई बाटोतर्फ लगी जबरजस्ती करणी गरी राखेको अवस्थामा फेला पारेको हुँदा निजलाई कारबाही गरिपाउँ भन्ने धादिङ्ग १(द) ले दिएको जाहेरीको आधारमा प्रस्तुत मुद्दाको उठान भएको पाईयो । प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. को कसुरमा जबरजस्ती करणीको सजायको माग दाबी लिई अभियोगपत्र पेस भएको देखियो । घट्नाबाट पीडित धादिङ्ग १(थ) ले मौकामा कागज गर्दा प्रतिवादीले मेरो र आफ्नो क्टुसमेत खोली उसको सु गर्ने मेरो सु गर्नेमा दलेको भने पनि अदालतमा प्रतिवादीले आफूलाई केही नगरेको र मौकामा गरेको कागज हजुरबुबाले भनेबमोजिम लेखाइदिएको भन्ने बेहोरा लेखाएको पाइयो । त्यस्तै पीडितकी हजुरबुवा जाहेरवाला धादिङ्ग १(द) ले पनि अदालतमा गरेको बकपत्रमा प्रतिवादीले मेरो नातिनी पीडित धादिङ्ग १(थ)लाई करणी गरेको नदेखेको तर निजसँगै रहेको अवस्थामा भेटी फर्काएर ल्याएको हो, सो अवस्थामा प्रतिवादी नाङ्गो अवस्थामा रहेको सम्म देखेको भन्ने बेहोराले पनि पीडितको भनाइलाई अन्यथा

भन्न सकिने अवस्था देखिदैन । प्रत्यक्षदर्शी भनिएका रमिला थापा मगर र गिता थापा मगरले प्रतिवादीले पीडितलाई फकाई गोरेटो बाटोतर्फ लगी अनैतिक कार्य गरि राखेको देखेको र निज पीडितलाई घट्नास्थलबाट ल्याएको भनी मौकामा कागज गरेपनि अदालतमा भएको बकपत्रमा प्रतिवादी र पीडितलाई सँगै हिडेको देखेको भन्ने सम्मको बेहोरा लेखाई दिएको देखिने ।

जिल्ला अस्पताल, धादिङको च.नं. २१६ मिति २०७०।१२।४ को पत्रबाट प्राप्त पीडित धादिङ १(थ) को स्वास्थ्य परीक्षण प्रतिवेदनमा "It can be said that sexual intercourse has not occurred. No signs of struggle seen." भन्ने बेहोरा उल्लेख गरि करणी नभएको र कुनै संघर्ष भएको पनि नदेखिएको भन्ने बेहोरा उल्लेख भएबाट करणी भएको भन्ने यकिनसाथ भन्न सकिने देखिएन । जबरजस्ती करणीको महलको १ को देहाय (ग) मा जबरजस्ती करणी हुनको लागि "योनिमा लिङ्ग केही मात्र प्रवेश भएको रहेछ भने पनि यस नम्बरको प्रयोजनको लागि करणी गरेको मानिनेछ" भन्ने उल्लेख भएबाट करणीको वारदात पुष्टि हुनको लागि लिङ्ग केही मात्रामा भएपनि योनिमा प्रवेश गरेकै हुनुपर्ने अवस्थाको विद्यमानता अनिवार्य रहेको देखियो । पीडितको योनिमा करणी भएको संकेत नदेखिएको र मौकामा कागज गर्ने सबैले प्रस्तुत वारदातको सम्बन्धमा अदालतमा गरेको बकपत्रमा करणी भएको देखेको भन्न सकेको पनि नदेखिने ।

प्रतिवादी फिर्केवी भन्ने पूर्ण बहादुर थापा मगरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ र ३(१) नं. को कसुरमा सोही महलको ३(१) नं. बमोजिम १० वर्ष कैद र प्रतिवादीबाट पीडितलाई १,००,०००।- क्षतिपूर्ति भराइदिने गरी भएको सुरू धादिङ्ग जिल्ला अदालतको मिति २०७१।९।२८ को फैसला केही उल्टी गरी प्रतिवादीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ५ नं.अनुसार जबरजस्ती करणीको उद्योगमा ५ वर्ष कैद हुने ठहऱ्याई भएको उच्च अदालत पाटनको मिति २०७३।७।२ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत :- शम्भुप्रसाद रेग्मी

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०८० साल असोज २३ गते रोज ३ शुभम् ।

**३३**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७२-CI-०५२३, ०७२-CI-०६११, लिखत बदर, रमेश मग्रान्ती (मंग्राती), वि. रामकृष्ण मग्रान्तीसमेत, सुर्वण अमात्य वि. मिठु मंग्रातिसमेत*

वादी मिठु मंग्राती र रमेश मंग्रातीका ससुरा/बाजे कान्छा सार्की, निजका छोराहरू जेठो वादीका पति/पिता रामकृष्ण मंग्राती र कान्छो श्याम मंग्रातीसहित तीन जना मूल अंशियार रहेको तथ्यमा विवाद देखिँदैन । प्रतिवादी रामकृष्ण मंग्रातीको हाँगातर्फका अंशियारहरूमा रामकृष्ण मंग्राती, जेठी श्रीमती वादी मिठु मंग्राती, निजतर्फको छोरा वादी रेमश मंग्राती, कान्छी श्रीमती पार्वती मंग्राती, र निजतर्फका छोरा दुईजनासमेत कूल ६ जना अंशियार रहेको तथ्यमा पनि मुख मिलेकै देखिन्छ । वादी मिठु मंग्राती र रेमश मंग्रातीले प्रतिवादी रामकृष्ण मंग्रातीउपर मिति २०६८/११/५ मा अंश मुद्दा दायर गरी विचाराधीन रहेको अवस्थामा कान्छा सार्कीले का.जि. भिमढुङ्गा गा.वि.स. वडा नं. १क. कि.नं. २२३ को जग्गा मिति २०६९/९/६ मा र.नं. ३७३२क. बाट प्रतिवादी सुवर्ण अमात्यलाई राजीनामा पास गरिदिएको देखियो । विवादित जग्गा वादीले अंश पाउने प्रकृतिको सम्पत्ति होइन भनी जिकिर लिएको पाइएन । अंश मुद्दा चल्दाचल्दैको अवस्थामा आफ्नो भएको सम्पत्ति वादीको सहमति वा मन्जुरी नलिई लिखत पारित गरी हक हस्तान्तरण गरेको; वादीले अंश पाउने अन्य सम्पत्ति रहे-भएको नदेखिएको; र वादी मिठु मंग्राती र रेमश मंग्रातीको सौता/सौतेनी आमा रहेको सन्दर्भमा हेर्दा विवादित लिखत वादीको हक मेट्ने

अभिप्रायले नै गरेको भन्ने देखिएको छ । यस प्रकारको व्यवहारलाई घर व्यवहार चलाउने प्रयोजनले गरिएको कार्य भनी मान्न मिल्ने देखिँदैन । अंश मुद्दा अदालतमा विचाराधीन रहेको अवस्थामा सो अंश मुद्दाका प्रतिवादी रामकृष्णलाई साक्षी राखी लिखत भएको कुराले मात्र प्रतिवादीको व्यवहारको औचित्य प्रमाणित हुन सक्ने देखिँदैन । यसैगरी, अदालतमा अंश मुद्दा विचाराधीन रहँदाको अवस्थामा सगोलको अंशियारको हैसियतमा रहेका वादीसमेतको सम्पत्ति लिखत पारित गरी हक हस्तान्तरण गरेको देखिँदा वादी रमेश मग्रान्तीको उमेर २१ वर्ष पुगेको थिएन भन्ने सन्दर्भमा प्रतिवादीले लिएको जिकिर पनि मनासिब नदेखिने ।

वादी दाबी प्रतिकूल हुने गरी तथा कानूनको त्रुटिपूर्ण प्रयोग गरी भएको पुनरावेदन अदालत पाटनको मिति २०७२/३/२१ को फैसला केही उल्टी हुन्छ र विवादित कि.नं. २२३ को ०-९-१-० जग्गा र.नं. ३७३२क. मिति २०६९/९/६ मा हक हस्तान्तरण गरेको लिखतको ३ भागमध्ये प्रतिवादी रामकृष्ण मंग्रातीको भागमा पर्ने १ भागमध्येबाट ६ भाग लगाई सो ६ भागको २ भाग (वादीको भाग) लिखत (उत्तरतर्फबाट) बदर भई सो जग्गा वादीका नाममा दर्तासमेत हुने

इजलास अधिकृत:- भेषराज कोइराला

इति संवत् २०८० साल जेष्ठ १ गते रोज २ शुभम् ।

**३४**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुनिलकुमार पोखरेल,** *०७५-CR-१७५९, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. दिपक मगर*

तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ र २ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ अन्तर्गत नपर्ने भएमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२बमोजिमको प्रकृया अपनाई मुलुकी ऐन, आसय करणीको महलअन्तर्गत पर्ने भए पहिला आसय करणीमा परिणत गरिदिई सरोकारवाला झिकाई सरोकारवालाले मुद्दा सकार गरेमा मुद्दाको पक्ष कायम गरी प्रस्तुत मुद्दाको कारबाही र किनारा गर्नुपर्नेमा सुरू जिल्ला अदालतबाट भएको फैसलालाई उल्टी गरी आसय करणीको कसुर ठहऱ्याई प्रतिवादीलाई सजायसमेत गरेको फैसला तत्कालीन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२ मा भएको प्रावधान एवं तोकिएको कार्यविधिको अनुसरण नगरी आसय करणीको महलको १ नं. बमोजिम कसुर कायम गरी सजायसमेत हुने ठहऱ्याई उच्च अदालत पोखरा, वागलुङ इजलासबाट भएको फैसलामा उल्लिखित कानूनहरूद्वारा निर्धारित कार्यविधि एवं कानूनविपरीत भएको देखिन आएकोले उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७५।२।२३ मा भएको फैसला कानून र न्यायको रोहमा मिलेको देखिन आएन । यद्यपि प्रस्तुत मुद्दाको प्रकृति, वारदातको स्थिति एवं तथ्य प्रमाणहरूबाट प्रतिवादीले गरेको कार्य मुलुकी ऐन, जबरजस्ती करणीको महल अन्तर्गतको कसुर नभई (यौन दुर्व्यवहार) आसय करणी महलअन्तर्गतको कसुर देखिने ।

प्रतिवादी दीपक मगरलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(४) नं. तथा ५ नं.बमोजिम दुई वर्ष छ महिना कैद सजाय हुने ठहऱ्याई सुरू मुस्ताङ जिल्ला अदालतबाट २०७४।१२।४ मा भएको फैसला उल्टी गरी आसय करणीको कसुर ठहऱ्याई निज प्रतिवादीलाई मुलुकी ऐन, आसय करणीको महलको १ नं.बमोजिम चार महिना कैद सजाय हुने र पीडितलाई प्रतिवादीबाट रु.१०,०००।- क्षतिपूर्तिसमेत भराइदिने ठहऱ्याई भएको उच्च अदालत पोखरा, बाग्लुङ इजलासबाट मिति २०७५।२।२३ मा भएको फैसलामा कार्यविधिगत त्रुटी भएको हुँदा उक्त फैसला उल्टी हुन्छ । अब मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२बमोजिमको प्रक्रिया

अपनाई सरोकारवाला पक्षले मुद्दा सकार गरेमा मुद्दाको कारबाही र किनारा गर्नु भनी प्रस्तुत मुद्दा सुरू जिल्ला अदालतमा पठाइ दिने ।

इजलास अधिकृत :- लाल सिह थापा

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०८० साल माघ २ गते रोज ३ शुभम् ।

## ३५

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री सुनिलकुमार पोखरेल,** *०७६-CR-०१६०, जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. लटल भन्ने पवन कुमार साह*

वारदातस्थल र वारदातको समयलाई हेर्दा वारदात भएकोस्थल डवरा पोखरीको किनारमा र वारदात समय २०७२।७।२४ गते दिनको अं.१२ बजे भनी पीडितसमेतले उल्लेख गरिदिएको छ। पीडितले लगाएको सुरूवाल तानी खोलिदिएको र च्यातिएको भनी उल्लेख भएकोमा प्रतिवादीले खोली दिएको पीडितको सो सुरूवाल दशीको रूपमा पेस हुन सकेको अवस्था देखिँदैन । जिल्ला अस्पताल, सिराहाको मिति २०७२।८।३ को स्वास्थ्य परीक्षण प्रतिवेदन हेर्दा पीडितको शरीरमा कुनै घाउँ चोट वा खोस्रिएको डामसमेत रहेको नदेखिएकोले प्रतिवादीले जबरजस्ती करणीको वारदात गरेको भन्ने पुष्टि हुन नसकेको।

पीडितलगायत जाहेरवाली तथा अनुसन्धानमा कागज गर्ने मानिसहरूको बकपत्रबाट प्रतिवादीले आसय करणीको मनसायले पीडितलाई निजको संवेदनशील अङ्गमा समेत समाति यौन दुर्व्यवहार गरेको देखिन्छ। मुलुकी ऐन आसय करणीको महलको १ नं. मा "कसैले कुनै महिलाको मन्जुरीबिना निजको संवेदनशील अङ्ग छोएमा वा छुने प्रयास गरेमा, निजको भित्रि पोसाक खोलेमा वा खोल्ने प्रयास गरेमा, निजलाई अस्वाभाविक रूपमा कुनै एकान्त ठाउँमा लगेमा, आफ्नो यौनसम्बन्धी अङ्ग निजलाई छुन, समाउन लगाएमा वा निजलाई अश्लील वा अन्य त्यस्तै प्रकारको शब्द, सङ्केत प्रयोग गरेमा वा चित्र, तस्विर देखाएमा, यौनका आसयले जिस्काएमा वा हैरानी दिएमा वा निजसँग यस्तै अन्य कुनै किसिमले अस्वाभाविक, अवाञ्छित वा अमर्यादित व्यवहार गरेमा वा निजलाई करणीका आसयले समातेमा यौन दुर्व्यवहार गरेको मानिने छ" भनी उल्लेख गरेको र प्रस्तुत मुद्दाको वारदातको प्रकृति र घटना विवरणसमेतलाई हेर्दा आसय करणीको महलअन्तर्गत पर्ने प्रकृतिको देखिन आएकोले अभियोग दाबीबमोजिमको कसुरलाई आसय करणीमा परिणत गरेको उच्च अदालत जनकपुर, राजविराज इजलासबाट भएको फैसला कानून र न्यायको रोहमा मिलेको देखिने।

प्रतिवादी लटल भन्ने पवन कुमार साहले अभियोग मागदाबीबाट सफाइ पाउने ठहर गरेको सुरू सिराहा जिल्ला अदालतबाट भएको फैसला उल्टी गरी प्रतिवादीले गरेको कसुर आसय करणीमा परिणत गरिदिने ठहर्‍याई भएको उच्च अदालत जनकपुर, राजविराज इजलासबाट मिति २०७४।८।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत:- लाल सिह थापा

कम्प्युटर अपरेटर:- कृष्ण गिरी

इति संवत् २०८० साल माघ २ गते रोज ३ शुभम् ।

## ३६

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुनिलकुमार पोखरेल,** *०७५-CR-१७५६, सवारी ज्यान, नेपाल सरकार वि. कुमार थापासमेत*

प्रतिवादी कुमार थापाउपर लिइएको सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को अभियोगदाबी सम्बन्धमा हेर्दा, प्रतिवादीले मोटरसाइकलमा पछाडिपट्टि अर्को यात्रु राखेर चलाएको अवस्था छ। प्रतिवादी कुमार थापाले चालक अनुमतिपत्र लिएको देखिँदैन । शान्तिनगर गेटनजिक पुग्दा विपरीत दिशाबाट गइरहेको गाडीको लाइट फोकसले गर्दा बाटो काट्दै गरेका पैदल यात्रीलाई नदेखेको कारण ठक्कर दिई पैदल यात्री रीता चौधरी, शिल्पा रिमाल साथै म र मोटर साइकल पछाडि बस्ने

सिता भण्डारीसमेत घाइते भएकोमा घाइतेमध्ये रीता चौघरीको उपचारको क्रममा मृत्यु भएको थाहा पाएको हुँ भनी निज प्रतिवादी कुमार थापाले सुरू अदालतमा बयान गर्दा उल्लेख गरेको देखिन्छ। सवारी चलाउने यी प्रतिवादीले आफ्नै दिशामा रहेर चलाएको मोटरसाइकलमा अपर्झट दुर्घटना भएकोसम्म देखिन्छ । सो तथ्यले यी प्रतिवादीउपरको दाबीलाई खण्डित गरेको छ । यस अवस्थामा निज प्रतिवादी कुमार थापालाई दाबीबमोजिम सजाय नगरी ऐनको दफा १६१(३) बमोजिम सजाय गरेको उच्च अदालत पाटनको फैसला मिलेकै देखिन आयो। अब, प्रतिवादी कुमार थापासँग सवारी चालक अनुमतिपत्र नभएकोले निजलाई सवारी तथा यातायात व्यवस्था ऐनको दफा १६१(४) बमोजिम थप सजाय गरेको सुरू तथा उच्च अदालतको फैसला मिले नमिलेकोतर्फ हेर्दा, राजकुमार कुमालको जाहेरीले वादी नेपाल सरकार र प्रतिवादी दिपक तामाङ भएको ०७७-CF-०००१ भएको सवारी ज्यान मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०७९।११।१८ मा भएको फैसलामा प्रतिवादी दिपक तामाङको सबारी चालक अनुमति पत्र नभए पनि व्यक्तिगत दुई पाङ्ग्रे सबारी साधन (मोटर साइकल) सावधानीपूर्वक चलाएको अवस्थामा दुर्घटना भई पैदल यात्रु राम प्रसाद कुमाललाई ठक्कर लाग्न गई निजको मृत्यू भएको अवस्थामा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(३) बमोजिम ६ महिना कैद सजाय हुने र ऐ. ऐनको दफा १६१(४) बमोजिमको अभियोग दाबीमा थप रु.२,०००।- जरिवाना नहुने गरी फैसला भएको र प्रस्तुत मुद्दाको प्रकृति र तथ्य समान देखिएकोले सोही मुद्दामा प्रतिपादित सिद्धान्तको आधारमा ऐ. ऐनको दफा १६१(४) बमोजिम प्रस्तुत मुद्दाका प्रतिवादी कुमार थापालाई थप सजाय हुने अवस्था नदेखिने।

अर्का प्रतिवादी पुजा न्यौपानेको हकमा निजले लाइसेन्स नभएको व्यक्तिलाई सो मोटर साइकल र साँचो दिएको कारण निज प्रतिवादी कुमार थापाले उक्त मोटर साइकल चलाउदा सो दुर्घटना भई रीता चौधरीको मृत्यूसमेत भएको कुरा मिसिल संलग्न कागजातबाट पुष्टि भएकोले निजलाई अभियोग दाबीबमोजिम कसुर कायम गरी सजाय गरेको र दण्ड सजायको ११क.नं.बमोजिम कैदबापत प्रतिदिन बापतको रूपियाँ बुझाउन पाउने व्यवस्था भएअनुसार नै उक्त फैसलाको ठहर खण्डमा सो कुरा उल्लेख भएको देखिँदा सुरू अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिने।

प्रतिवादी कुमार थापालाई सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ दफा १६१(४) बमोजिम थप रू.२,०००।– (दुई हजार) जरिबाना गरेको हदसम्म सुरू तथा उच्च अदालतको फैसला कायम नहुने र निज प्रतिवादीलाई दफा १६१(३) बमोजिम आठ महिना कैद सजाय गरेको र अर्का प्रतिवादी पुजा न्यौपाने (थापा)लाई अभियोग दाबीबमोजिम दुई महिना कैद सजाय हुने ठहऱ्याई निजका हकमा दण्ड सजायको ११क. नं.बमोजिम रकम लिई कैदको लगत कट्टा गर्ने गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत पाटनबाट मिति २०७४।७।२६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत:- लाल सिंह थापा

कम्प्युटर :- कृष्ण गिरी

इति संवत् २०८० साल माघ २ गते रोज ३ शुभम् ।

## इजलास नं.६

### ३७

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७४-CR-०६४७, ०७५-RC-०००६, ०७७-FN-०२२४, कर्तव्य ज्यान, नेपाल सरकार वि. रवि पुन मगर, नेपाल सरकार वि. रवि पुन मगर, रवि पुन मगर वि. नेपाल सरकार*

प्रतिवादी हजरत अलि सैयादको आरोपित

कसुरमा के कसरी संलग्न रहे नरहेतर्फ विचार गर्दा, आफ्नो सालो नाता पर्ने अर्का प्रतिवादी इमरान खानले ठुलो बुबालाई भेट्न जान्छु भनी आफूसँग मोटरसाइकल मागेकोले निजलाई मोटरसाइकल दिएको भनी हजरत अलि सैयादले अनुसन्धानमा मौकाको बयान गरेको देखिन्छ । निजले आफ्नो सालोले प्रस्तुत वारदातमा सो मोटरसाइकल प्रयोग गर्न वा गर्लान् भन्ने सोची जानीजानी दिएको भन्ने देखिँदैन । मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १७(३) मा "अरु किसिमसँग मत सल्लाहमा पसेकोमा मार्ने ठाउँमा गई अरु कुरा केही नगरी हेरी रहनेलाई र लेखिएदेखिबाहेक अरू किसिमका मतलबीलाई छ महिनादेखि तीन वर्षसम्म कैद गर्नुपर्छ ।" भन्ने कानूनी प्रावधान रहेको सन्दर्भमा वारदातस्थलमा निज प्रतिवादी हजरत अलि सैयादको भौतिक उपस्थिति रहे भएको पाइँदैन । सो वारदातमा निजले सहयोगीको भूमिका निर्वाह गरेको तथ्य कहीँकतैबाट खुल्न आउँदैन । अतः निजका हकमा आरोपित कसुरबाट सफाइ दिने गरी सुरू बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासको फैसला मिलेकै देखिने ।

सुरू बाँके जिल्ला अदालतबाट प्रतिवादीमध्येका रवि पुन मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं. को कसुरमा ऐ.को १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद एवं ऐ.को १५ नं. बमोजिम थप १० वर्ष कैद सजाय हुने गरी तथा प्रतिवादी हजरत अलि सैयादलाई अभियोग मागदाबीबमोजिमको आरोपित कसुरबाट सफाइ दिने गरी भएको फैसलामा प्रतिवादी रवि पुन मगरका हकमा सर्वस्वसहितको जन्मकैद गर्ने सुरू सजायलाई सदर गरी ज्यान मार्ने उद्योगको कसुरको हकमा ठहरेको सुरू सजाय उल्टी गरी निज प्रतिवादी रवि पुन मगरले ज्यान मार्ने कसुरमा सफाइ पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७४।०१।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन १९ गते रोज ३ शुभम् ।

**३८**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०२५०, ०७२-CR-०७५२, ०७२-CR-०८३७, ०७२-CR-०८३९, ०७४-RC-००५६, कर्तव्य ज्यान, सुरेन्द्र बि.क.समेत वि. नेपाल सरकार, नेपाल सरकार वि. छिचीक ठकुरी, लोप्साङ्ग गुरुङ वि. नेपाल सरकार, छिचीक विष्ट ठकुरी वि. नेपाल सरकार, नेपाल सरकार वि. धनबहादुर सुनारसमेत*

फौजदारी कसुरमा प्रतिवादी स्वयंको अपराध गरेकोमा भएको साबितीलाई कसुर पुष्टि गर्ने खम्बिर प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । स्वतन्त्र रूपमा गरिएको त्यस्तो साबितीलाई महत्त्वपूर्ण प्रमाणको रूपमा लिइन्छ । यी प्रतिवादीहरू लोप्साङ गुरुङ, धनबहादुर सुनार, अनिल बि.क., सुरेन्द्र बि.क. र श्यामबहादुर विश्वकर्माले अधिकार प्राप्त अधिकारी एवं सुरू अदालतसमक्ष कसुर अपराधमा आफ्नो संलग्नता रहे भएको स्वीकार गरी साबिती बयान गरिदिएको पाइन्छ । प्रतिवादी छिचीक विष्टले अदालतसमक्ष वारदातमा आफ्नो संलग्नता नरहेको भनी इन्कारी बयान गरे तापनि निजले अनुसन्धानको क्रममा गरेको बयान कागज, निजउपरसमेत परेको किटानी जाहेरी दरखास्त, ताक्ला गुरुङसमेतले गरेको कागज एवं बकपत्र, निज र लोप्साङ गुरुङबिच वारदात अघि पछि भएको कुराकानीको कलडिटेललगायतका प्रमाणबाट यी प्रतिवादी छिचीक विष्ट वारदातमा संलग्न नरहेको भन्न सकिने अवस्था देखिएन । साथै फौजदारी अपराधमा मनसाय (Mens Rea) एवं आपराधिक कार्य (Actus Reus) लाई आपराधिक कार्य पुष्टि गर्नमा केन्द्रीय तत्वको रूपमा मानिन्छ । सोतर्फ हेर्दा, मिसिल संलग्न किटानी जाहेरी, सोही मिलानको बकपत्र, फेला परेको मानव शरीरको टाउको, खुट्टा,

घुँडा माथिको फिलासमेतका मानव अङ्गहरू आफ्नो भाइ पेम्बा ठकुरीको हो भनी मृतकको दाजु जाहेरवाला आङ्गेल विष्टले हेरी सनाखत गरिदिएको कागजहरू र प्रतिवादीहरूले पेम्बालाई लडाई कसैले खुट्टा, कसैले टाउको र कसैले पुठामा थिची अनिल बि.क.ले मृतकको हात सलले बाँधी घाँटीमा आफ्नै पेटीले कसी हत्या गरी लास सबैजना मिली पानीमा लगी लोप्साङको निर्देशानुसार टुक्रा टुक्रा पारी नदीमा फाली दिएका हौं भनी आफू साबित हुँदै, अन्यलाई पोल गर्दै अनिल बि.क., धनबहादुर सुनारसमेतका प्रतिवादीहरूले आफ्नो बयान बेहोरा लेखाइ दिएको पाइन्छ । चिकित्सकले उक्त मानव अङ्गहरूमा धारिलो हतियार प्रयोग गरी काटिएको हुन सक्ने भनी राय दिएको देखिन्छ । उल्लिखित सबुत प्रमाणहरूको आधारमा पेम्बा विष्टको मृत्यु प्राकृतिक वा स्वाभाविक नभई प्रतिवादीहरूको कर्तव्यबाट भएको स्थापित हुन आएको देखियो । यी प्रतिवादीहरूले पेम्वा विष्टलाई मार्न लगाउने एवं मार्ने कार्यमा आफूहरूको मनसाय नरहेको भनी कुनै पनि किसिमको प्रमाण गुजार्न सकेको समेत देखिँदैन । उल्लिखित तथ्य एवं घटनाले निज प्रतिवादीहरूले मनसायपूर्वक आपराधिक कार्य गरेकोमा दुईमत नदेखिने ।

प्रतिवादी धनबहादुर सुनारसमेत लोप्साङको पैसाको प्रलोभनमा परी अनिल बि.क.ले आफूले लगाएको पेटीले पेम्बा विष्टको घाँटी कसी निज अनिल बि.क.समेतका साथीहरू संलग्न भई लोप्साङको योजनाअनुसार पेम्बालाई मारी निजको शरीर टुक्रा टुक्रा पारी कालीगण्डकी नदीमा फालेको भनी लोप्साङसमेतलाई पोल गरी साबिती भएको पाइन्छ । यसरी यी प्रतिवादीहरू धनबहादुर सुनार, सुरेन्द्र बि.क. र श्यामबहादुर विश्वकर्माले वारदातस्थलमा उपस्थित भई पेम्वा विष्टको जिउमा हात हाली मार्न संयोग पारिदिएको पुष्टि भएको परिप्रेक्ष्यमा निज प्रतिवादीहरू धनबहादुर सुनार, सुरेन्द्र बि.क. र श्यामबहादुर विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(४) नं.बमोजिम जन्मकैदको सजाय तथा प्रतिवादी अनिल बि.कले आफ्नो पेटीले पेम्वा विष्टको घाँटी कसी मारी मुख्य ज्यानमारा रहे भएको पुष्टि भएको आधारमा निज अनिल बि.क.लाई ऐ. को १३(३) नं. बमोजिम सर्वस्वसहितको जन्मकैदको सजाय हुने ठहर गरी सुरू मुस्ताङ्ग जिल्ला अदालतबाट भएको फैसलालाई प्रतिवादी सुरेन्द्र बि.क.र श्यामबहादुर विश्वकर्माको हकमा पुनरावेदनको रोहमा तथा प्रतिवादी धनबहादुर सुनार र अनिल बि.क.को हकमा साधकको रोहमा सदर गरेको पुनरावेदन अदालत बागलुङ्गको फैसला कानूनसम्मत नै देखिन आयो । तर प्रस्तुत मुद्दामा प्रतिवादी अनिल बि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू मुस्ताङ जिल्ला अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बागलुङको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि "मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने प्रावधान रहेको नहुँदा प्रस्तुत मुद्दामा प्रतिवादी अनिल बि.क.लाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने ठहर्छ । साथै सर्वस्वको सजाय नहुने भएकोले निजको अंश भागमा पर्न आउने चल अचल सम्पत्ति प्रस्तुत मुद्दाको रोहबाट रोक्का राखिएको भए

फुकुवासमेत हुने ।

जाहेरी दरखास्त, घटनास्थल प्रकृति मुचुल्का, प्रतिवादीहरूले मौकामा गरेको बयान कागज तथा सोलाई समर्थन गरी अदालतसमक्ष गरेको बयान, मौकामा घटना विवरण कागज गर्ने व्यक्तिहरूको भनाइ एवं सो समर्थित अदालतसमक्ष गरेको बकपत्र, शव परीक्षण प्रतिवेदनमा उल्लेख भएको बेहोरासमेतका मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादीहरू अनिल बि.क.समेत मिली पेम्वा विष्टलाई कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले निज प्रतिवादीहरूमध्ये प्रतिवादी अनिल बि.क.लाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादीहरू लोप्साङ गुरुङ, धनबहादुर सुनार, सुरेन्द्र बि.क. र श्यामबहादुर बि.क.लाई ऐ. महलको १३(४) नं.बमोजिम जन्मकैद तथा प्रतिवादी छिचीक ठकुरीलाई ज्यानसम्बन्धी महलको १६ नं. बमोजिम १२ वर्ष कैद ठहर हुने गरी सुरू मुस्ताङ जिल्ला अदालतले गरेको फैसलालाई सदर गरेको पुनरावेदन अदालत बागलुङबाट मिति २०७२।०३।०७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गगनदेव महतो

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन २१ गते रोज ५ शुभम् ।

**३९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७८-WH-००२३, बन्दीप्रत्यक्षीकरण, रत्नसिंह रानामगर वि. उच्च अदालत पाटन, ललितपुरसमेत*

निवेदकलाई तोकिएको कार्यविधि कानूनको पालना गरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत जारी गरी दिई अनुसन्धान कार्यको निमित्त प्रहरी हिरासतमा राखिएको तथा अनुसन्धान कार्य सम्पन्न भइसकेपश्चात् साधिकार निकायमा मुद्दा दायर भइसकेको भनी थुनछेकको आदेशसहितको कागजात यी निवेदकउपर उक्त मुद्दामा अनुसन्धान कार्य सम्पन्न भई बैंकिङ्ग कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुरमा उच्च अदालत पाटनमा ०७८-CB-०२५२ नं. को मुद्दा दायर भई मिति २०७८।५।२ मा थुनछेक आदेश भई यी निवेदक रू, ३,००,०००।-(तीन लाख) धरौटीमा छुटेको भन्ने बहसको क्रममा कानून व्यवसायीबाट पेस भई मिसिल सामेल रहेको देखिने।

निवेदकलाई उच्च अदालत पाटनबाट तोकिएको कार्यविधि कानूनको पालना गरी पक्राउ पुर्जी र थुनुवा पुर्जीसमेत जारी गरी दिई अनुसन्धान कार्यको निमित्त प्रहरी हिरासतमा राखिएको तथा अनुसन्धान कार्य सम्पन्न भइसकेपश्चात् साधिकार निकायमा मुद्दा दायर भएको भन्ने र निवेदकउपर मुद्दामा अनुसन्धान कार्यसमेत सम्पन्न भई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुरमा उच्च अदालत पाटनमा ०७८-CB-०२५२ नं. को मुद्दा दायर भई कारबाहीयुक्त अवस्थामा रहेकोमा मिति २०७८।५।२ मा थुनछेक आदेश भई यी निवेदक रु.३,००,०००।- (तीन लाख) धरौटीमा छुटेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिएकोले प्रस्तुत रिट निवेदनको औचित्य नै समाप्त भइसकेको हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन नपर्ने।

यी निवेदकलाई गैरकानूनी थुनामा राखेको भन्ने आधारमा दायर हुन आएको प्रस्तुत रिट निवेदनमा थुनामा रहेको भन्ने पार्वती पुलामी मगर थुनामुक्त भइसकेको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन आएकोले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु पर्ने अवस्था देखिन आएन। प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः कुमार खतिवडा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल भाद्र ३ गते रोज ५ शुभम् ।

**४०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** *०७०-CR-१७२४, लागु औषध*

*डाइजेपामसमेत, नेपाल सरकार वि. सुरेश भन्ने दिपेन्द्र दर्जी परियारसमेत*

प्रतिवादीहरूले लागु औषध खरिद गरी साथमा लुकाइ छिपाइ ओसारपसार गरेको भन्ने कुरा मिसिल प्रमाणबाट पुष्टि हुँदाहुँदै सेवनमा मात्र सजाय गर्ने गरी भएको पुनरावेदन अदालत हेटौँडाको फैसलामा लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) (झ) को गम्भीर त्रुटि रहेको भन्ने वादी नेपाल सरकारको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ। प्रतिवादीहरूले अदालतमा बयान गर्दा लागु औषध खरिदका लागि तीनै जना वीरगन्ज हुँदै रक्सौल जाँदा दिपेन्द्र विरगन्जमा नै छुटेका, सन्तोष वि.क. र अशोक चौधरी दुई जना रक्सौल गई लागु औषध व्युप्रिनोर्फिन, डाइजेपाम, नाइट्रोजेपाम तिन वटा मिलाई १ डोज हुने भएकाले सो लागु औषध ४५/४५ पिस रु.४,५००।- मा खरिद गरी ल्याएको र अशोक चौधरीले सोही ठाउँमा लागु औषध सेवन गरी बेहोस भएको, दिपेन्द्र र सन्तोष वि.क. बसमा नारायणगढ आएको हो, आफूहरू लागु औषध बिक्री वितरण तथा सञ्चय गर्ने व्यक्ति नभई सेवनकर्ता मात्र भएकाले बरामदी लागु औषध सेवनको लागि लिई आएको भनी बयान गरेको पाइन्छ। यी प्रतिवादीहरूले लागु औषध ओसारपसार, बिक्री तथा सञ्चय गर्ने उद्देश्यले सो लागु औषध खरिद गरेको भन्ने देखिँदैन । बिक्री वितरण तथा सञ्चय गर्ने उद्देश्यले लागु औषध खरिद गरी एक ठाँउबाट अर्को ठाउँ ओसारपसार गर्ने कार्य गरेमा ओसारपसार, सञ्चय तथा बिक्री वितरणसमेत गरेको कसुर कायम हुन जान्छ। निज प्रतिवादीहरूले आफैँ सेवन गर्नको लागि रक्सौलबाट खरिद गरी ल्याउँदैमा सो कार्यलाई ओसारपसार गरी सञ्चय तथा बिक्री वितरणसमेत गरेको भन्न मिल्ने देखिँदैन। निजहरूको संलग्नता अन्य कुनै लागु औषध खरिद बिक्री तथा ओसारपसार गर्ने गिरोह/समूहसँग रहेको भन्ने पनि मिसिलबाट खुल्न आएको देखिँदैन । बरामद भएको लागु औषधको मूल्य हेर्दा पनि ठुलो मुल्यको कारोबार भई ठुलो रकम नाफा हुने अवस्थासमेत देखिएको छैन। तिनै जना सेवनकर्ता रहेको प्रतिवादीहरूको समुहमा बरामद भएको लागु औषधको परिमाण र प्रकृति हेर्दा पनि सो परिमाण सामान्य नै रहेकोले उक्त परिमाणलाई बिक्री वितरण तथा ओसार पसार प्रयोजनको लागि ल्याएको हो भन्न सक्ने स्थिति देखिँदैन । बरामद भएको उक्त लागु औषधको परिमाण बिक्री वितरण तथा ओसारपसार प्रयोजनको लागि नभई सेवनको लागी निज प्रतिवादीहरूले किनी ल्याएको अवस्थामा पक्राउ परी बरामद भएको तथ्य मिसिल संलग्न रहेको प्रमाणबाट देखिने।

प्रतिवादीहरू सुरेश भन्ने दिपेन्द्र दर्जी परियार, सन्तोष वि.क. र माइला भन्ने अशोक चौधरीलाई लागु औषध सेवनतर्फ लागु औषध (नियन्त्रण) ऐन, २०३१ को दफा १४(१)(ज) बमोजिम जनही १ महिना १५ दिन कैद सजाय हुने र दफा १४(१)(झ) को दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू चितवन जिल्ला अदालतबाट मिति २०६९।८।७ मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७०।७।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: हेमराज शर्मा

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल भाद्र २४ गते रोज १ शुभम्।

**४१**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-०००२, बन्दीप्रत्यक्षीकरण, मनोज भुजेल वि. महानगरीय प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसमेत*

यी निवेदकसमेतले आत्महत्या गर्न बाध्य पारेकोले निजले झुण्डिई आत्महत्या गरेको भन्ने कसुरमा गैरकानूनी रूपमा पक्राउ गरेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने रिट निवेदन मागदाबी रहेको पाइन्छ। उक्त आत्महत्या दुरुत्साहन मुद्दामा निवेदकसमेतलाई पक्राउ गरी मुद्दा अनुसन्धान गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई

काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।४।१८ मा थुनछेक आदेश हुँदा यी निवेदकबाट रु.२,००,०००।- धरौटी माग भई सो धरौटी दाखिला गरी हाल थुनामुक्त भइसकेको भनी निवेदकको कानून व्यवसायी अधिवक्ता धनबहादुर ए.सी.ले मिति २०७८।४।२१ मा आदेशको प्रतिलिपिसमेत साथै राखी रिट निवेदन फिर्ता गरिपाउन निवेदन दिई सनाखतसमेत गरिदिएको देखिन्छ। रिट निवेदन दायर गर्ने सम्बन्धित व्यक्तिले नै रिट निवेदन फिर्ता गरिपाउँ भनी निवेदन नदिएको र सनाखत नगरेको अवस्थामा निजका कानून व्यवसायीले रिट निवेदन फिर्ता गरिपाउँ भनी दिएको निवेदनको आधारमा मात्र रिट निवेदन फिर्ता गर्ने कानूनी व्यवस्थाको अभावमा निवेदकको कानून व्यवसायीले दिएको निवेदनबाट मात्र रिट निवेदन फिर्ता गर्न मिल्ने देखिएन । निवेदकको कानून व्यवसायीले दिएको निवेदनबमोजिम रिट निवेदन फिर्ता गर्न नमिल्ने भए पनि निवेदक शर्मिला भुजेल थुनामुक्त भइसकेको भनी निवेदकका कानून व्यवसायीले सुनुवाइको क्रममा इजलासलाई जानकारी गराउनुभएको तथा रिट निवेदन फिर्ता गर्ने निवेदनमा समेत निवेदक थुनामुक्त भएको बेहोरा उल्लेख भई निवेदक हाल थुनामा रहेको नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदनको औचित्यमाथि विचार गरिरहनुपर्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम् ।

**४२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा.श्री कुमार चुडाल,** *०७८-WH-०००१, बन्दीप्रत्यक्षीकरण, बिमला मगर भुजेलसमेत वि. महानगरीय प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसमेत*

मृतक किशोर भुजेललाई निवेदकहरूसमेतले आत्महत्या गर्न बाध्य पारेकोले निजले झुण्डिई आत्महत्या गरेको भन्ने कसुरमा गैरकानूनी रूपमा पक्राउ गरेकाले बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने रिट निवेदन मागदाबी रहेको पाइन्छ । उक्त आत्महत्या दुरुत्साहन मुद्दामा निवेदकहरूसमेतलाई पक्राउ गरी मुद्दा अनुसन्धान गरी काठमाडौं जिल्ला अदालतमा मुद्दा दायर भई काठमाडौं जिल्ला अदालतबाट मिति २०७८।४।१८ मा थुनछेक आदेश हुँदा यी निवेदकहरूबाट जनही रु.७५,०००।- धरौटी माग भई सो धरौटी दाखिला गरी हाल थुनामुक्त भइसकेको भनी निवेदकको कानून व्यवसायी अधिवक्ता धनबहादुर ए.सी.ले मिति २०७८।४।२१ मा आदेशको प्रतिलिपिसमेत साथै राखी रिट निवेदन फिर्ता गरिपाउन निवेदन दिई सनाखतसमेत गरिदिएको देखिन्छ। रिट निवेदन दायर गर्ने सम्बन्धित व्यक्तिले नै रिट निवेदन फिर्ता गरिपाउँ भनी निवेदन नदिएको र सनाखत नगरेको अवस्थामा निजका कानून व्यवसायीले रिट निवेदन फिर्ता गरिपाउँ भनी दिएको निवेदनको आधारमा मात्र रिट निवेदन फिर्ता गर्ने कानूनी व्यवस्थाको अभावमा निवेदकको कानून व्यवसायीले दिएको निवेदनबाट मात्र रिट निवेदन फिर्ता गर्न मिल्ने देखिएन । निवेदकको कानून व्यवसायीले दिएको निवेदनबमोजिम रिट निवेदन फिर्ता गर्न नमिल्ने भए पनि निवेदकहरू बिमला मगर भुजेल र सन्तोष भुजेल थुनामुक्त भइसकेको भनी निवेदकका कानून व्यवसायीले सुनुवाइको क्रममा इजलासलाई जानकारी गराउनुभएको तथा रिट निवेदन फिर्ता गर्ने निवेदनमा समेत निवेदक थुनामुक्त भएको बेहोरा उल्लेख भई निवेदकहरू हाल थुनामा रहेको नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिपाउँ भन्ने निवेदनको औचित्य माथि विचार गरिरहनुपर्ने अवस्था नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७८ साल साउन २४ गते रोज १ शुभम् ।

## ४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री नहकुल सुवेदी,** *०७३-WO-१३२५, उत्प्रेषणयुक्त परमादेशसमेत, जयहरिनाथ पाण्डे वि. काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ स्थित गुठी संस्थान, प्रधान कार्यालय, त्रिपुरेश्वर काठमाडौंसमेत*

विवादित जग्गा बिर्तावाला महन्त राघव दासको जमिन्दारीभित्रको हदभन्दा बढी भएको जग्गा भएको र यी निवेदकले खरिद गरेकोमा सर्वोच्च अदालतको मिति २०३२।०४।१५ को फैसलाले बदर गरी यी निवेदक जयहरिनाथ पाण्डेको स्वामित्व बदर गरी निजको जग्गाधनीको हैसियत समाप्त भएको भनी रिट निवेदकले स्वीकार गरेको हुँदा उक्त जग्गाको जग्गाधनी गुठी संस्थान भएको कुरामा विवाद देखिँदैन । यसै गरी निवेदकले दाबी गरेको जग्गामा निवेदकले विधिवत रूपमा प्राप्त गरेको मोहीको प्रमाणपत्र साधिकार निकायबाट बदर बातिल भएको देखिँदैन। सर्वोच्च अदालतको मिति २०३२।०४।१५ को फैसलाले निवेदकको जग्गाधनी हकसम्म बदर बातिल भए पनि सोभन्दा अघि मोहीको हैसियतमा प्रमाणपत्र प्राप्त गरी निवेदकले जोतभोग गरिआएको देखिन्छ। उक्त जग्गा गुठी तैनाथी भई सम्पूर्ण अधिकार गुठी संस्थानमा रहेको भनी उक्त जग्गामा मोहीमा जनिएको तथा मोहीको प्रमाणपत्र भएका यी निवेदकको मोही लगत कट्टा गरी गुठी तैनाथीमा लगत राख्ने भनी गुठी संस्थानले निर्णय गरेको पाइन्छ । विपक्षी गुठी संस्थानले निवेदकले प्राप्त गरेको भनिएको मोही प्रमाणपत्रका बारेमा लेखी पठाएको र भूमि सुधार कार्यालय र मालपोत कार्यालयबाट निर्णय नभएको भनी जिकिर गरे पनि साधिकार निकायबाट मोही मानी मोहियानी प्रमाणपत्रको सम्बन्धमा टुङ्गो नलाग्दै यी निवेदकको नामको मोही लगत कट्टा गरी गुठी तैनाथीको लगत राख्ने गरी भएको गुठी संस्थान शाखा कार्यालय, वीरगन्जको मिति २०७३।११।२० को निर्णयबाट प्रकारान्तरमा यी निवेदक जयहरिनाथ पाण्डे उक्त जग्गाको मोही होइनन् भनी अर्थ लाग्ने गरी निर्णय हुन गएको देखियो । कुनै जग्गामा मोहियानी हकसम्बन्धी तेरो मेरो प्रश्न, मोहियानी प्रमाणपत्रसम्बन्धी विवाद तथा मोही लगत कट्टासम्बन्धी विवाद भएमा त्यसको निरुपण गर्न क्षेत्राधिकार भूमिसम्बन्धी ऐन, २०२१ को दफा ३१(क) र तत्काल प्रचलित भूमिसम्बन्धी नियमहरू, २०२१ ले सम्बन्धित भूमिसुधार अधिकारीलाई प्रदान गरेको देखिन्छ। निवेदकको मोही लगत कट्टासम्बन्धी प्रस्तुत विवादमा गुठी संस्थान आफैँले मोही लगत कट्टा गर्ने निर्णय गरेको देखिन्छ। जबकि मोहीको लगत कट्टा गर्ने अधिकार गुठी संस्थानलाई कानूनले प्रत्याभूत गरेको देखिँदैन । क्षेत्राधिकार नाघी भएको निर्णय अनधिकृत मानिन्छ र त्यस्तो निर्णयको कानूनी वैधता रहन नसक्ने।

प्रस्तुत विवादमा निवेदकले प्राप्त गरेको मोहियानी हकको प्रमाणपत्र साधिकार निकायबाट बदर बातिल नभएको अवस्थामा निवेदकले दाबी गरेको उल्लिखित जग्गामा निवेदक मोही भएको मान्नुपर्ने देखियो । निवेदक विधिवत मोही कायम रहेसम्म निवेदकको मोहीको लगत कट्टा गर्ने अधिकार विपक्षी गुठी संस्थानलाई रहे भएको नदेखिँदा क्षेत्राधिकार नाघी गुठी संस्थानबाट निवेदकको नाउँको मोही लगत कट्टा गर्ने निर्णय तथा तत्सम्बन्धी कामकारबाहीहरू क्षेत्राधिकार नाघी भएको देखिँदा कानूनसम्मत नदेखिनुका अतिरिक्त उल्लिखित प्रतिपादित सिद्धान्तको समेत प्रतिकूल भएकाले निवेदकले दाबी गरेको जग्गाको निवेदकको नामको मोही लगत कट्टा गर्ने गुठी संस्थान प्रधान कार्यालयको मिति २०७३।०९।२६ को निर्णय तथा गुठी संस्थान शाखा कार्यालय, वीरगन्जबाट मिति २०७३।११।२० को निर्णय तथा तत्सम्बन्धी कामकारबाही उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब, दाबीका कि.नं. ७४, १९२ र २५० को जग्गामा यी निवेदक जयहरीनाथ पाण्डेको नाममा कायम रहेको मोहीको लगत यथावत् कायम राख्नु भनी

विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।
इजलास अधिकृतः गोविन्द आचार्य
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०८० साल मंसिर १४ गते रोज ५ शुभम् ।

४४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७६-WO-०२६२, उत्प्रेषणयुक्त परमादेश, सुमित्रा महर्जन वि. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

सङ्घीयता कार्यान्वयन गर्न संविधानको धारा ३०२(२) मा सरकारी सेवामा कार्यरत राष्ट्र सेवक कर्मचारीलाई नेपाल सरकारले कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहमा समायोजन गरी सेवा प्रवाहको प्रबन्ध गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको पाइन्छ। उक्त संवैधानिक व्यवस्थाबमोजिम सङ्घीयता कार्यान्वयनका लागि कर्मचारी समायोजन ऐन, २०७५ लागु भई कर्मचारी समायोजन गर्ने क्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८५४ मिति २०७६।०३।३० को पत्र तथा महालेखा नियन्त्रक कार्यालयको मिति २०७६।०४।०१ को निर्णयानुसार समायोजन संशोधन गरी रिट निवेदकलाई महालक्ष्मी नगरपालिका, ललितपुरमा प्रशासन सेवा, लेखा समूह, अधिकृतस्तर सातौं तह, लेखा अधिकृत पदमा समायोजन गरेको देखिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ को दफा १३ को उपदफा (७) मा सम्बन्धित निकायको प्रशासकीय प्रमुख वा अधिकारीले यस ऐनबमोजिम प्रदेश वा स्थानीय तहमा समायोजन हुने कर्मचारीहरूलाई हाजिर गराई जिम्मेवारी दिनुपर्ने छ" भन्ने व्यवस्था रहेको तथा सोही दफाको उपदफा (८) मा हाजिर नगराउने र जिम्मेवारी नदिने अधिकारीलाई प्रचलित कानूनबमोजिम कारबाही गरिने छ" भन्नेसमेत कानूनी व्यवस्था रहेको देखिन्छ। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको कर्मचारीलाई कार्यालयमा हाजिर गराउनुपर्ने दायित्व सम्बन्धित स्थानीय तहको भएकोले जिम्मेवार पदाधिकारीले हाजिर गराउन सक्दिन भनी आफ्नो कानूनी दायित्वबाट पन्छिन मिल्ने देखिँदैन। यद्यपि रिट निवेदकका तर्फबाट उपस्थित कानून व्यवसायीले बहसका क्रममा पेस गर्नुभएको महालक्ष्मी नगरपालिकाको मिति २०७६।०९।१७ को पत्रमा रिट निवेदकलाई महालक्ष्मी नगरपालिकाको आर्थिक प्रशासन शाखाको शाखा प्रमुख भई कामकाज गर्न जिम्मेवारी तोकिएको बेहोरा उल्लेख भएको देखिँदा निवेदकलाई हाजिर गराउने सम्बन्धमा उपयुक्त आदेशको जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिए पनि निवेदकको साबिकको समायोजन संशोधन भई समायोजन कार्यान्वयनमा अलमल भएको देखिँदा अब रिट निवेदक सुमित्रा महर्जनलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ८५४ मिति २०७६।०३।३० तथा महालेखा नियन्त्रक कार्यालयको मिति २०७६।०४।१ को समायोजनसम्बन्धी निर्णय निवेदकका हकमा सम्म कार्यान्वयन गर्नु, गराउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने ।
इजलास अधिकृत - ताराप्रसाद जोशी
कम्प्युटर : सुप्रभा अर्याल
इति संवत् २०७९ साल माघ ५ गते रोज ५ शुभम् ।

४५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-०८०१, जबरजस्ती करणीसम्बन्धी कसुर, कुमार बि.क. भन्ने कुमार कामी वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा वारदातपश्चात् तत्काल उपस्थित भएका घटना विवरण कागज गर्ने राजु सार्की, मथुरा सार्कीसमेतका अतिरिक्त पीडितका नाबालक देवर वारदातका प्रत्यक्षदर्शी साक्षीको रूपमा रहेको देखिन्छ । निजले "प्रतिवादीले वारदातको राती म, पीडित मेरो भाउजु र निजका दुई छोरीहरू सुतिरहेको

अवस्थामा प्रतिवादीले घरभित्र प्रवेश गरी पीडितलाई जबरजस्ती करणी गर्न खोज्दा म भाउजूसमेत मिली प्रतिवादी कुमार बि.क. भन्ने कुमार कामीलाई समाती छरछिमेकलाई गुहार मागी प्रहरीमा खबर गरेको" भनी बकपत्र गरेको देखिँदा निजले गरेको बकपत्रलाई प्रस्तुत मुद्दामा महत्त्वपूर्ण प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

वारदातभन्दा अगाडि देखिनै पीडितसँग बोल्ने, जिस्किने गरेका यी प्रतिवादीले पीडितको पति रोजगारीको लागि भारत गई घरमा नभएको र नाबालक देवर एवम् छोरीहरू मात्र रहेको मौका छोपी, रक्सी सेवन गरी रातको समयमा पीडितलाई करणी गर्ने योजनाका साथ पीडितको घरभित्र प्रवेश गरी जबरजस्ती करणी गर्ने प्रयास गरेकोमा पीडितले प्रतिकार गरी कराउँदा एउटै कोठामा रहेका पीडितका देवरसमेत उठी प्रतिवादीलाई समाई छर-छिमेक तथा प्रहरीलाई बोलाएबाट प्रतिवादीले करणी गर्न नपाई जबरजस्ती करणीको पूर्ण कसुर हुन नसकेको मिसिल संलग्न वादी प्रतिवादीका साक्षीहरूको बकपत्र एवम् पीडितको शारीरिक परीक्षण प्रतिवेदनसमेतका तथ्य प्रमाणबाट पुष्टि भएको देखिँदा पीडितको घरसम्म पुगेको हो पीडितलाई जबरजस्ती करणी गर्ने प्रयास गरेको होइन भन्ने प्रतिवादीको इन्कारी बयान पुष्टि भएको देखिएन ।

प्रतिवादी कुमार बि.क भन्ने कुमार कामीलाई अभियोग मागदाबीबाट सफाइ दिने गरी भएको सुरू कैलाली जिल्ला अदालतको मिति २०७६।०८।११ को फैसला उल्टी गरी जबरजस्ती करणी उद्योग गरेको ठहर गरी प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा (३) को देहाय (ङ) बमोजिम हुने सजायको ऐ. संहिताको दफा ३४ को उपदफा (३) बमोजिम आधा ३(तीन) वर्ष ६(छ) महिना कैद र पीडितलाई प्रतिवादीबाट क्षतिपूर्तिबापत रु.१,००,०००।- (एक लाख रूपियाँ) भराइदिने ठहऱ्याएको उच्च अदालत दिपायलको मिति २०७७।११।१० को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत:- हेमराज शर्मा/सदिक्षा नेपाल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

### ४६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७८-CR-१०४०, जबरजस्ती करणी कर्तव्य ज्यान, नेपाल सरकार वि. प्रेम भन्ने पितबहादुर यरी*

मिसिल संलग्न suicide note हेर्दा "प्रेमको कारण मृत्यु भएको" भन्ने उल्लेख भएको देखिए तापनि उक्त पत्रमा यी प्रतिवादी प्रेम भन्ने पितबहादुर यरीको नाम किटान गरी उल्लेख गरेको नदेखिएको र पत्रमा उल्लेख भएको "प्रेम" भन्ने व्यक्ति यिनै प्रतिवादी हुन् भन्ने यकिन साथ खुल्न आएको नदेखिने ।

प्रतिवादीउपर यसपूर्व पनि मृतकले उजुरी गरेको र सो सम्बन्धमा प्रतिवादी र मृतक दुवै पक्षलाई राखी छलफल गराउँदा मृतकको उमेर नपुगेकोले दुवै पक्षलाई अभिभावकको जिम्मा लगाइएको हो भन्ने महानगरीय प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा गरिएको कागज बेहोराबाट देखिँदा निजहरूबिच सामान्य मनमुटावसम्म भएको भन्ने देखिन आउँछ । प्रतिवादीले मृतकलाई आत्महत्याको बाटो रोज्नुपर्नेसम्मको कुनै शारीरिक तथा मानसिक यातना दिएको भन्ने उल्लिखित मिलापत्रको बेहोराको कागजसमेतबाट नदेखिने ।

प्रतिवादी र पार्वती वलीबिच शरीरिक सम्बन्ध रहेको वा निजजरुविच शारीरिक सम्बन्ध रही गर्भपतन गराएको भन्ने मृतकको शव परीक्षण प्रतिवेदनलगायतबाट समेत खुल्न आएको देखिँदैन । कहिले, कहाँ, के कसरी गर्भपतन गराएको भन्ने तर्फसमेत खोज अनुसन्धान भएको मिसिलबाट देखिन आएन । उक्त तथ्य यी प्रतिवादीका विरुद्ध मृतकले महानगरीय प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रमा दिएको निवेदन तथा मिति २०७३।०५।१४ मा गरिएको कागजमा समेत केही

उल्लेख भएको नदेखिँदा प्रतिवादीले पार्वती वलीलाई जबरजस्ती करणी गरी गर्भपतन गराएको भन्ने तथ्य स्थापित हुन नसकेको ।

प्रतिवादी प्रेम भन्ने पितबहादुर यरीलाई साबिक मुलुकी ऐन जबरजस्ती करणीको महलको ३(४) नं. बमोजिमको कसुरमा ५(पाँच) वर्ष कैद र प्रतिवादीले पीडितको परिवारलाई रू.५०,०००।– (पचास हजार रूपियाँ) क्षतिपूर्ति भराउने ठहऱ्याएको सुरू बाँके जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहऱ्याएको उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७७।०८।०९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत:- हेमराज शर्मा/सदिक्षा नेपाल

इति संवत् २०७९ साल माघ ३ गते रोज ३ शुभम् ।

**४७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CR-२४२३, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. श्वेता सिंह सुनार*

प्रतिवादी स्वेता सिंह सुनारले मौकामा बयान गर्दा आफूले जाहेरवाला रवि दुलाललाई वैदेशिक रोजगारको लागि उज्वेकिस्तान पठाउनको लागि भनी निजसँग रु.३,२०,०००।- (तीन लाख बिस हजार रूपियाँ) लिएको हो। विदेश भने पठाएको छैन। मिति २०७४।२।६ को लिखत कागजमा भएको सहीछाप मेरो हो भनी लेखाएको भए तापनि वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बयान गर्दा मैले जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने भनी कुनै रकम नलिएको तर बच्चा बिरामी भएकाले उपचार गर्नको लागि जाहेरवाला रवि दुलालसँग रु.३,०००००।- (तीन लाख रूपियाँ) सापटी लिएकोमा सो रकममध्ये निज रवि दुलाललाई आई.एम.ई. मार्फत रु.१,७८,०००।- (एक लाख अठहत्तर हजार रूपियाँ) फिर्ता दिईसकेकी छु भनी आरोपित कसुरमा इन्कार रहेको देखिन्छ। प्रतिवादीको उक्त बयानबाट जाहेरवाला रवि दुलाल र यी प्रतिवादी स्वेता सिंह सुनारबीच लेनदेन प्रकृतिको कारोबार भएको भने देखिने ।

विदेश पठाउने भनी रकम लिई कागज गरेको अवस्थामा लिखतको प्रमाण प्रमाणग्राह्य हुन्छ। तर प्रतिवादीले न्यायाधिकरणसमक्ष उपस्थित भई लिखतको बेहोरालाई इन्कार गरेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा २५अनुसार उक्त लिखतको अस्तित्व स्थापित गराउने प्रमाणको भार वादीमा रहन्छ । यी प्रतिवादीले न्यायाधिकरणमा आरोपित कसुरमा इन्कारी रही गरेको बयानलाई पुनरावेदक वादी नेपाल सरकारले वस्तुनिष्ठ तवरले खण्डन गर्न सकेको नदेखिने ।

जाहेरी दरखास्त अनुसन्धानको आधार त हो तर जाहेरी दरखास्त मात्र फौजदारी कसुरमा आरोपित कसुर पुष्टि गर्ने अकाट्य प्रमाण भने होइन। आरोपित कसुर पुष्टि हुनका लागि जाहेरीलाई अन्य ठोस, वस्तुनिष्ठ र स्वतन्त्र प्रमाणले पुष्टि गर्न सक्नुपर्छ। प्रमाण ऐन, २०३१ को दफा १८अनुसार अनुसन्धानको क्रममा सङ्कलित प्रमाणहरू विवादरहित स्वतन्त्र तथ्ययुक्त प्रमाणबाट पुष्टि नभएको अवस्थामा कसुरदार ठहर गर्नु फौजदारी न्यायको सर्वमान्य सिद्धान्त विपरीत हुन जाने हुन्छ । जाहेरवालाले अदालतमा उपस्थित भई आफ्नो जाहेरीलाई पुष्टि हुने गरी बकपत्र नगरेको जाहेरी दरखास्तलाई प्रमाणमा लिइरहनुपर्ने अन्य कुनै कारणसमेत नदेखिएको अवस्थामा केवल मिति २०७४।२।६ को लिखतमा वैदेशिक रोजगारमा पठाउने प्रयोजनको लागि रकम लिएको भन्ने वाक्यांश उल्लेख भएकै आधारमा मात्र वैदेशिक रोजगारको कसुर कायम गरी सजाय गर्नु न्यायोचित र तर्कसङ्गत नहुने हुँदा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको फैसला मनासिब देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादी श्वेता सिंह सुनारले अभियोग दाबीबाट सफाइ पाउने ठहराइ वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७५।१०।८ मा

भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्दिरा कार्की, शिव वाग्ले

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ ४ गते रोज ४ शुभम् ।

४८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०५११, जालसाजी, देवी प्रसाद अहिरसमेत वि. गोपी अहिर*

कि.नं.२७५ को जग्गाको हकमा विचार गर्दा, प्रतिवादी देवी प्रसाद अहिरले कि.नं.२७५ को जग्गा प्रकाश भट्टराईबाट मिति २०६४।११।२१ मा र.नं.१८९८/ख को राजीनामा लिखत मार्फत् मोल रू.४३,०००।– मा खरिद गरी प्राप्त गरेको देखिन्छ । यद्यपि उक्त जग्गा प्रतिवादीले आफूले नेपाल विद्युत प्राधिकरणमा गरेको रोजगारीबाट भएको स्वआर्जनको भएको भनी जिकिर गरे तापनि निज प्रतिवादीले उक्त जग्गा स्वआर्जनबाट खरिद गरेको पुष्टि हुने वस्तुनिष्ठ प्रमाण पेस गर्न सकेको नदेखिने।

प्रतिवादी देवी प्रसाद अहिरले प्रतिवादी महादेव प्रसाद यादवलाई बिक्री गरेको जग्गाहरू प्रतिवादी एक्लैको हकको नभई पैतृक सम्पत्तिका रूपमा रहेको श्रीसम्पत्तिबाट बढे बढाएको र सगोलमा रहँदाकै अवस्थामा आर्जन गरेको भई अन्य अंशियारहरूसमेतको हकको भएको पुष्टि हुने।

प्रतिवादीहरूले अन्य अंशियारहरूको हक मेट्ने बदनियतले झुट्टा बेहोरा लेखी वा अङ्क, बेहोरा फरक पारी जग्गा बिक्री वितरण गरेको भनी पुष्टि भएको अवस्थामा प्रतिवादीहरूले गरेको लिखत निज वादीहरूको हकमा सम्म जालसाजीपूर्ण भएको ठहरी लिखत निष्क्रिय हुने तथा प्रतिवादीहरूले गरेको उक्त कार्यका लागि प्रतिवादी देवी प्रसाद अहिरलाई उल्लिखित किर्ते कागजको महलको १० नं.बमोजिम बिगोको सयकडा २५% ले हुने रू.४१५६।२५ जरिवाना हुने ठहर्छ। जग्गा खरिद गर्ने आशाराम यादव र लिखतका साक्षी बलबहादुर वलीलाई जालसाजी गरी जग्गा बिक्री गरेको बारेमा थाहा जानकारी भएको पुष्टि नभएकाले निजहरूलाई जालसाजीमा सजाय नहुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको फैसला मिलेकै देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने।

प्रतिवादी देवी प्रसाद अहिर दिने र आशाराम यादव लिने भई मिति २०६७।११।२५ र.नं.४०४८(ख) बाट बिक्री गरेको कि.नं.३३ र कि.नं.२७५ को जग्गा प्रतिवादीको निजी आर्जनको नभई वादीको समेत हक रहेको जग्गा रहेको देखिँदा वादीको हक मेट्ने गरी भएको उक्त लिखत वादीको हकमा जालसाजीपूर्ण भई निस्क्रिय हुने र लिखतको दुई भागमध्ये एक भागसम्म जालसाज ठहरेको हुँदा बिगो रू.३३,२५०।– को आधा रू.१६,६२५।– को सयकडा २५% ले हुने रू.४,१५६।२५ प्रतिवादी देवी प्रसाद अहिरलाई जरिवाना हुने ठहऱ्याई बाँके जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०७३।०३।२० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः कृष्णशोभा सुवाल

इति संवत् २०८० साल भदौ १० गते रोज १ शुभम् ।

- यसै लगाउको ०७४-CR-०५१२, जालसाजी, देवीप्रसाद अहिरसमेत वि. गोपी अहिर भएको मुद्दामा पनि यसैनुसार फैसला भएको छ।

४९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री महेश शर्मा पौडेल,** *०७२-CI-०९७५, ०७५-CI-०००८, बाटो निकास खुलाई कुलोपानी निकास कायम गरिपाऊँ, भगवान अधिकारी वि. चन्द्रमणि अधिकारी, चन्द्रमणि अधिकारी वि. भगवान अधिकारी*

वादीले मिति २०५७।०९।१२ मा रजिस्ट्रेसन पारित भएको बन्डापत्रबमोजिम ६ हात चौडाको बाटो र ३ हात चौडाको कुलोसमेत दिलाइपाउँ भनी दाबी लिएको पाइन्छ । यस परिप्रेक्ष्यमा, उक्त बन्डापत्र

अध्ययन गरी हेर्दा कि.नं. १२५० को जग्गामा पायकपर्ने स्थानबाट कि.नं. ७०४६ देखि कि.नं. ७०४७ सम्म साथै कि.नं. ७०४८ सम्म पानी लगाउने कुलो दिने र एकले अर्कोलाई नरोक्ने भन्ने सर्त रहेको देखिन्छ । जुन सर्तलाई प्रतिवादीहरूले अन्यथा भनी जिकिर लिन सकेको अवस्था देखिँदैन । तथापि वादीको दाबीअनुरूप कुलोको चौडाइ भने उल्लेख गरेको पाइँदैन । सिद्धान्तत: बन्डापत्रका पक्षकारहरू बन्धनकारी हुनेमा विवाद छैन । बन्डापत्रका पक्षकारहरूले सो बन्डापत्रमा अङ्कित कुलोसम्बन्धी सर्त वा सुविधालाई हाल आएर इन्कार गर्न विबन्धनको सिद्धान्त (Doctrine of estoppel) ले छेकबार लाग्ने नै देखियो । प्रतिवादीहरूसमेतले सहमति जनाई सहीछाप गरेको बन्डापत्रमा उल्लिखित सर्तलाई हाल आएर अन्यथा भन्नु कानून र न्यायको कोणबाट उपयुक्त देखिँदैन । वस्तुत: बन्डापत्रमा कुलोको चौडाइ उल्लेख नै नभएको हुँदा वादीले दाबीअनुरूप छ हात चौडाको बाटो र ३ हात चौडाको कुलोसमेत पाउने नदेखिए तापनि बन्डापत्रमा उल्लिखित सर्त, सुविधा र त्यसको मर्म तथा आशयबमोजिम प्रतिवादीको जग्गाबाट वादीले आफ्नो कि.नं. ७०४८ को जग्गासम्म सामान्य हिँडेर जान बाटो तथा कुलो जे प्रयोग गर्ने हो त्यसका लागि जग्गा पाउन सक्ने नै देखियो । अब वादीले के कति चौडाको बाटो/कुलो पाउने हो भन्ने सम्बन्धमा विचार गर्दा, प्रमाण ऐन, २०३१ को दफा ७(ग) मा कुनै घटना, मानिसहरूका आचरण वा काम कारोबारको सामान्य क्रम विचार गर्दा तर्क सङ्गत रूपमा अनुमान गर्न सकिने अन्य कुनै कुरा अदालतले अनुमान गर्न सक्ने छ भन्ने कानूनी प्रावधानसमेतको आलोकमा आवतजावत गर्न बाटो वा कुलोको लागि आवश्यक पर्ने न्यूनतम जग्गालाई सामान्य ज्ञान, व्यावहारिक दृष्टिकोण र सामान्य विवेक (general prudence) का आधारमा हेर्दा न्यूनतम ११/२ (डेढ) फिट चौडाइ आवश्यक देखिँदा वादीले दाबीको कि.नं. ७०४७ को जग्गाबाट कि.नं. ७०४८ को जग्गासम्म ११/२ (डेढ) फिट चौडाइको बाटो वा कुलो प्रयोजनका लागि पाउने नै देखिने ।

मिति २०५७।०९।१२ को बण्डापत्रको लिखतमा वादीको जग्गाका लागि कि.नं. ७०४७ बाट कुलो दिने भन्ने उल्लेख भएको देखिँदा वादीले ११/२ (डेढ) फिटको कुलो वा बाटो प्रयोग गर्न पाउने गरी फैसला गर्नुपर्नेमा सो नगरेको सुरू कास्की जिल्ला अदालतको मिति २०७१।०५।०९ को फैसला केही उल्टी गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।०५।१३ को फैसला आंशिक रूपमा मिलेको नदेखिँदा केही उल्टी भई वादीले कि.नं. ७०४७ को जग्गाबाट ११/२ (डेढ) फिट चौडा बाटो वा कुलोको रूपमा प्रयोग गर्न पाउने ।

इजलास अधिकृत:- गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल माघ ४ गते रोज ५ शुभम् ।

## इजलास नं.९

### ५०

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ,** *०७४-CR-०५७४, ०७४-CR-१६१४, ०७५-CR-०३९५, राहदानी दुरूपयोग, देवीप्रसाद काफ्ले वि. नेपाल सरकार, कुमार पुरी वि. नेपाल सरकार, पूर्णबहादुर मगर वि. नेपाल सरकार*

प्रतिवादीहरूले भर्पाई गरी जिम्मा लिएको सेवाग्राहीहरूको राहदानीमध्ये ९ वटा राहदानी बंगलादेशमा फेला परेको भन्ने बेहोरा के.एल इम्प्लोयमेन्टका सञ्चालक कमलप्रसाद सापकोटाको बयानबाट देखिएको छ । साथै प्रतिवादी पूर्णबहादुर मगरले गरेको मौकाको बयानमा देवीप्रसाद काफ्ले र आफू भई आफ्नो इमेल ठेगानाबाट बंगलादेशी नागरिक मोहम्मद देलावर हुसेनको नाममा राहदानीसँग सम्बन्धित कागजात पठाइदिएको र पछि उक्त राहदानी हराएको सम्बन्धमा वैदेशिक रोजगार व्यवसायीबिच

छलफल हुँदा कमलप्रसाद सापकोटाले हराएका राहदानीबापत रू.११,५०,०००।- क्षतिपूर्ति पाउने र त्यसमध्ये रू.२,५०,०००।- आफूले दिने सहमति भएको भनी लेखाएको पनि देखिएको छ । यसका अतिरिक्त प्रतिवादीमध्येका कुमार पुरीले अदालतमा गरेको बयानमा राहदानीहरू र मोबाइल चोरी भएकोले अनुसन्धान एवं कारबाही गरिपाउँ भनी मिति २०७०।९।५ मा महानगरीय प्रहरी वृत्त गौशालामा निवेदन दिएको भन्ने बेहोरा लेखाएबाट मौकामा गरेको बयानसँग अदालतको बयान मेल खाएको नदेखिएको स्थिति छ । प्रमाणमा आएको २०७१ सालको स.फौ.नं. ००४७ को मुद्दाका प्रतिवादी बंगलादेशी मोहम्मद देलावर हुसेनले अधिकारप्राप्त अधिकारी र अदालतमा आई बयान गर्दासमेत प्रतिवादी पूर्णबहादुर मगरसँगको चिनजानका आधारमा ती २५ थान राहदानीहरू आफूकहाँ प्राप्त भएको भन्ने उल्लेख गरेको देखिन्छ । बंगलादेश पुगेको राहदानीहरू कानूनबमोजिमको अधिकारप्राप्त व्यक्ति राहदानी बाहकको जानकारी/अनुमतिबमोजिम पुगेका हुन् भनी प्रतिवादीहरूले भन्न सकेको देखिँदैन । यसरी कमलप्रसाद सापकोटाबाट बुझेको राहदानीहरू कुमार पुरी र देवीप्रसाद काफ्लेले पूर्णबहादुर मगरलाई दिई निजमार्फत् वंगलादेशी नागरिक मोहम्मद देलावर हुसेनसमक्ष पुगेको घटना सिलसिलाबद्ध रूपमा मालाकार रूपमा स्थापित भएको अवस्था हुँदा यी प्रतिवादीहरू कुमार पुरी, देवीप्रसाद काफ्ले र पूर्णबहादुर मगर राहदानी ऐन, २०२४ को दफा ५ विपरीतको कसुरमा संलग्न रहेनछन् भन्न नसकिने ।

प्रतिवादीहरू देवीप्रसाद काफ्ले, कुमार पुरी र पूर्णबहादुर मगरसमेत भई नेपाली नागरिकहरूको २५ थान राहदानी बंगलादेशी नागरिक मोहम्मद दिलावर हुसेनलाई बिक्री गरी राहदानी ऐन, २०२४ को दफा ५बमोजिमको कसुर गरेको स्थापित हुन आएको देखिँदा सुरू काठमाडौं जिल्ला अदालतबाट निज प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिमको कसुर गरेको ठहराई जनही ६ (छ) महिना कैदको सजाय हुने ठहऱ्याई मिति २०७१।६।६ मा भएको फैसलालाई उच्च अदालत पाटनबाट सदर गर्ने गरी मिति २०७३।८।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिव बहादुर थापा

इति संवत् २०७९ साल मंसिर २८ गते रोज ४ शुभम् ।

## इजलास नं.१५

### ५१

**मा.न्या.डा.श्री नहकुल सुवेदी र मा.न्या.श्री नित्यानन्द पाण्डेय,** *०७६-WO-०४१६, परमादेश, पूनम थापा वि. तनहुँ जिल्ला भिमाद नगरपालिकाको कार्यालयसमेत*

प्रस्तुत निवेदन माग दाबी रहेकोमा स्व. चित्र बहादुर थापाका दाजुभाइ यम बहादुर थापा, नेत्र बहादुर थापा र रिट निवेदक पुनम थापाका छोरी ममिला थापा, छोरा आयुष थापाले समेत उक्त सम्पत्ति नामसारी प्रक्रियामा सरिक गराइपाउँन भनी निवेदन दिएकाले सबैलाई राखी छलफल गराई नामसारी सिफारिस गर्न उपयुक्त भएको हुँदा छलफल गराउन खोज्दा रिट निवेदकले प्रस्तुत निवेदन दायर गरेको हो । नगरपालिकाले रिट निवेदक तथा निजका छोराछोरीसमेतलाई राखी छलफल गराई उपयुक्त निर्णय गरिने नै हुँदा रिट निवेदन खारेज गरिपाउँ भन्ने विपक्षीहरूको लिखित जवाफ बेहोरा देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ को (२) को (ङ) को (२३) मा हकवाला र हकदार प्रमाणित गर्ने, ऐ.को (२४) मा नामसारी गर्न सिफारिस गर्ने, ऐ.को (२५) मा जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने, ऐ.को (२१) मा मृतकसँग नाता प्रमाणित तथा सर्जमिन सिफारिस गर्नेसमेत काम कर्तव्य र अधिकार स्थानीय वडा समितिको हुने भनी तोकिएको देखिन्छ। निवेदक पुनम थापाले आफ्नो स्व.पिता चित्र बहादुर थापाको

नामको सम्पत्ति नामसारी सिफारिस माग गरेकोमा सोही विषयमा निज चित्र बहादुर थापाका दाजुभाइ यम बहादुर थापा र नेत्र बहादुर थापाका साथै पुनम थापाकै छोरी ममिला थापा र छोरा आयुष थापासमेतको निवेदन परी छलफलको क्रममा रहेको भन्ने लिखित जवाफ र संलग्न उजुरी निवेदनका प्रतिलिपिसमेतबाट देखियो। जग्गा नामसारी सिफारिस सम्बन्धमा सिफारिस दिन इन्कार नै गरेको भन्ने देखिएन। नामसारी सिफारिस सम्बन्धमा छलफल जाँचबुझ गर्न नमिल्ने भन्न पनि मिलेन। विपक्षी नगरपालिकाबाट सो विषयमा कानूनबमोजिम निर्णय हुन सक्ने अवस्था रहे भएकै देखिएको र तत्सम्बन्धमा कानूनबमोजिम उपचार प्राप्त हुने अवस्थासमेत रहेकै देखिँदा विचाराधीन विवादित जग्गा नामसारी सिफारिस विषयमा निवेदन मागबमोजिम जग्गा नामसारी सिफारिसका लागि परमादेशको आदेश जारी हुन नसक्ने ।

निवेदन मागबमोजिम जग्गा नामसारी सिफारिस गर्न भनी परमादेश आदेश जारी हुने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: गंगा देबी सुनार/जमुना धिताल
कम्प्युटर: शंकर सापकोटा
इति संवत् २०८१ साल मंसिर २५ गते रोज ३ शुभम्।

## इजलास नं.१७

### ५२

**मा.न्या.श्री विनोद शर्मा र मा.न्या.श्री बालकृष्ण ढकाल,** *०८०-WO-०८४२, परमादेशसमेत, तौसीफ अन्सारीसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत*

निवेदकले पेस गरेको निवेदनको सम्बन्धमा थप बुझ्नुपर्ने भएमा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ३ उपनियम (४) बमोजिम प्रहरी प्रतिवेदन माग गर्न सक्ने व्यवस्थासमेत रहेको देखिन्छ। यस्तो अवस्थामा निवेदकका बाबु र आमा नेपाली नागरिक रहेको सुनिश्चितताको लागि नेपाल नागरिकता ऐन, २०६३ र ऐ. नियमावलीमा बाबु र आमाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित निवेदन दिनुपर्ने व्यवस्था रहेको भन्ने आधारमा संविधानबमोजिम नेपाली नागरिकता प्राप्त गर्न योग्य व्यक्तिलाई नागरिकता प्राप्त गर्ने संवैधानिक अधिकार तथा नागरिकता प्राप्त नगरेको कारण अन्य संवैधानिक तथा कानूनी अधिकारको उपभोगबाट बञ्चित गर्न मिल्ने देखिँदैन। पछि विश्वसनीय तथ्य प्रमाणहरूबाट अन्यथा ठहरेमा कानूनबमोजिम हुने नै हुँदा यी रिट निवेदकहरूलाई आमाको नागरिकताको प्रमाणपत्र नभएको भन्ने आधारबाट वंशजको आधारमा नेपाली नागरिकता प्रदान गर्न इन्कार गर्न नमिल्ने ।

त्यस्तै नागरिकता ऐन, २०६३ तथा ऐ. नियमावलीले संविधानबमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिहरूलाई नागरिकता प्रदान गर्ने निकाय जिल्ला प्रशासन कार्यालय र नागरिकता प्रदान गर्ने अधिकारी सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई तोकेको छ। निवेदकहरू तौसीफ अन्सारी, शीबु अन्सारी र रोशन अन्सारीलाई नेपालगंज उपमहानरपालिका १० नं. वडा कार्यालयले नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि आवश्यक प्रक्रिया अघि बढाइदिन भनी निवेदकहरूका बाबुको जन्मको आधारमा प्राप्त नेपाली नागरिकताको प्रमाणपत्र, आमाको मिति २०७६।११।५ मा मृत्यु भएको मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित, स्थायी बसोबास तथा पारिवारिक विवरण प्रमाणित कागज तथा निवेदकहरूको जन्म दर्ताको प्रमाणपत्रसमेत सामेल राखी अनुसूची-१ बमोजिमको फारामसमेत भराई सिफारिस गरेको देखिन्छ । निवेदकहरूकी आमाको नागरिकता नै नबनी निजको मृत्यु भएको भन्ने निजहरूको भनाइ रहेको छ । निवेदकहरू उल्लिखित कागजात सहित नागरिकता लिनको लागि सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा गएको तथ्यलाई स्वीकार गरी नेपाल नागरिकता ऐन, २०६३

को दफा ८(१क) को प्रावधानबमोजिम निवेदकहरूले आमाको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि पेस नगरी बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि मात्र पेस गरी निवेदन दिएकोले निजहरूलाई वंशजको आधरमा नागरिकता प्रदान गर्न नसकिएको भन्ने प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय बाँकेको लिखित जवाफ रहेको छ । यसबाट प्रत्यर्थी जिल्ला प्रशासन कार्यालयले संविधान तथा कानूनबमोजिम वंशजको आधारमा नेपाली नागरिकता प्राप्त गर्न योग्यता पुगेका व्यक्तिलाई नेपाल नागरिकता ऐन, २०६३ तथा ऐ. नियमावलीमा रहेको नागरिकता प्रदान गर्दा अवलम्बन गर्नुपर्ने कार्यविधि तथा पेस गर्नुपर्ने कागजातसम्बन्धी सर्तलाई अघि सारी नागरिकता प्रदान गर्न इन्कार गरी आफ्नो कानूनबमोजिमको दायित्व पुरा नगरेकोले नै प्रस्तुत रिट निवेदन दायर भएको भन्ने देखिने ।

अख्तियार प्राप्त अधिकारीले आफ्नो कानूनी कर्तव्य पूरा गर्नबाट पन्छिन हुँदैन भन्ने मान्यता रहेको छ । सोहीअनुरूप कुनै सरकारी वा सार्वजनिक पदाधिकारीले कानूनबमोजिम निर्वाह गर्नुपर्ने कर्तव्य वा दायित्व पूरा नगरेको कारणबाट कुनै व्यक्तिको हक अधिकारमा आघात पुग्न गएको अवस्थामा त्यस्तो कर्तव्य पूरा गर्न लगाउनका लागि परमादेशको आदेश जारी गर्ने गरिन्छ । कुनै अधिकारीलाई कानूनले कुनै अधिकार र कर्तव्य प्रदान गर्नुको मतलब त्यस्तो कर्तव्य सम्पादन गरे पनि हुने र नगरे पनि हुने भन्ने होइन। त्यस्तो कर्तव्य निजी प्रयोग र स्वेच्छाको विषय नभई कर्तव्य परिपालना गराई पाउने नागरिकको अधिकारको विषय भएकोले प्रस्तुत विवादमा निवेदकहरू नागरिकता पाउँ भनी विपक्षी प्रमुख जिल्ला अधिकारीकहाँ निवेदन लिई गएको र प्रमुख जिल्ला अधिकारीले आफूलाई कानूनले सुम्पेको जिम्मेदारी पूरा नगरेको भन्ने देखियो । यसरी कानूनबमोजिम पालना गर्नुपर्ने कर्तव्य पालन नगरेबाट निवेदकहरूले नेपालको संविधानको धारा ११बमोजिम नागरिकता पाउन नसकेको पाइयो । परिणामत: निजहरू राज्यविहीन हुन गई धारा १६, धारा १८ समेतका हकबाट बञ्चित हुन जाने अवस्था परेकोबाट निवेदकहरूको हकमा आदेश गर्नुपर्ने अवस्था परेकै देखिने ।

प्रत्यर्थी जिल्ला प्रशासन कार्यालय बाँकेले निवेदकहरू तौसीफ अन्सारी, शीबु अन्सारी र रोशन अन्सारीले आफूहरू वंशजको नाताले बाबुको नामबाट नेपालको नागरिकता प्राप्त गर्न योग्य भएको भन्ने कुरा प्रमाणित गर्ने कागजातहरू रीतपूर्वक पेस गरेको अवस्थामा निजहरूको नाममा नागरिकताको प्रमाणपत्र जारी गर्नुपर्ने कानूनी दायित्व पुरा गरेको नदेखिँदा आवश्यक विवरण तथा कागजातहरू पेस गरेमा संवैधानिक तथा कानूनी व्यवस्थाअनुरूप निवेदकहरूको नाममा जन्मको आधारमा नेपाली नागरिकता प्राप्त बाबुका सन्तान रहेको आधारबाट वंशजको नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्नु र गर्न लगाउनु भनी प्रत्यर्थीहरू नेपाल सरकार, गृह मन्त्रालय एवं जिल्ला प्रशासन कार्यालय, बाँकेको नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृत : उमेश प्रसाद पाण्डेय

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०८१ साल मार्ग २६ गते रोज ४ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैनुसार फैसला भएको छ।

- ०८०-WO-०८४१, परमादेशसमेत, स्नेहा के.सी. वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत
- ०८०-WO-०८४०, परमादेशसमेत, सिद्धार्थ रौनियार वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत
- ०८०-WO-०८३८, परमादेशसमेत, राकेश मण्डलसमेत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत
- ०८०-WO-०८४३, परमादेशसमेत, सुरज राउत वि. नेपाल सरकार गृह मन्त्रालय, सिंहदरबार काठमाडौंसमेत